सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३१ जेठ २०८३, आइतबार (14 June 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ६२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



आफन्तबाटै असुरक्षित

पछिल्ला ६ आर्थिक वर्षमा ३,५०२ व्यक्तिको हत्या हुँदा १,३४४ परिवारभित्रकै सदस्यबाट

■ आवेगको आगोमा बालबालिका पनि

प्रहरी तथ्यांक : आर्थिक वर्ष ०७७/७८ देखि ०८२/८३ वैशाखसम्म २११ बालक र १४२ बालिका आफन्तबाटै मारिएका छन् ।

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागका प्रमुख डा. पासाङ शेर्पा भन्छन्-

प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक पक्षले अपराधको बिउ रोप्छ




हत्यासम्बन्धी प्रत्येक घटनालाई एउटै दृष्टिकोणबाट विश्लेषण गर्न मिल्दैन । हत्याका कारण सम्बन्धको प्रकृतिअनुसार फरक-फरक हुन सक्छन् । श्रीमान्-श्रीमतीबिच भएको हत्या, बाबुआमा र छोराछोरीबिच भएको हत्या तथा अन्य नाता-सम्बन्धमा भएका हत्याका कारण फरक-फरक हुन सक्छन् । श्रीमान्-श्रीमतीबिच तनावको कारण अवैध सम्बन्ध हुन सक्छ भने बाबुआमा र छोराछोरीबिच सम्पत्तिसम्बन्धी विवाद कारण बन्न सक्छ । परिवारभित्रका अन्य नाता-सम्बन्धमा भएका हत्याका कारण पनि भिन्न हुन सक्छन् । तर, अधिकांश घटना प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक पक्षसँग जोडिन्छ । जसमा बेरोजगारी, गरिबी र वैदेशिक रोजगारसँग समेत हुन सक्छ ।

टेकराज थामी/नयाँ पत्रिका

मुलुकभर हरेक वर्ष औसतमा करिब ६ सयजनाको हत्या हुने गरेकामा तीमध्ये ३८.३८ प्रतिशत घटना परिवारभित्रकै सदस्य वा नाता-सम्बन्धमा आबद्ध व्यक्तिबाट हुने गरेको पाइएको छ । नेपाल प्रहरीको तथ्यांकअनुसार पारिवारिक विवाद, घरेलु हिंसा, सम्पत्ति विवाद, सम्बन्धगत तनावलगायत विभिन्न कारणले नाता-सम्बन्धभित्रै हत्या हुने गरेका छन् ।

तथ्यांकले परिवारभित्र हुने हत्यामध्ये श्रीमान्बाट श्रीमतीको

» पृष्ठ २ मा क्रमशः



पछिल्ला ६ आर्थिक वर्षको हत्या तथ्यांक

■ ३,५०२ जनाको हत्या, ३८.३८% नाता-सम्बन्धबाटै

यस अवधिमा श्रीमान्ले मात्रै ५४७ श्रीमतीको हत्या गरेका छन् । त्यस्तै, श्रीमतीबाट पनि श्रीमान्को हत्या भएका छन् । श्रीमतीबाट १०४ श्रीमान्को हत्या गरेको देखिन्छ । छोराबाट १६२ बाबुआमा, बाबुआमाबाट ७२ छोराछोरीको हत्या भएको छ । काकाकाकीबाट २२ भतिजभतिजी र दाजुबाट ५२ भाइबहिनीको हत्या भएको छ । त्यसबाहेक ३८५ हत्या भने परिवारभित्रकै अन्य नाता-सम्बन्धबाट भएको देखिन्छ ।

■ ३,३६३ मुद्दा दर्ता, ३८.४२% नाता-सम्बन्धका

	श्रीमान्बाट	श्रीमतीबाट	बाबुआमाबाट	छोराबाट	काका-काकीबाट	दाजुबाट	अन्य	जम्मा
०८२/८३ वैशाख मसान्त	६८	७	७	१४	६	७	३३	१४२
०८१/८२	६९	१६	१४	१९	३	१०	७६	२०७
०८०/८१	९०	१२	११	२८	३	७	७३	२२४
०७९/८०	८८	१६	१२	२६	२	३	५३	२००
०७८/७९	९७	२९	११	३२	३	११	७०	२५३
०७७/७८	११४	२०	१४	३७	४	१२	६५	२६६
	५२६	१००	६९	१५६	२१	५०	३७०	१,२९२

■ नाता-सम्बन्धभित्रबाट भएका हत्याका पछिल्ला सात घटना

घटना १ सामाजिक सञ्जालमा 'नेपाली ब्रो'बाट परिचित ३८ वर्षीय कुमार थापाले तारकेश्वर नगरपालिका- ६, लोलाडको पैंयुटारमा गत शुक्रबार ४२ वर्षीया ईश्वरी भुजेलको हत्या गरेका छन् । मृतक भुजेल थापाकी श्रीमती हुन् । प्रेमविवाह गरेका दुईबिचको सम्बन्ध सुमधुर थिएन । यही क्रममा भुजेलले थापाविरुद्ध प्रहरीमा वैवाहिक बलात्कारको मुद्दा दर्ता गरेकी थिइन् । त्यसबाहेक दुईबिच सम्पत्तिसँग सम्बन्धित विवाद पनि चल्दै थियो ।



ईश्वरी भुजेल

यही क्रममा थापाले भुजेललाई बेलुका बाटो ढुके । उनलाई घरमा लिएर गए । भुजेललाई चक्कु र रड प्रहार गरे । चोटका कारण भुजेल घटनास्थलमै ढलिन् । उनलाई उपचारका लागि महाराजगन्जस्थित शिक्षण अस्पताल लगियो । तर, उनको उपचार हुन सकेन । भुजेल नेपाली सेनाको सुबेदार हुन् । उनी शुक्रबार कार्यालयबाट घर फर्केकी थिइन् । सोही क्रममा थापाले उनको बाटो ढुकेका थिए । घटनामा संलग्न रहेको अभियोगमा प्रहरीले थापासहित नुवाकोट तारकेश्वर गाउँपालिका- ४ का ३६ वर्षीय विक्रम थापामगर, काठमाडौं महानगरपालिका- १६, बालाजुका ४० वर्षीय पुजन थापा क्षेत्री र जुम्लाको हिमा गाउँपालिका- १ घर भएकी २५ वर्षीया प्रतीक्षा आचार्यलाई पनि पक्राउ गरेको छ । हत्यामा संलग्न थापा पनि नेपाली सेनाका पूर्वजवान हुन् । पछि उनले जागिर छाडेका थिए । त्यसपछि उनी रेस्लिङमा संलग्न भएका थिए ।

घटना २ सिन्धुली कमलामाई नगरपालिका- ४, धुराबजारकी ३२ वर्षीया सुशीला घिसिङ बम्जनको हत्या भयो । प्रहरीले घटनाको अनुसन्धान गऱ्यो । अनुसन्धानपछि खुल्यो- बम्जनको हत्या उनकै नन्द ३५ वर्षीया मीना बम्जनले गरेकी थिइन् । घटनामा उनकी सासू मायारानी बम्जन पनि संलग्न थिइन् । सुशीलाको गत ६ पुसको साँझ करिब ४ बजे धुराबजारस्थित दुईतले घरको किचनमा पेट्रोल खन्याएर आगो लगाई हत्या गरिएको थियो । घटनालगत्तै प्रहरीले उनकी नन्द मीनासहित सासू मायारानीलाई पक्राउ गरेको थियो । त्यस वेलासम्म उनीहरूले घटनामा संलग्नता नभएको दाबी गर्दै आएका थिए । अनुसन्धानपछि भने मीनाले घटना स्वीकार गरेकी थिइन् ।



सुशीला बम्जन

प्रहरीका अनुसार मीनाले घटना हुनु केही घण्टाअघि मात्रै नजिकैको बजारबाट प्लास्टिकको दुईवटा बोतलमा चार लिटर पेट्रोल किनेर ल्याएकी थिइन् । सात वर्षीय दुई छोरा र छोरीलाई ट्युसन सेन्टरबाट घर ल्याएकी सुशीला किचेनमा प्रवेश गरेकी थिइन् । सोही क्रममा मीनाले

» पृष्ठ २ मा क्रमशः

पहिलो महाधिवेशनको सम्मुख रास्वपा

६५ जिल्लामा रास्वपाको नयाँ नेतृत्व



केन्द्रीय निर्वाचन आयोगको तथ्यांकअनुसार कोशीमा १४ जिल्ला, मधेश १, बागमती १२, गण्डकी ९, लुम्बिनी ११, कर्णाली नौ र सुदूरपश्चिमका नौ जिल्लामा अधिवेशन सम्पन्न भई नेतृत्व चयन भएको छ ।

(विस्तृत पृष्ठ ३)

५०.६५% ले बढ्यो प्रसारणलाइन र सबस्टेसनको बजेट

७० अर्ब बजेट पाएको ऊर्जा क्षेत्रले पूर्वाधारलाई छुट्यायो ४६ अर्ब २४ करोड



४९ भन्दा बढी प्रसारणलाइन विस्तार परियोजनामा २१.६१ अर्ब बजेट

(विस्तृत पृष्ठ ६)

परराष्ट्रमन्त्री आज चीन जाँदै

नेपाललाई उच्च महत्त्व : चिनियाँ विदेश मन्त्रालय

पर्शुराम काफ्ले/नयाँ पत्रिका



समकक्षी वाङ यीको निमन्त्रणामा परराष्ट्रमन्त्री शिशिर खनाल आइतबार चीनको चारदिने औपचारिक भ्रमणमा जाँदै छन् । मन्त्री खनाल र चिनियाँ विदेशमन्त्री वाङबिच सोमबार द्विपक्षीय वार्ता गर्ने तय भएको छ । दक्षिणी छिमेकी भारत भ्रमण सकेर फर्केको केही दिनमा परराष्ट्रमन्त्री खनाल उत्तरी छिमेकी चीन भ्रमणमा जान लागेका हुन् ।

परराष्ट्रमन्त्री खनालले चिनियाँ कम्युनिस्ट पार्टीका नेता, चिनियाँ उच्च अधिकारी, व्यापारिक समुदाय र नेपाली समुदायसँग बेग्लाबेग्लै अन्तर्क्रिया गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । परराष्ट्रमन्त्री खनाल २१ फागुनको निर्वाचनपछिको राजनीतिक शक्तिसन्तुलको सन्देशसमेत बोकेर चीन जाँदै छन् । खनालको प्रतिनिधिमण्डलमा परराष्ट्र मन्त्रालयको उत्तर-पूर्वी महाशाखा प्रमुख भृगु ढुंगाना, बेइजिङस्थित नेपाली कार्यवाहक राजदूत रोशन खनाललगायत छन् ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले नेपालसँगको सम्बन्धलाई चीनले उच्च महत्त्व दिएको उल्लेख गर्दै नयाँ सरकारसँग राजनीतिक विश्वास अभिवृद्धि गर्न चाहेको बताएका छन् । बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा उनले बिआरआई प्राथमिकता पनि सुनाएका छन् ।

» पृष्ठ २ मा क्रमशः

यौनिक तथा लैंगिक अल्पसंख्यकको आवाज-

मप्रति मलाई गर्व छ



इन्द्रेणी झन्डा फहराएर शान्तिवाटिकादेखि खुलामञ्चसम्म भएको यौनिक तथा लैंगिक अल्पसंख्यकको 'प्राइड परेड' । एलजिबिटिक्युआई समुदायबाट उपस्थितहरूले 'मलाई गर्व छ' लेखिएका ब्यानर तथा प्लेकार्ड बोकेका थिए । विश्वभर नै जुन महिनामा यो समुदायका व्यक्तिले 'प्राइड परेड' भनेर गौरव यात्रा मनाउने गर्छन् ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

काभ्रेको बस दुर्घटना 'टाई रोड' खुस्किएर

काठमाडौं/ काभ्रेको नमोबुद्ध नगरपालिका- २ बुचाकोटमा भएको बस दुर्घटना 'टाई रोड' (स्टेरिङले टायरलाई नियन्त्रण गर्ने मेकानिकल सिस्टम) खुस्किएर भएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । नमोबुद्ध नगरपालिका- २, बुचाकोटस्थित सडकमा शुक्रबार बा.३ख ८३९८ नम्बरको बस दुर्घटना हुँदा आठको मृत्यु भएको थियो भने १६ जना घाइते भएका थिए ।

बनेपाबाट रोशी खार्पाचोकतर्फ जाँदै गरेको बस अचानक नियन्त्रण गुमाएर सडकबाट तीन सय मिटर तल खसेको थियो । जिप्रका काभ्रेका प्रवक्ता डिएसपी रविन विष्टले 'टाई रोड' खुस्किएपछि बसले नियन्त्रण गुमाएको र त्यसपछि दुर्घटनाग्रस्त भएको बताए । 'काभ्रेमा शुक्रबार भएको दुर्घटनाबारे चालकसँग सोधपुछ गर्दा टाई रोड खुस्किएपछि बसले नियन्त्रण गुमाएको र सोही कारण दुर्घटना भएको भनेको छ । यद्यपि, घटनाको छानबिन गर्न समिति गठन भएको छ, थप कारण त्यसपछि खुल्ला,' उनले भने ।

प्रहरीका अनुसार बसमा सवारमध्ये ७३

» पृष्ठ २ मा क्रमशः

■ बागमती भेलापछि ओलीको आशंका-

'पुनर्गठन'का नाममा पार्टी फुटाउने प्रयास भइरहेको छ

नयाँ पत्रिका



एमाले अध्यक्ष केपी ओलीले 'पुनर्गठन'का नाममा पार्टीभित्र विभाजन ल्याउने प्रयास भइरहेको आरोप लगाएका छन् । पार्टीद्वारा गठित चुनावी समीक्षा तथा पुनर्गठन कार्यदलले बागमती प्रदेशको भेला सम्पन्न गरेपछि आफूलाई भेट्न गुन्डुस्थित निवासमा पुगेका अगुवा नेता-कार्यकर्तासँगको छलफलमा उनले यस्तो टिप्पणी गरेका हुन् ।

ओलीले पार्टीभित्रका आन्तरिक विषय खुलाउँदै संगठन कमजोर बनाउने कुनै पनि प्रयास स्वीकार्य नहुने स्पष्ट पारेका थिए ।

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

अहिले एमालेलाई बलियो र एकताबद्ध बनाउन आवश्यक छ, तर चारैतिरबाट हमला भइरहेका वेला पुनर्गठनका नाममा पार्टीलाई फेरि एकपटक फुटाउन खोजिएको छ, तपाईंहरू सजग हुनुस् । तपाईंहरूले देख्नुभएको छ, अहिले पार्टीभित्रै केही लोभीपापी देखिए, त्यसैले म अहिलेलाई रामराम मात्रै भन्न सक्छु, तर काँधै त थाप्न सक्दिनँ ।

१,७३० मेगावाटका तीन ठुला जलविद्युत् आयोजनाबाट हात झिक्दै भारतीय कम्पनी

४८० मेगावाटको फुकोट कर्णालीसँगै ८०० मेगावाटको पश्चिम सेती र ४५० मेगावाटको एसआर-६ मा लगानी नगर्ने निष्कर्षमा एनएचपिसी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

२१.९ प्रतिशत बिजुली निःशुल्क नेपाललाई दिनुपर्ने भएपछि तीन ठुला जलविद्युत् आयोजनाबाट भारतीय कम्पनी नेसनल हाइड्रोइलेक्ट्रिक पावर कर्पोरेसन (एनएचपिसी)ले हात झिक्ने भएको छ । एनएचपिसी ८०० मेगावाटको पश्चिम सेती, ४५० मेगावाटको एसआर-६ र ४८० मेगावाटको फुकोट कर्णालीमा लगानी नगर्ने निष्कर्षमा पुगेको हो । बरु निर्माणका लागि खुला प्रतिस्पर्धाबाट आउने मनसायमा उक्त कम्पनी पुगेको छ । सम्भावित नोक्सानीलाई अन्य सहुलियतबाट सम्बोधन गर्न सकेको अवस्थामा कम्पनीले यसलाई निरन्तरता दिन सक्ने सम्भावना पनि छ । सम्भाव्य पूर्ति लगानी (भिजिएफ), कर, रोयल्टीलगायत विषयमा सहुलियत दिएमा भने एनएचपिसी अघि बढ्न भने सक्ने नेपाली अधिकारीहरूको भनाइ छ ।

'वित्तीय रूपमा सक्षम' नहुने भन्दै एनएचपिसीले २१.९ प्रतिशत विद्युत् निःशुल्क नेपाललाई दिनुपर्ने सर्त हटाउन माग गर्दै आएको थियो । तर, स्थानीय

» पृष्ठ २ मा क्रमशः

एन एच पी सी NHPC

अहिले हात झिक्ने, पछि खुला प्रतिस्पर्धाबाट आउने मनसायमा एनएचपिसी

अहिले एनएचपिसीले यी परियोजनाबाट हात झिकेको अवस्थामा सरकारले निर्माणका लागि खुला प्रतिस्पर्धा गराउनुपर्नेछ । त्यस अवस्थामा भने पुनः एनएचपिसी खुला प्रतिस्पर्धाबाट आउन सक्ने बोर्डका एक उच्च अधिकारीले बताए । 'एनएचपिसीले हात झिकेपछि हामी खुला प्रतिस्पर्धा गर्छौं । त्यसमा भने उक्त कम्पनी सहभागी हुने मनसायमा छ,' स्रोतले भन्यो ।

■ कसरी मिल्छ अहिलेको विवाद ?

नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक मनोज सिलवाल नेपाल आफैंले विद्युत् परियोजनाको आर्थिक रूपमा विश्लेषण गरेर मात्र निःशुल्क बिजुलीको प्रतिशत तोक्नुपर्ने बताउँछन् । 'निःशुल्क बिजुली दिने भन्ने विषय सबै परियोजनामा सम्भव नहुन सक्छ । अझ २१.९ प्रतिशतलाई नै मानक बनाउन हुँदैन । किनकि परियोजनाअनुसार लागत फरक-फरक हुन्छ । कुनैमा बाटो धेरै बनाउनुपर्छ, कुनैमा प्रसारण लाइन धेरै बनाउनुपर्छ । कुनैमा संरचना बनाउनुपर्छ,' उनले भने, 'नेपाल आफैंले विश्लेषण नगरी सबै कुरा कम्पनीलाई नै जिम्मा दिँदा समस्या हुन्छ ।' तर, परियोजना बनाउन जिम्मा लिने कम्पनीले पनि सुरुमा विद्युत् निःशुल्क दिने भनेर घोषणा गरेपछि दिन सक्दैन भन्न नमिल्ने बताए ।



देवेन्द्र कार्की



मनोज सिलवाल

'आर्थिक रूपमा सम्भाव्य भएपछि मात्रै दिनेछु भनेर सर्त राख्नुपर्छ । होइन भने घाटा खाएर भए पनि दिनुपर्छ । उनीहरूले धेरै नाफा कमाएपछि नेपाललाई थप दिने त केही होइन,' उनले भने ।

पूर्वऊर्जासचिव देवेन्द्र कार्की पनि निःशुल्क विद्युत्को अवधारणा फरक-फरक अवस्थामा लागू गर्नुपर्ने बताउँछन् । 'लागत फरक हुने भएकाले निःशुल्क बिजुलीको अवधारणा सबै परियोजनामा लागू हुनुहुँदैन । कुनैमा पाँच प्रतिशत त कुनैमा ४० प्रतिशत पनि हुन सक्छ । तसर्थ, यस्ता विषयमा लचक हुनुपर्छ,' उनले भने, 'कसैले पश्चिम सेती बनाउँछ भने त्यो नै ठुलो कुरा हो । यो नीतिमा हामी लचक हुनुपर्छ । कुनैमा नहुन सक्छ ।'

वडा कार्यालयले रोक्यो घरबाटोको सिफारिस

जग्गा हत्याउन दिनहुँ सासूमाथि बुहारीको 'हिंसा'

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको लक्ष्मीपुरपतारी गाउँपालिका- १ रामपुर गाउँकी करिब ६५ वर्षीया देवकीदेवी ठाकुरले आफ्नो नाममा रहेको दुई कट्ठा जग्गाको वडा कार्यालयले घरबाटो सिफारिस नदिँदा अप्ठ्यारोमा परेको गुनासो गरेकी छिन्। पाँच सन्तानमध्ये कान्छी छोरीको विवाहका लागि छोरा बुहारीहरूसँग पटक-पटक खर्च माग्दा पनि नदिएपछि आफ्नो नाममा रहेको जग्गा धितो राख्न खोज्दा वडा कार्यालयले सिफारिस नदिँदा अप्ठ्यारोमा परेको सुनाइन्।

घरबाटो सिफारिसका कारण जग्गा धितो राख्न नपाएपछि कान्छी छोरी गुलाबकुमारीको विवाहमा खर्च भएको करिब पौने १० लाख रुपैयाँ तिर्न नपाएको उनको गुनासो छ। 'वडाध्यक्षले आजभोलि भन्दै करिब डेढ वर्षदेखि आलटाल गरिरहे, तर सिफारिस दिएनन्,' उनले भनिन्।

आफ्ना तीन छोराहरू सुरतलाल, मोतीलाल र रामलोचनमध्ये जेठो कान्छो दुबई र कतार तथा माहिलो काठमाडौंमा निर्माण मजदुरीको काम गरिरहेको उनले सुनाइन्। २६ फागुन ०८१ मा कान्छी छोरीको विवाहका लागि विदेशमा काम गरिरहेका छोराहरू र घरमा बुहारीहरूसँग खर्चको जोहो गर्न हारगुहार गर्दा पनि नसुनेको उनले बताइन्।

'विवाहको तिथि तय गरेदेखि नै छोराहरूले ऋण सापटी खोजेर खर्च गर्नु नत्र विवाह रोकिदिनु भन्न थालेपछि सबै तयारी गरिसकेका बाबुआमाको मन कति रोयो होला ?' उनले भनिन् 'जेठी छोरी ज्वाइँले ऋण सापटी खोजेर पौने १० लाख रुपैयाँ ल्याइदिएपछि मात्र विवाह गरेर छोरी अन्मायौँ।' कान्छी छोरीको विवाहमा लागेको खर्च छोराहरूले नदिने नै भएपछि आफ्नो नाममा रहेको दुई कट्ठा जग्गा धितो राखेर ऋण फर्स्योट गर्न खोज्दा जेठीबुहारी सेनुदेवीले दिनहुँजसो कुटपिट, गालीगलौज गरिरहेको उनले बताइन्।

'जेठी बुहारी दुई कट्ठा जग्गा आफ्नी आमाको नाममा रजिस्ट्रेसन गराएपछि मात्र छोरीको विवाहमा लागेकोमध्ये आफ्नो हिस्सामा पर्ने खर्च दिन्छु भन्छिन्,' उनले भनिन्, 'उसले मेरो नाममा रहेको जग्गा आफ्नी आमाको लगेपछि मेरा बाँकी दुई भाइ छोरा, बुहारीहरू सुकुमवासी हुँदैनन् ?' त्यही योजना सफल नभएपछि वडाध्यक्षलाई कुरा लगाएर घरबाटो सिफारिस दिनसमेत रोकेको उनको आरोप छ।

लक्ष्मीपुरपतारी- १ का वडाध्यक्ष परशुराम मण्डलले देवकीदेवीको नाममा रहेको जग्गाको विषयमा गाउँमा पनि कैयौँपल्ट छलफल भएको बताए। 'त्यो जग्गामा तीन भाइ छोराहरूको पनि हिस्सा रहन्छ,' उनले भने, 'न्यायिक समितिमा पनि उजुरी परिसकेको रहेछ, अंशियारले घरबाटो सिफारिस रोक्काका लागि मौखिक आग्रह गरेपछि नदिएको हुँ। न्यायिक समितिको पत्रका आधारमा रोक्का रहेको जग्गा फुकुवा भइसकेर दृष्टिबन्धकसमेत राखिएको थाहा पाएको छु। त्यसपछि किन चाहियो घरबाटो सिफारिस ?'

जनकपुरधाममा कांग्रेस इतर समूहको प्रदेशस्तरीय भेला

जनकपुरधाममा **हदिश खुद्दार**



संस्थापनप्रति असन्तुष्ट कांग्रेस नेताहरूले जनकपुरधाममा प्रदेशस्तरीय कार्यकर्ता भेला आयोजना गरेका छन्। पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का, पूर्वउपसभापति विमलेन्द्र निधिनिकट नेता तथा अन्य असन्तुष्ट समूहको पहलमा जनकपुरधाममा आयोजित भेलामा मधेश प्रदेशका आठवटै जिल्लाका नेता तथा कार्यकर्ताको सहभागिता थियो।

भेलामा महोत्तरी कांग्रेस सभापति नागेश्वर यादव र बाराका निलम्बित सभापति राजेशप्रसाद राय यादव पनि सहभागी थिए। बारा कांग्रेसका निलम्बित सभापति राजेशप्रसादको अध्यक्षतामा सम्पन्न भेलामा प्रमुख अतिथि निधि थिए। कार्यक्रममा पूर्वसहमहामन्त्री उमाकान्त चौधरी, पूर्वकेन्द्रीय सदस्य मोहनबहादुर बस्नेत, गुरुप्रसाद बराल, प्रेमकिशोर शाहलगायतको उपस्थिति थियो।

भेलामा संघीय संसद् तथा मधेश प्रदेश सांसदहरूको उपस्थिति देखिएन। विशेष महाधिवेशनको विपक्षमा रहेका समूहहरूले केही दिनअघि मधेश प्रदेशस्तरीय भेलाको संयोजनको जिम्मेवारी पूर्वसांसद आनन्द ढुंगानालाई दिएका थिए।

पूर्वउपसभापति निधिले पार्टीभित्रको एकता कायम राख्न भेला आयोजना गरिएको दाबी गरे। 'पार्टीभित्र एकता नभएकै कारण हामी एकताको पक्षमा जोड दिइरहेका छौँ। यदि एकता कायम भएको भए यो प्रदेशस्तरीय भेलाको उद्देश्य फरक हुन्थ्यो,' उनले भने।

कांग्रेसले विगतमा जनताको अधिकार, शासन व्यवस्था परिवर्तन तथा संविधान निर्माणका लागि सञ्चालन गरेका आन्दोलन पार्टीभित्रको एकताकै कारण सफल भएको उनले बताए। 'जब-जब कांग्रेस कमजोर हुन्छ, तब-तब मुलुकमा अधिनायकवादी र तानाशाही प्रवृत्ति बलियो बन्छ। कांग्रेसभित्रको एकता कमजोर भएकै कारण आज यस्तो अवस्था सिर्जना भएको हो,' निधिले भने।

नेता ढुंगानाले विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापाले पार्टीको एकता कायम गर्न पर्याप्त चासो नदिएको आरोप लगाए। 'पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग भेट्दा तपाईंहरूले उठाएका विषय सही छन्, यसबारे छलफल गर्छौं भन्ने आश्वासन दिइन्छ। तर ती विषय सम्बोधन गर्ने दिशामा ठोस पहल भएको देखिएको छैन। त्यसैले पार्टी एकता कायम गर्न यो प्रदेशस्तरीय भेला आयोजना गरिएको हो,' उनले भने।

पूर्वसहमहामन्त्री चौधरीले लामो समयदेखि कांग्रेसमा योगदान पुऱ्याएका नेता तथा कार्यकर्ताको सम्मान र उचित मूल्यांकन हुनुपर्ने धारणा राखे। महोत्तरी कांग्रेस सभापति नागेश्वर यादवले पार्टीभित्रको आन्तरिक द्वन्द्वकै कारण गत निर्वाचनमा पार्टी कमजोर बनेको दाबी गरे। कांग्रेसको १५औँ महाधिवेशन नजिकिएसँगै बढ्दो असन्तुष्टि र गुटीय ध्रुवीकरणका बिच आयोजित यो भेला संस्थापन पक्षमाथि दबाब सिर्जना गर्ने प्रयासका रूपमा हेरिएको छ।

आफन्तबाटै...

पृष्ठ १ बाट क्रमशः

हत्या हुने घटना सबैभन्दा बढी रहेको देखाएको छ। घरेलु सम्बन्धमा उत्पन्न हुने द्वन्द्व, हिंसा र अविश्वासका कारण यस्ता घटना दोहोरिने गरेको प्रहरीको विश्लेषण छ। मुलुकभर प्रत्येक वर्ष सरदर ६ सयजनाको हत्या हुने गरेकामा ३८.३८ प्रतिशत हत्या परिवारभित्रकै नाता-सम्बन्धबाट हुने गरेको पाइएको छ। नेपाल प्रहरीको तथ्यांकअनुसार एक ठोस नभई विभिन्न कारणले नाता-सम्बन्धबाटै हत्या हुने गरेको छ।

पछिल्लो ७० महिनामा मुलुकभर एक हजार ९४० पुरुष र एक हजार २०९ महिला गरी तीन हजार ५०२ जनाको हत्या भएको छ। यसमा २११ बालक र १४२ बालिका छन्। प्रहरीका अनुसार ती हत्यामा एक हजार ३४४ जनाको अर्थात् ३८.४१ प्रतिशत हत्या परिवारभित्रकै नाता-सम्बन्धबाट भएको पाइएको छ।

नेपाल प्रहरीका केन्द्रीय सह-प्रवक्ता दीपशमशेर जबराले औसतमा ३८ प्रतिशत हत्या परिवारभित्रै नाता-सम्बन्धबाट हुने गरेको बताए। 'मुलुकभर प्रत्येक वर्ष सरदर ६ सयजनाको हत्या हुने गरेको देखिन्छ,' 'त्यसमध्ये ३८ प्रतिशत हत्या परिवारभित्रकै सदस्यबाट हुने गरेको देखिन्छ।'

प्रहरीका अनुसार वैदेशिक रोजगार, बढ्दो बेरोजगारी, प्रविधिको दुरुपयोग, मादक पदार्थ सेवनजस्ता घटनाले परिवारभित्रको सौहार्दता कम बनाएको छ। सोही कारण यस्ता घटना हुने गरेको देखिन्छ।'

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एसएसपी जबराले परिवारभित्र पनि सबैभन्दा धेरै हत्या श्रीमान्‌बाट श्रीमतीको हुने गरेको बताए। यस अवधिमा श्रीमान्‌ले मात्रै ५४७ श्रीमतीको हत्या गरेका छन्। त्यस्तै, श्रीमतीबाट पनि श्रीमान्‌को हत्या भएका छन्। यस अवधिमा श्रीमतीले १०४ श्रीमान्‌को हत्या गरेको देखिन्छ।

छोराबाट बाबुआमाको पनि हत्या भएको छ। तथ्यांकअनुसार यस अवधिमा छोराबाट १६२ बाबुआमाको हत्या भएको छ। त्यसबाहेक बाबुआमाले पनि आफ्ना छोराछोरीको हत्या गरेका छन्। यस अवधिमा बाबुआमाबाट ७२ छोराछोरीको हत्या भएको छ।

यस अवधिमा काकाकाकीबाट २२ भतिजभतिजी र दाजुबाट ५२ भाइबहिनीको हत्या भएको छ। त्यसबाहेक ३८५ हत्या भने परिवारभित्रकै अन्य नाता-सम्बन्धबाट भएको देखिन्छ।

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागका प्रमुख डा. पासाङ शेर्पाका अनुसार हत्यासम्बन्धी प्रत्येक घटनालाई एउटै दृष्टिकोणबाट विश्लेषण गर्न मिल्दैन। परिवारभित्र हुने हत्याका कारण सम्बन्धको प्रकृतिअनुसार फरक-फरक हुन सक्छन्।

'श्रीमान्-श्रीमतीबिच भएको हत्या, बाबुआमा र छोराछोरीबिच भएको हत्या तथा अन्य नाता-सम्बन्धमा भएका हत्याका कारण फरक-फरक हुन सक्छन्। श्रीमान्-श्रीमतीबिच तनावको कारण अवैध सम्बन्ध हुन सक्छ भने बाबुआमा र छोराछोरीबिच सम्पत्तिसम्बन्धी विवाद कारण बन्न सक्छ,' उनले भने, 'परिवारभित्रका अन्य नाता-सम्बन्धमा भएका हत्याका कारण पनि भिन्न हुन सक्छन्। तर, अधिकांश घटनाको पृष्ठभूमिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक पक्ष जोडिएको देखिन्छ, जसको सम्बन्ध बेरोजगारी, गरिबी र वैदेशिक रोजगारसँग समेत हुन सक्छ।'

नेपाल प्रहरीको तथ्यांकअनुसार पछिल्लो ७० महिनामा मुलुकभर कर्तव्य ज्यानसम्बन्धी तीन हजार ३६३ मुद्दा दर्ता भएका छन्। तीमध्ये एक हजार २९२ घटनामा परिवारभित्रकै सदस्य संलग्न रहेको देखिएको छ। यो कुल दर्ता भएका घटनाको ३८.४२ प्रतिशत हो।

तथ्यांकअनुसार उक्त अवधिमा श्रीमान्‌बाट श्रीमतीको हत्या भएका ५२६ घटना दर्ता भएका छन् भने श्रीमतीबाट श्रीमान्‌को हत्या भएका १०० घटना दर्ता भएका छन्। त्यसैगरी, छोराबाट बाबुआमाको हत्या भएका १५६ तथा बाबुआमाबाट छोराछोरीको हत्या भएका ६९ घटना दर्ता भएका छन्।

यस्तै, काकाकाकीबाट भतिजाभतिजीको हत्या भएका २१ तथा दाजुभाइ वा दाजुबाट भाइबहिनीको हत्या भएका ५० घटना दर्ता भएका छन्। बाँकी ३७० घटना भने परिवारभित्रका अन्य नाता-सम्बन्धसँग सम्बन्धित रहेका छन्।

नेपाल प्रहरीका केन्द्रीय सहप्रवक्ता एसएसपी रमेश थापाले भने मुद्दा दर्ताको आधारमा हेर्दा करिब ३८ प्रतिशत कर्तव्य ज्यानका घटनामा परिवारभित्रकै सदस्य संलग्न देखिन्छन्। यसले हत्याजस्तो गम्भीर अपराधमा पनि पारिवारिक सम्बन्धभित्रको द्वन्द्व महत्त्वपूर्ण कारकका रूपमा रहेको संकेत गर्छ।

परराष्ट्रमन्त्री...

पृष्ठ १ बाट क्रमशः

'चीनले नेपालसँगको सम्बन्धलाई उच्च महत्त्व दिन्छ र यो भ्रमणलाई नेपालको नयाँ सरकारसँग राजनीतिक विश्वास वृद्धि गर्न, व्यावहारिक सहयोगलाई थप घनीभूत बनाउन र चीन र नेपालबिचको रणनीतिक साझेदारीलाई प्रवर्द्धन गर्दै बेल्ट एन्ड रोड इनिसिएटिभअन्तर्गतका परियोजनालाई संयुक्त रूपमा समयमै निर्माण गर्ने अवसरका रूपमा प्रयोग गर्न चाहन्छ,' प्रवक्ता जियानले भनेका छन्।

उनले सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै दुई देशले शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तको निरन्तर पालना गर्दै आएको बताए। 'आफ्ना स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता रक्षाका लागि आपसमा दुवै देश सहयोगी साबित भएका छन्,' उनको भनाइ छ।

नेपालमा निर्धारित समयमै गत २१ फागुनमा चुनाव सफलतापूर्वक सम्पन्न भएको छ र नयाँ सरकार बनेको उनले उल्लेख गरेका छन्। 'चीनले यस उपलब्धिका लागि नेपाललाई बधाई दिइसकेको छ। चीन नेपालमा एकता, स्थिरता र समृद्धि हासिल होस् भन्ने चाहन्छ र त्यसका लागि सधैँ चीनको साथ समर्थन छ,' प्रवक्ता जियानले भने।

नाता-सम्बन्धभित्रबाट...

पृष्ठ १ बाट क्रमशः

लुकाएर राखिएको पेट्रोल सुशीलाको शरीरमा खन्याएकी थिइन्। आगो लगाएर बाहिर निस्केकी उनले किचनको ढोका बन्द गरेकी थिइन्। सुशीला भने बन्द किचेनमा गुहार माग्दै थिइन्।

दृश्य देख्न नसकेपछि प्यारालाइसिसबाट थलिएका सुशीलाका ससुरा दुर्गाबहादुर बम्जन ह्विलचियरमै गुडेर किचेनको ढोका खोल्न पुगेका थिए। जल्दै गरेकी सुशीला सोही क्रममा बाहिर निस्केकी थिइन्। सोही चोटका कारण उनको मृत्यु भएको थियो।

घटना ३ जिल्ला हुलाक कार्यालय खोटाङका प्रमुख कुलप्रसाद आचार्य आफ्ना दुवै छोरा सरकारी सेवामा अधिकृत भएको हेर्न चाहन्थे। जवान हुँदासम्म पनि खर्चको सबै दायित्व व्यहोरेर छोराहरूलाई लोकसेवा तयारी कक्षामा लगाए। तर, अन्तमा उनै छोराले उनको प्राण लिए। ६ पुस ०८१ मा जेठा छोरा २६ वर्षीय मिलन आचार्यले 'डम बेल'ले प्रहार गरी कुलप्रसादको हत्या गरेका थिए। ६ पटक नायब सुब्बा र एकपटक अधिकृत परीक्षामा असफल भएका मिलन तनावमा थिए। कुलप्रसादले मिलनलाई जागिर खान दबाब दिँदै आएका थिए। दबाब झेल्न नसकेका उनले अन्ततः बुबा मात्र होइन, भाइ २२ वर्षीय प्रवीण आचार्यको पनि हत्या गरे। गत ८ पुसमा उनीहरूको मृत शरीर भक्तपुरको सूर्यविनायकस्थित घरमा फेला परेको थियो।

घटना ४ ओखलढुंगा खिजिदेम्बा गापा- ६ की ८२ वर्षीया ठगमाया सुनुवार १३ वर्षीय नातिलाई गाली गरिरहन्थिन्। गत ७ मंसिरको साँझ सुनुवार नातिसँगै थिइन्। अगेनामा आगो ताप्दै बसेकी सुनुवारले नातिलाई पुनः गाली गर्न थालिन्। झोक्किएका नातिले आगो फुक्ने ढुंग्रो हातमा लिए। र, हजुरआमाको टाउकोमा प्रहार गरे। सोही चोटका कारण उनको ज्यान गयो। हत्यामा संलग्न नातिलाई अहिले बाल सुधारगृह पठाइएको छ।


घटना ५ काभ्रे रोशी गापा- ३, भन्ज्याङ गाउँकी साहिँलाकाजी भनिने पाल्छङ लामाकी श्रीमती ६९ वर्षीय माइली लामाको मृतशरीर घरको भान्सा कोठामा भेटियो। गत १६ कात्तिकमा मृत अवस्थामा भेटिएकी माइलीको टाउकोमा गम्भीर चोट थियो। उनको कानमा रहेको सुनको गहना गायब थियो। अनुसन्धानका क्रममा खुल्यो-उनको हत्यामा आफ्नै कान्छा छोरा २८ वर्षीय फुर्साङ लामा संलग्न रहेछन्। कानमा लगाएको सुनको रिङ र नगद लुट्न उनले आमा माइलीलाई लोहोरो प्रहार गरी हत्या गरेका थिए।

घटना ६ ताप्लेजुङ मेरिङ्देनका ५६ वर्षीय श्याम बहादुर लिम्बूलाई आफ्नै छोरा ३० वर्षीय सुमन लिम्बूले गत १७ असोजमा बाम्फक प्रहार गरे। गहिरो चोटका कारण उनी घटनास्थलमा नै ढले। अन्तत उनको मृत्यु भयो। प्रहरीका अनुसार घरायसी विवाद बढ्दै जाँदा सुमन उत्तेजित भएका थिए। रिस थाम्न नसकेपछि उनले दाउरा काट्ने बम्फक हातमा लिए। र, बुबालाई प्रहार गरे।

घटना ७ ललितपुर कोन्जोमसोम गापा- ३, दलचोककी २१ वर्षीया प्रमिला भण्डारीले काखमा रहेकी २३ महिनाकी छोरी प्रिन्सिकालाई मरणासन्न हुने गरी पिटिन्। उत्तेजित बनेकी उनको रिस अझै थामिएन। उनले बेहोस छोरीलाई लिएर दलचोकस्थित सिलिंगेबेँसी आपबोट हुँदै बग्ने ठोस्ने खोला पुगिन्। र, छोरीलाई सोही खोला फ्याँकिन्। प्रिन्सिकाको मृत्यु भयो। प्रमिला पक्राउ परिन्।

काभ्रेको बस...

पृष्ठ १ बाट क्रमशः



शुक्रबार काभ्रेको नमोबुद्धमा भएको बस दुर्घटनास्थल

वर्षीय मेघबहादुर तामाङ, ३४ वर्षीया फूलमाया तामाङ, ७५ वर्षीय इन्द्रबहादुर तामाङ, ६० वर्षीया प्यारीमाया तामाङ, ३० वर्षीय बमबहादुर भण्डारी, २२ वर्षीया सुमी तामाङ, ५५ वर्षीय राजु तामाङ र ६० वर्षीया माया तामाङको मृत्यु भएको छ। २२ वर्षीया एनिसा तामाङ, २० वर्षीया विष्णुडोल्मो तामाङ, ६० वर्षीय धनबहादुर तामाङ, ३० वर्षीय चन्द्र तामाङ, १८ वर्षीया रमिता वाइबा, ४० वर्षीय मनबहादुर तामाङ र ६० वर्षीय डम्बरबहादुर शाह घाइते भएका छन्। घाइते हुने अन्यमा ४३ वर्षीय कृष्णबहादुर तामाङ, २५ वर्षीय सुरेशबहादुर वादी, ३४ वर्षीय घोयासिंह तामाङ, ६२ वर्षीया विष्णुमाया लामा, ४३ वर्षीय मनुराज तामाङ, चार वर्षीय सुवास तामाङ, ७७ वर्षीय सार्कीमान लामा, २२ वर्षीया बिबीमाया तामाङ र १८ महिनाका उग्रेन लामा छन्। उनीहरूको धुलिखेल अस्पतालमा उपचार भइरहेको र सबै खतरामुक्त रहेको जिप्रका काभ्रेका प्रवक्ता डिएसपी विष्टले बताए।

घटनाको छानबिन गर्न प्रहरीले एसएसपी कमल थापाको संयोजकत्वमा ६ सदस्यीय छानबिन समिति गठन गरेको छ। शनिबार गठन भएको समितिलाई अबको सात दिनभित्र प्रतिवेदन पेस गर्न भनिएको छ। एसएसपी थापा प्रहरी प्रदेश कार्यालय काभ्रेमा कार्यरत छन्।

१,७३० मेगावाटका...

पृष्ठ १ बाट क्रमशः

बासिन्दाका तर्फबाट दायर रिटमा सर्वोच्च अदालतले १५ वैशाखमा फुकोट कर्णालीको हकमा समझदारी पत्रमा उल्लेख भएको २१.९ प्रतिशत निःशुल्क बिजुलीको अनुपात बढाउने गरी संशोधन गर्न निर्देशनात्मक आदेश दिइसकेको छ। त्यसपछि एनएचपिसी परियोजनाबाट हात झिक्ने निष्कर्षमा पुगेपनि औपचारिक जानकारी भने दिएको छैन।

सर्वोच्चको आदेशको पूर्ण पाठ आएपछि नेपालको विद्युत् उत्पादन कम्पनीले फैसला कार्यान्वयन गर्ने निर्णय गरेर वैशाख अन्तिम सातामा एनएचपिसीलाई पत्राचार गरेको थियो। एनएचपिसीले भौतिक रूपमा बैठक बस्न अस्वीकार गरेपछि गत २२ जेठमा भर्चुअल बैठक बस्यो। २१.९ प्रतिशत विद्युत् निःशुल्क दिँदा लगानीको प्रतिफल नआउने भनेर एनएचपिसीका अधिकारीहरूले भर्चुअल बैठकमा भनेकाले बैठकबाट ठोस निष्कर्ष नआएको विद्युत् उत्पादन कम्पनीका निमित्त प्रमुख कार्यकारी अधिकृत हिरामान वाइबाले बताए। 'सर्वोच्चको आदेश पालना गर्नु हाम्रो दायित्व हो। सर्वोच्चको आदेश आएसँगै हामीले कार्यान्वयन अघि बढाउने गरी एनएचपिसीलाई पत्र पठाएका थियौँ। हालसम्म उनीहरू भौतिक बैठक बस्न आएका छैनन्। भर्चुअल बैठक बसे पनि ठोस निष्कर्ष आएको छैन,' उनले भने, 'छलफलमा कम्पनीले २१.९ प्रतिशत विद्युत् निःशुल्क दिँदा लगानीको प्रतिफल नआउने भनेको छ। सर्वोच्चले आदेश आइसकेको अवस्थामा कसरी अघि बढ्ने भन्ने विषयमा पनि कुनै योजना पेस गरेको छैन।' उनका अनुसार एनएचपिसीसँग लिखित प्रतिक्रिया मागिएको छ। तर, एनएचपिसीले लिखित पत्र पनि पठाएको छैन।

नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक मनोज सिलवाल नेपाल आफैँले विद्युत् परियोजनाको आर्थिक रूपमा विश्लेषण गरेर मात्र निःशुल्क बिजुलीको प्रतिशत तोक्नुपर्ने बताउँछन्। 'निःशुल्क बिजुली दिने भन्ने विषय सबै परियोजनामा सम्भव नहुन सक्छ। अझ २१.९ प्रतिशतलाई नै मानक बनाउन हुँदैन। किनकि परियोजनाअनुसार लागत फरक-फरक हुन्छ। कुनैमा बाटो धेरै बनाउनुपर्छ, कुनैमा प्रसारण लाइन धेरै बनाउनुपर्छ। कुनैमा संरचना बनाउनुपर्छ,' उनले भने, 'नेपाल आफैँले विश्लेषण नगरी सबै कुरा कम्पनीलाई नै जिम्मा दिँदा समस्या हुन्छ।'

तर, परियोजना बनाउन जिम्मा लिने कम्पनीले पनि सुरुमा विद्युत् निःशुल्क दिने भनेर घोषणा गरेपछि दिन सक्दैन भन्न नमिल्ने बताए। 'आर्थिक रूपमा सम्भाव्य भएपछि मात्रै दिनेछु भनेर सर्त राख्नुपर्छ। होइन भने घाटा खाएर भए पनि दिनुपर्छ। उनीहरूले धेरै नाफा कमाएपछि नेपाललाई थप दिने त केही होइन,' उनले भने।

पूर्वऊर्जासचिव देवेन्द्र कार्की पनि निःशुल्क विद्युत्‌को अवधारणा फरक-फरक अवस्थामा लागू गर्नुपर्ने बताउँछन्। 'लागत फरक हुने भएकाले निःशुल्क बिजुलीको अवधारणा सबै परियोजनामा लागू हुनुहुँदैन। कुनैमा ५ प्रतिशत त कुनैमा ४० प्रतिशत पनि हुन सक्छ। तसर्थ, यस्ता विषयमा हामी लचक हुनुपर्छ,' उनले भने, 'कसैले पश्चिम सेती बनाउँछ भने त्यो नै ठुलो कुरा हो। यो नीतिमा हामी लचक हुनुपर्छ। कुनैमा नहुन सक्छ।'

कम्पनीले निर्माण, सञ्चालन, स्वामित्व र हस्तान्तरण (बुट) मोडलमा ८०० मेगावाटको पश्चिम सेती र ४५० मेगावाटको एसआर-६ बनाउने गरी २ भदौ ०७९ मा लगानी बोर्डसँग समझदारी गरेको थियो। सोही मोडलमा ५१ प्रतिशत सेयर स्वामित्व लिने गरी थप ४८० मेगावाटको फुकोट कर्णाली परियोजना पनि बनाउने गरी एनएचपिसीले १८ जेठ ०८० मा राष्ट्रिय विद्युत् उत्पादन कम्पनीसँग समझदारी गरेको थियो। त्यसअघि यो परियोजना सरकारी स्वामित्वको राष्ट्रिय विद्युत् उत्पादन कम्पनीले बनाउने गरी प्रक्रिया अघि बढेको थियो। त्यही अवस्थामा एनएचपिसीसँगको संयुक्त साझेदारीमा परियोजना बनाउने गरी १८ जेठ ०८० मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा समझदारी भएको थियो। त्यसमा विद्युत् उत्पादन कम्पनीको ४९ प्रतिशत सेयर स्वामित्व हुने भनिएको थियो। यी तीनै परियोजनाको समझदारी पत्रमा २१.९ प्रतिशत निःशुल्क बिजुली नेपाललाई दिनुपर्ने सर्त थियो। तर, त्यो सर्त परियोजना 'वित्तीय रूपमा सक्षम' भएको अवस्थामा लागू हुने भनिएको थियो।

समझदारी पछि एनएचपिसीले अध्ययन गरेर २१.९ प्रतिशत विद्युत् निःशुल्क दिँदा परियोजना लगानीयोग्य नहुने भन्दै लगानी बोर्ड र विद्युत् उत्पादन कम्पनीलाई 'रिपोर्ट' दिएको थियो। यो विषयलाई वार्तामार्फत नै उचित मोडलमा जाने योजना थियो। परियोजना विकास सम्झौता (पिडिए)मा यसलाई समायोजन गर्ने कम्पनीको लक्ष्य थियो। त्यही क्रममा सर्वोच्चले निःशुल्क दिनुपर्ने विद्युत्‌को अनुपातसमेत बढाउनू भनेर निर्देशात्मक आदेश दिएपछि भारतीय कम्पनी एनएचपिसी तीनवटै परियोजनाबाट हात झिक्ने मनस्थितिमा पुगेको स्रोतको भनाइ छ। पश्चिम सेती र एसआर-६ मा एनएचपिसीले दुई खर्ब ८८ अर्ब (भारु एक खर्ब ८० अब) लगानी गर्ने घोषणा गरेको थियो। लगानी बोर्डको अध्ययनले भने पश्चिम सेतीमा एक हजार तीन सय २० मिलियन डलर र सेती नदी-६ मा आठ सय मिलियन डलर लागत लाग्ने देखाएको थियो।

९२ अर्ब रुपैयाँभन्दा बढी लागत अनुमान गरिएको फुकोट कर्णालीमा पनि एनएचपिसीले स्वपुँजीतर्फ ५१ प्रतिशत सेयर र बाँकी ऋण जुटाउने सर्त थियो। तर, २१.९ प्रतिशत विद्युत् दिँदा लगानी प्रतिफल राम्रो नहुने भएपछि भारतीय कम्पनी यसबाट बाहिरिने मनस्थितिमा पुगेको छ।

एनएचपिसीको अध्ययनले पश्चिम सेती ७५० बाट बढाएर ८०० मेगावाटमा बनाउन सकिने देखाएको थियो। वातावरणीय प्रभाव मूल्यांकन (इआइए) स्वीकृतिको चरणमा छ।

एसआर-६ को डिपिआर लगानी बोर्डमा बुझाइसकिएको छ। बोर्डले अध्ययन तथा मूल्यांकन गरिरहेको छ। यीलगायतका प्रक्रिया पूरा गरेर पिडिए गर्नुपर्ने थियो। त्यसपछि परियोजनाको निर्माण सुरु गर्न सकिन्छ। परियोजना सञ्चालनमा आएको २५ वर्षमा त्यसको स्वामित्व नेपाल सरकारमा हस्तान्तरण हुने थियो।

फुकोट कर्णाली बनाउन भने १८ जेठ ०८० मा समझदारी भएको थियो। त्यसपछि भारतीय कम्पनीले चासोका साथ परियोजनाको अध्ययन गरेर अद्यावधिक डिपिआर बुझाइसकेको थियो। सञ्चालनमा आएको २५ वर्षमा यो परियोजना पनि सरकारलाई दिनुपर्ने थियो।

एनएचपिसीले यसअघि मागेको थियो भिजिएफ र कर छुट

एनएचपिसीले २१.९ प्रतिशत निःशुल्क विद्युत् दिँदा परियोजना लगानीयोग्य नहुने रिपोर्ट यसअघि नै दिइसकेको थियो। त्यो अवस्थामा सम्भाव्य पूर्ति लगानी (भिजिएफ), कर छुट दिनुपर्ने प्रस्ताव कम्पनीले गरेको थियो। तर, बोर्डले भिजिएफ नदिने भनेर जवाफ दिइसकेको छ। बोर्डले मौखिक रूपमा भारतसँग भिजिएफ माग्न भनेको छ। '२१.९ प्रतिशत विद्युत् दिँदा परियोजना वित्तीय रूपमा सक्षम नहुने भनेर एनएचपिसीले यसअघि नै रिपोर्ट दिएको हो। उसले कर छुट र भिजिएफ खोजेको थियो। तर, यस परियोजनाको विद्युत् भारतमा निर्यात हुने हो। यसले भारतको विद्युत् आपूर्तिमा पनि फाइदा पुग्छ। तसर्थ, भारतसँग भिजिएफ माग्न भनेका छौँ। तर, त्यसका लागि कुनै पनि लिखित सिफारिस नदिने पनि भनेका छौँ। आफ्नै ढंगले प्रक्रिया अघि बढाउन भनेका छौँ,' लगानी बोर्डका एक अधिकारीले भने, 'यसमा कर छुट पनि थप दिने अवस्था छैन।'

साथै रोयल्टी तिर्दा परियोजना लगानीयोग्य नहुने दाबी कम्पनीले गरेको छ। जलविद्युत् विकास नीति, २०५८ अनुसार निर्यात मुलुक आरओआर परियोजनाले पहिलो १५ वर्ष क्षमता रोयल्टी प्रतिकिलोवाट ४०० रुपैयाँ वार्षिक र ऊर्जा रोयल्टी प्रतियुनिट ७.५ प्रतिशत तिर्नुपर्छ। १५ वर्षपछि भने क्षमता रोयल्टी प्रतिकिलोवाट १८ सय रुपैयाँ वार्षिक र ऊर्जा दस्तुर प्रतियुनिट १२ प्रतिशत शुल्क तिर्नुपर्छ।

जलाशययुक्त परियोजनाले भने पहिलो १५ वर्ष क्षमता दस्तुर प्रतिकिलोवाट ५०० रुपैयाँ र ऊर्जा दस्तुर प्रतियुनिट १० प्रतिशत र १५ वर्षपछि क्षमता रोयल्टी प्रतिकिलोवाट दुई हजार र ऊर्जा दस्तुर प्रतियुनिट १५ प्रतिशत शुल्क तिर्नुपर्छ। यसअनुसार रोयल्टी बुझाएर निःशुल्क विद्युत् दिँदा नाफा नहुने परियोजनाको दाबी छ।

लगानी बोर्ड र विद्युत् उत्पादन कम्पनीका अधिकारी भने यसमा सरकारको उच्च तहबाट सहमति खोज्नुपर्ने बताउँछन्। विदेशी लगानीको विषय भएकाले सरकारले निकास खोज्नुपर्ने उनीहरूको भनाइ छ।

निःशुल्क बिजुली, अप्पर कर्णाली र अरुण-३ मा फिजिबल, तर यी परियोजनामा किन भएनन् ?

९०० मेगावाटको अरुण तेस्रोबाट पनि भारतीय कम्पनी सतलज जलविद्युत् निगमले २१.९ प्रतिशत विद्युत् नेपाललाई निःशुल्क दिदैँ छ। यसैगरी, जिएमआरले पनि ९०० मेगावाटको माथिल्लो कर्णालीबाट नेपाललाई १२ प्रतिशत निःशुल्क र २७ प्रतिशत फ्री इक्युटी दिँदै छ। तर, ती दुई आयोजनामा त्यही कारण परियोजना आर्थिक रूपमा नै बलियो नहुने अवस्था बनेन। तर, एनएचपिसीले भने यी परियोजनामा निःशुल्क विद्युत् दिँदा घाटा हुने दाबी गरेको छ। यसमा लगानी बोर्डका अधिकारीहरू पनि सहमत छन्। 'माथिल्लो कर्णाली र अरुण तेस्रोमा नदीको प्रवाह राम्रो छ। हेडवर्क्स पनि राम्रो छ। डिजाइन डिस्चार्ज पनि राम्रो छ। त्यसले गर्दा कम लागतमा धेरै विद्युत् उत्पादन गर्न सकियो,' बोर्डका एक अधिकारीले भने, 'एनएचपिसीले लिएका परियोजनाको हकमा भने अवस्था फरक छ। पश्चिम सेती र सेती नदी ६ का लागि प्रसारण लाइन नै धेरै लामो बनाउनुपर्छ। भौगोलिक अवस्थामा पनि कठिन छ। नदीमा पानी प्रवाह राम्रो छैन। डिजाइन डिस्चार्ज पनि कमजोर छ। यसैगरी, बाटो पनि धेरै बनाउनुपर्ने देखिएको छ। त्यसले गर्दा यी परियोजनामा लागत उच्च छ।'

लगानी बोर्डकी प्रवक्ता सुनीता नेपालले पश्चिम सेती र सेती नदी-६ परियोजनाको विषयमा पछिल्लो समय थप प्रक्रिया अघि नबढेको बताइन्। 'परियोजना विकास सम्झौता (पिडिए) को मस्यौदा बनाउन निवर्तमान सिइओ (सुशील ज्ञवाली) को संयोजकत्वमा समिति बनेको थियो। अहिले त्यसको जिम्मेवारी निमित्त सिइओ (नवीनराज सिंह) लाई छ। यो समितिको बैठक बस्न बाँकी छ,' उनले भनिन्, 'पछिल्लोपटक अर्थ र ऊर्जा मन्त्रालयलगायतका निकायले समितिका लागि प्रतिनिधि तोकिसक्नुभएको छ। सायद, अब छलफल अघि बढ्छ होला। यसबारे थप बुझ्नुपर्छ।'

'पुनर्गठन'का नाममा...

पृष्ठ १ बाट क्रमशः

'अहिले एमालेलाई बलियो र एकताबद्ध बनाउन आवश्यक छ, तर चारैतिरबाट हमला भइरहेका वेला पुनर्गठनका नाममा पार्टीलाई फेरि एकपटक फुटाउन खोजिएको छ, तपाईंहरू सजग हुनुस्,' ओलीको भनाइ उद्धृत गर्दै एक सहभागी केन्द्रीय सदस्यले भने, 'तपाईंहरूले देख्नुभएको छ, अहिले पार्टीभित्रै केही लोभीपापी देखिए, त्यसैले म अहिलेलाई रामराम मात्रै भन्न सक्छु, तर काँधै त थाप्न सक्दिनँ।'

ओलीले आफूले कुनै गल्ती नगर्दा पनि हटाउन खोजिएको भन्दै उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेललक्षित आक्रोश पोखेको ती केन्द्रीय सदस्यले बताए। 'मैले के गल्ती गरेको छु र अध्यक्षबाट हटाउन ? तर, म सबै कुरा केन्द्रीय कमिटीमा बताउँछु, त्यहीँ फेस गर्छु,' उनको भनाइ थियो।

शनिबार दिउँसो आयोजित प्रदेश भेलामा उपाध्यक्ष पौडेलले केन्द्रीय सचिवालयले पार्टीलाई पुनर्गठनका लागि अगाडि बढाएको भन्दै निर्णयबाट पछि फर्किन नसक्ने प्रस्ट्याएका थिए। त्यस्तै, महासचिव शंकर पोखरेलले जिल्लाको नेतृत्व गरिरहेका अध्यक्षहरूलाई पार्टी अहिले कुन अवस्थामा छ भन्ने गहिरोसँग आत्मसात् गरी सुझाव दिन आग्रह गरेका थिए।

शुक्रबार सबैजसो जिल्ला अध्यक्षले नेतृत्व फेर्न नहुने सुझाव राखेको र त्यही विषय सञ्चारमाध्यममार्फत बाहिर आएको विषयतिर लक्षित गर्दै पोखरेलले व्यक्तिको नभएर पार्टी र आन्दोलनको पक्षमा लाग्नसमेत सचेत गराएका थिए। 'अहिले एमालेमा साँच्चै गहिरो संकट छ, त्यसलाई तपाईंहरूले आत्मसात् गरेर सुझाव दिनुस्, सबै ठिकठाक छ जसरी प्रस्तुत नहुनुस्, व्यक्तिकेन्द्रित नहुनुस्, तपाईंहरूको तरिकाले आन्दोलन बच्दैन,' पोखरेलको भनाइ थियो। बागमती प्रदेशको भेला शनिबार सकिएको छ।

पहिलो महाधिवेशनको सम्मुख रास्वपा

६५ जिल्ला र चार प्रदेशमा नयाँ नेतृत्व चयन

जिल्ला ब्युरो/ नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले ६५ जिल्ला र चार प्रदेश अधिवेशन सम्पन्न गरेको छ। ७ असार ०७९ मा स्थापना भएर तदर्थ समितिबाट चल्दै आएको रास्वपाले ७-९ असारसम्म चितवनमा हुने प्रथम महाधिवेशनको पूर्वसन्ध्यामा जिल्ला र प्रदेश अधिवेशन सम्पन्न गरेको हो।

कांग्रेस, एमाले, नेकपाजस्ता पुराना दललाई चुनौती दिँदै २१ फागुनको चुनावबाट संसद्को पहिलो दल बनेको रास्वपा जिल्ला नेतृत्व चुन्दै गर्दा अधिकांश अन्य दलबाट आएकाहरू छन्। विगतमा पुराना दलमा सक्रिय उनीहरू सभापति रवि लामिछानेको सुशासनको अभियान र वरिष्ठ नेता बालेन्द्र शाहको डेलिभरी शैलीबाट प्रभावित रास्वपा प्रवेश गरी नेतृत्वमा पुगेको देखिएको छ। रास्वपा सभापति लामिछानेले ४ चैतमा सांसदहरूलाई प्रशिक्षण कार्यक्रममा जुनसुकै पार्टीबाट आए पनि पार्टीको स्पिरिटअनुसार काम गर्न र पुरानो प्रवृत्ति छोड्न अपिल नै गरेका थिए। 'फरक पार्टीबाट आउँदैमा कुनै लघुताभाषमा नरहनुस्। पुरानो प्रवृत्तिबाट टकटकिएर आउनुस्। अगाडि बढ्नुस्,' उनको भनाइ थियो, 'पुरानो नयाँ भनेर कुनै भेदभाव वा विभेद गरिनेछैन। देश बनाउन सामूहिकतामा अगाडि बढौं।' केन्द्रीय निर्वाचन आयोगको तथ्यांकअनुसार कोशीमा १४ जिल्ला, मधेश १, बागमती १२, गण्डकी ९, लुम्बिनी ११, कर्णाली नौ र सुदूरपश्चिमका नौ जिल्लामा अधिवेशन सम्पन्न भई नेतृत्व चयन भएको छ। कांग्रेस छाडेर आएका २०, एमालेका १३ र नेकपा त्यागेका चार जनाले नेतृत्व पाएका छन्।

कोशीमा पुरानै दलबाट आएका नेताको वर्चस्व

कोशीका १३ वटै जिल्लामा अधिवेशन भई नेतृत्व चयन भएको छ। यहाँ अधिकांश पुरानै दलबाट आएका व्यक्तिको वर्चस्व छ। झापाका रास्वपा सभापति ओमनाथ भण्डारी पेसाले व्यवसायी हुन्। उनी कुनै दलमा आबद्ध भएको रेकर्ड नभए पनि पारिवारिक पृष्ठभूमि एमाले हो। मोरङका सभापति भरत कँडेल शिक्षण पेसामा थिए।

तेह्रथुमका सभापति सुमन खत्री पेसाले मेकानिकल इन्जिनियर हुन्। सामाजिक तथा नागरिक गतिविधिमा सक्रिय उनी कुनै पार्टीमा सक्रिय नभए पनि पारिवारिक पृष्ठभूमि एमाले हो। ताप्लेजुङका सभापति राजनकुमार गुरुङ होटेल व्यवसायी हुन्। उनी पहिले कांग्रेस समर्थक थिए। भोजपुरका सभापति ख्यामबहादुर भुजेल ०७९ अघिसम्म कांग्रेसको स्थानीय गाउँ कमिटीका नेता थिए। संखुवासभाका सभापति भक्तनारायण श्रेष्ठ पूर्वसैनिक एवं होटेल व्यवसायी हुन्। पाँचथरका सभापति प्रकाश गुरुङ कांग्रेसका पूर्वबडाध्यक्ष हुन्। ओखलढुंगाका सभापति कृष्णबहादुर थापा पूर्वएमाले हुन्। ०८० मा राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरेर नेतृत्वमा पुगेका हुन्। सुनसरीका सभापति सागर दाहाल रेस्टुरेन्ट व्यवसायी हुन्।

■ रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटी भन्छन्-



पार्टीको प्रथम महाधिवेशनको तयारी लगभग भयो। प्रतिनिधिको जिल्लाबाट फाइलहरू आउँदै छन्। ६ सयभन्दा बढी पालिका ६५ जिल्ला अधिवेशन भयो। बाँकी १२ जिल्ला अधिवेशन महाधिवेशनपछि हुन्छ। चितवनमा हुने महाधिवेशनमा तीन हजार प्रतिनिधि सहभागी हुने अनुमान छ। महाधिवेशनलाई चाहिने आर्थिक व्यवस्थापनका लागि फन्ड रेजिङ टिमले काम गरिरहेको छ। महाधिवेशनका लागि करिब चार करोड अनुमानित खर्च स्टिमेट गरिएको छ। सांगठनिक, राजनीतिक, आर्थिक प्रतिवेदन लेखनको तयारी भइरहेको छ।



कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको अधिवेशन सम्पन्न

रास्वपाको प्रदेश अधिवेशन धमाधम हुँदै छ। कोशी, बागमती र गण्डकी प्रदेश सभापति चयन भइसकेका छन्। मधेश प्रदेश अधिवेशन भने महाधिवेशन पडाडि हुने भएको छ। कोशीमा चन्द्र राई, बागमतीमा उत्सव अर्याल र गण्डकी सभापतिमा नवीन त्रिपाठी विजयी भएका छन्। केन्द्रीय निर्वाचन आयोग प्रमुख भुवन केसीका अनुसार मधेश प्रदेशमा स्थगितजस्तै छ। बागमती, गण्डकी र लुम्बिनीको प्रदेश अधिवेशन शनिबार भएको छ। लुम्बिनीमा मतगणना जारी छ। बागमती र गण्डकीमा सभापति निर्वाचित भएर पदाधिकारी चुनिएका छन्। कर्णालीको आइतबार र सुदूरपश्चिम प्रदेश अधिवेशन सोमबार हुँदै छ।

सोलुखुम्बुका सभापति नारायणकाजी कार्की ०७४ मा एमालेबाट वडाध्यक्षमा निर्वाचित भएका थिए। ०७९ पछि उनी रास्वपा प्रवेश गरेका हुन्। खोटाङका सभापति मुकुन्दकृष्ण थापा पेसाले इन्जिनियर हुन्। त्यस्तै, इलामका सभापति दिनेश महत रेडियो बुद्धवाणीका सञ्चालक हुन्। पहिले कांग्रेस समर्थक थिए। धनकुटाका सभापति भुवन थापा पूर्वमाओवादी कार्यकर्ता हुन्। उनले पूर्वसांसद् हेमराज भण्डारीसँगै माओवादी छाडेका थिए। उदयपुरका सभापति चित्रकुमार कार्की विद्यार्थीकालमा कांग्रेसनिकट थिए। ०७४ को स्थानीय तह चुनावमा उनी त्रियुगा नगरपालिकाको मेयरमा स्तन्त्र उम्मेदवार बनेका थिए।

मधेशमा एउटा मात्र जिल्ला अधिवेशन

मधेशको एउटा मात्र जिल्लामा अधिवेशन भएको छ। पर्सामा बुद्धिप्रसाद पन्त (हरि पन्त) सभापति चुनिएका छन्। उनी होटल व्यवसायी हुन्। उनी यसअघि कुनै दलमा सक्रिय थिएनन्।

बागमतीमा सिन्धुपाल्चोकबाहेक १२ जिल्लाको नेतृत्व चयन

बागमतीमा १३ मध्ये सिन्धुपाल्चोकबाहेक १२ जिल्लाको अधिवेशन सम्पन्न भई नेतृत्व चयन भएको छ। नुवाकोटका युवा सभापति रामेश्वर गजुरेल यसअघि कुनै दलमा आबद्ध थिएनन्। रास्वपाबाटै राजनीति सुरु गरेका उनी त्यसअघि सामाजिक कार्य र शिक्षण पेसामा थिए।

भक्तपुर जिल्ला सभापति रामेश्वर बस्नेत ढुवानी व्यवसायी तथा समाजसेवा संलग्न व्यक्ति हुन्। ललितपुर जिल्ला सभापति बुद्धरत्न महर्जन कला क्षेत्रमा सक्रिय हुँदै रास्वपा स्थापनाकालबाट राजनीतिक सुरु गरेका व्यक्ति हुन्।

रसुवाका सभापति वसन्त भट्ट सभापति लामिछानेको मिसन र भिजनबाट प्रभावित भएर रास्वपामा आबद्ध भएका हुन्। त्यसअघि उनी राजनीतिक दलमा आबद्ध थिएनन्। काभ्रेका सभापति प्रवीणकुमार ढकालले पनि सभापति लामिछानेबाट प्रभावित भई रास्वपाबाटै राजनीति सुरु गरेका हुन्। त्यस्तै, रामेछापका सभापति रमेश रायमाझी कपडा व्यवसायी हुन्। सिन्धुलीका सभापति अविनाश बस्नेत व्यवसायी हुन्। विवेकशील अभियानबाट उनी रास्वपामा आएका हुन्। दोलखाका सभापति दिनेश बस्नेत रास्वपामा आबद्ध हुनुअघि एमालेको जिल्ला समिति सदस्य थिए। मकवानपुरका सभापति सञ्जीव पाठक माओवादीनिकट हुन्। चितवन उपनिर्वाचनको समयबाट रास्वपामा प्रवेश गरेका उनी अहिले नेतृत्वमा पुगेका हुन्। त्यस्तै, धादिङका सभापति राजन अर्यालको राजनीतिक पृष्ठभूमि कांग्रेस हो। चितवनका सभापति मिनिमाधव खनालको राजनीतिक पृष्ठभूमि कांग्रेस हो। काठमाडौं सभापति राजा शाक्यले एमालेबाट राजनीति सुरु गरेका हुन्।

गण्डकीमा कांग्रेस र एमाले त्यागेकाहरू बराबर नेतृत्वमा

गण्डकीका ११ जिल्लामध्ये नौ जिल्लामा नेतृत्व चयन भएको छ। मनाङ र मुस्ताङमा अधिवेशन भएको छैन। कास्की सभापति यदुनाथ अधिकारी यसअघि एमाले जिल्ला कमिटी सदस्य थिए। नवलपुरका सभापति दोमनबहादुर भण्डारी कांग्रेसबाट रास्वपा प्रवेश गरेका हुन्। उनी बालेन शाहको काम गर्ने शैलीबाट प्रभावित भएर रास्वपामा आएका हुन्। स्याङ्जाका सभापति रुक्माङ्गत भण्डारी कांग्रेसनिकट हुन्। सभापति लामिछानेको अभियानबाट प्रभावित भएर रास्वपा प्रवेश गरेका उनी नेतृत्वमा पुगेका हुन्।

तनहुँका सभापति विश्वनाथ बास्तोला दुई कार्यकाल कांग्रेस जिल्लासचिव भइसकेका राजनीतिज्ञ हुन्। उनी रास्वपाभित्र स्वर्णिम वाग्ले पक्ष मानिन्छन्। पर्वतका सभापति जलबहादुर पुन कांग्रेस समर्थक हुन्। सभापति लामिछानेबाट प्रभावित भएर रास्वपामा सक्रिय भएका हुन्। म्याग्दी सभापति युवराज रोक्का वैदेशिक रोजगारीमा थिए। सभापति लामिछानेबाट प्रभावित भएर स्वदेश फर्किए। लमजुङका सभापति अशोक सापकोटा एमालेको राजनीतिमा थिए। गोरखाका सभापति सुवर्ण रोकाया क्षेत्रीले सभापति लामिछानेबाट प्रभावित भएर रास्वपाबाटै राजनीति सुरु गरेका हुन्। बागलुङमा विवादका बीच सभापति निर्विरोध चुनिएका पुनम शर्मा एमाले सक्रिय कार्यकर्ता थिए।

लुम्बिनीमा धेरैजसो रास्वपामै राजनीति गरेका नेतृत्वमा

लुम्बिनीका १२ मध्ये ११ जिल्लामा अधिवेशन सम्पन्न भई नेतृत्व चयन भएको छ। रुकुमपूर्वमा अधिवेशन भएको छैन। पश्चिम नवलपरासीका सभापति डा. रवि पाण्डे रास्वपाबाटै राजनीतिमा आएका हुन्। रुपन्देहीका सभापति महेन्द्रप्रसाद उपाध्याय पनि रास्वपाकै राजनीति गरेर नेतृत्वमा पुगेका छन्। कपिलवस्तुका सभापति शिव सुवेदी पनि रास्वपाबाटै राजनीति गरेर नेतृत्वमा पुगेका छन्। पाल्पाका सभापति विष्णु भण्डारीको राजनीतिक पृष्ठभूमि एमाले हो। गुल्मीका सभापति हरि श्रेष्ठले पनि रास्वपाबाटै सक्रिय राजनीति थालेका हुन्। अर्घाखाँचीकी सभापति सीता पराजुलीको राजनीतिक पृष्ठभूमि कांग्रेस हो। दाङका सभापति किरण खनालले रास्वपाबाटै राजनीति गरेका हुन्। बाँकेका सभापति विवेककुमार श्रेष्ठ व्यवसायी हुन्। बर्दियाकी सभापति शान्ता बुढा क्षेत्री र प्यूठानका सभापति विकास पोखरेल पनि रास्वपाबाटै सक्रिय राजनीति सुरु गरेका हुन्। रोल्पाका सभापति बालराम थापाको पृष्ठभूमि कांग्रेस हो।

कर्णालीमा कांग्रेस छाडेकाको बाहुल्य

कर्णालीका नौ जिल्लामा अधिवेशन सम्पन्न भई नेतृत्व चुनिएको छ। डोल्पामा अधिवेशन हुन बाँकी छ। कालीकोटका सभापति प्रेमबहादुर केसी राप्रपा र कांग्रेस हुँदै रास्वपा प्रवेश गरेका हुन्। सल्यानका सभापति प्रकाश नेपाली एमाले र नेकपा (साबिक एकीकृत समाजवादी) हुँदै रास्वपामा प्रवेश गरेर नेतृत्वमा पुगेका छन्। सुर्खेतका सभापति रमेशकुमार सापकोटाको राजनीतिक पृष्ठभूमि कांग्रेस हो। दैलेखका सभापति बखतबहादुर भण्डारी पेसाले शिक्षक थिए। कांग्रेसबाट राजनीति गरेका उनी माओवादी हुँदै रास्वपा प्रवेश गरेर नेतृत्वमा पुगेका हुन्। रुकुम पश्चिमका सभापति द्रोण खड्काको राजनीतिक पृष्ठभूमि पूर्वमाओवादी हो। जुम्लाका सभापति मकरबहादुर भण्डारी पूर्वकर्मचारी हुन्। एमालेबाट राजनीति सुरु गरेका उनी माओवादी हुँदै रास्वपा प्रवेश गरेर नेतृत्वमा पुगेका छन्। जाजरकोटका सभापति महेश सिंहको राजनीतिक पृष्ठभूमि कांग्रेस हो। हुम्लाका सभापति लक्ष्मण ऐडीको राजनीतिक पृष्ठभूमि पनि कांग्रेस नै हो। मुगुका सभापति बिर्खबहादुर मल्ल कांग्रेसबाट आएका हुन्।

सुदूरपश्चिममा रास्वपाबाटै राजनीति गरेका जिल्ला नेतृत्वमा

सुदूरपश्चिमका नौवटै जिल्लामा अधिवेशन सम्पन्न भई नेतृत्व चयन भएको छ। बझाङका सभापति सत्यराज उपाध्याय एमालेबाट राजनीति सुरु गरेका थिए। अछामका सभापति ओमप्रकाश रावल, डडेल्धुराका सभापति सुरेन्द्र अवस्थी, कैलालीका सभापति कवीन्द्र ठगुन्ना, डोटीका सभापति केशव बलायरले भने रास्वपाबाटै राजनीति थालेका हुन्।

कञ्चनपुरका सभापति पदम विष्ट एमालेको राजनीतिबाट उदाएर रास्वपा प्रवेश गरी नेतृत्वमा पुगेका हुन्। दार्चुलाका सभापति राजेन्द्रसिंह सामन्तको राजनीतिक पृष्ठभूमि कांग्रेस हो। बाजुराका सभापति नवराज जैशीले विभिन्न दल बदल्दै रास्वपामा आएर नेतृत्वमा पुगेका छन्। उनी पहिला कांग्रेस, त्यसपछि माओवादी, एमाले र समाजवादी हुँदै रास्वपामा आएका हुन्। बैतडीका सभापति भीम नाथको राजनीतिक पृष्ठभूमि कांग्रेस हो।

संक्षेप

रिंकुकुमारीको हत्या भएको भन्दै आफन्तले गरे तोडफोड

महोत्तरी/ बर्दिवास नगरपालिका-१२ डाँडाटोलस्थित शशी सिंहकी श्रीमती अन्दाजी वर्ष २५ की रिंकुकुमारी सिंह झुन्डिएको अवस्थामा फेला परेपछि आफन्तले हत्या भएको भन्दै घरमा तोडफोड र आगजनी गरेका छन्। शुक्रबार राति ८ बजे रिंकुकुमारीले मृत्युको खबर पाएलगत्तै माइती पक्ष उनको घरमा पुगेको थियो। आक्रोशित आफन्तले घरमा रहेको कार, स्कुटी र मोटरसाइकल तोडफोड गरेका थिए। साथै, घरभित्रका विभिन्न सामानबाहिर निकालेर तोडफोड गरेका थिए। स्थिति नियन्त्रणमा लिन खोज्दा भएको झडपमा सुरक्षाकर्मी र रिंकुकुमारीको पीडित पक्षका केही व्यक्ति घाइते भएका थिए। प्रहरीले मृतक रिंकुकुमारीका श्रीमान् शशी सिंहलाई नियन्त्रणमा लिएको छ। शनिबार बिहान सुरक्षा निकाय, स्थानीय र नगरप्रमुखसमेतले घटनाको सूक्ष्म अनुसन्धान हुने र दोषी उम्कन नसक्ने बताएपछि पीडित पक्षले शवको मुचुल्का उठाउन दिएको हो। रिंकुकुमारीको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी पञ्चलाल गोलेले बताए।

प्रहरी हिरासतमा एकजनाको मृत्यु

सुर्खेत/ जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासत कक्षमा रहेका एकजनाको मृत्यु भएको छ। वीरेन्द्रनगर नगरपालिका- १०, पिपिराका २१ वर्षीय साबिर बक्सको शनिबार बिहान मृत्यु भएको हो। बिहान ४:३० बजेतिर बक्सलाई अचेत अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता कवीन्द्रसिंह बोहराले बताए। 'हिरासतमा अचेत अवस्थामा भेटिएलगत्तै कर्णाली प्रदेश अस्पतालमा उपचार गर्न पुऱ्याइएको थियो,' उनले भने, 'अस्पतालमा पुऱ्याएलगत्तै चिकित्सकले मृत घोषणा गरेका थिए।' प्रहरीका अनुसार बक्स चोरी मुद्दामा पक्राउ परेका थिए। प्रहरीले बुधबार म्याद थप गरेर उनीमाथि अनुसन्धान गरिरहेको थियो। मृतकको शव परीक्षणका लागि बाँकेबाट फरेन्सिक डाक्टर आउने प्रक्रियामा रहेको र त्यसपछि मात्र थप प्रक्रिया अघि बढ्ने बोहोराले बताए।

ज्यान मुद्दाका फरार प्रतिवादी सात वर्षपछि पक्राउ

रामेछाप/ अवैध शारीरिक सम्बन्धबाट गर्भधारण भएको शिशुलाई जंगलको ओडारमा छोडी ज्यान मारेकोसम्बन्धी कसुरमा फरार प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय रामेछापले सात वर्षपछि पक्राउ गरेको छ। पक्राउ पर्नेमा रामेछापको उमाकुण्ड गाउँपालिका-७ पोल्दिम निवासी रामबहादुर सुनुवार छन्। घटना विवरणअनुसार विना सुनुवार र रामबहादुर सुनुवारबिचको अवैध शारीरिक सम्बन्धबाट गर्भधारण भएको शिशुलाई ९ असार ०७६ राति जन्माएर उमाकुण्ड गाउँपालिका-७ स्थित पोल्दिम जंगलको ओडारमा फालिएको र त्यहीँ शिशुको ज्यान गएको घटनापछि जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भएको थियो। घटनाको बिषयमा प्रहरीले ज्यानसम्वन्धी कसुरमा मुद्दा चलाउने गरी जिल्ला सरकारी वकील कार्यालयमा राय पेस गरेको थियो। प्रहरीको रायको आधारमा जिल्ला सरकारी वकील कार्यालयले सुनुवारलाई कर्तव्य ज्यान कसुरमा मुद्दा चलाउन रामेछाप जिल्ला अदालतमा अभियोगपत्र पेस गरेको थियो। प्रहरीको राय र वकिल कार्यालयको अभियोगपत्रको आधारमा जिल्ला अदालतले सुनुवारलाई कर्तव्य ज्यान मुद्दामा दोषी ठहर गरेको थियो। अदालतले दोषी ठहर गरेका सुनुवार लुकिछिपी आफूनै गाउँमा बस्दै आएकोमा प्रहरीले खोजतलास गर्ने क्रममा २७ जेठ राति उनलाई उमाकुण्ड गाउँपालिका-७ स्थित पोल्दिमवाट पक्राउ गरी रामेछाप अदालतमा शुक्रवार पेस गरेको थियो। अदालतले शुक्रवार पुर्पक्षमा पठाउने आदेश दिएसँगै सुनुवारलाई कारागार कार्यालय रामेछाप पठाइएको जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी विशाल सिंहले बताए।

कांग्रेसमा ६ लाख ८८ हजारले गरे क्रियाशील सदस्यता अद्यावधिक

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल कांग्रेसका ६ लाख ८७ हजार ९३१ क्रियाशील सदस्यले सदस्यता अद्यावधिक गरेका छन्। जसमध्ये पाँच लाख ३८ हजार ६२२ क्रियाशील सदस्यहरूले एनसी आइडी कार्ड प्राप्त गरिसकेको र एक लाख ४९ हजार ३०९ जना क्रियाशील सदस्यहरूले पेस गरेको स्वयं अद्यावधिक फाराम डिजिटल प्रणालीमा प्रविष्ट भई वडा तहमार्फत अद्यावधिकको प्रक्रियामा रहेको क्रियाशील सदस्यता व्यवस्थापन समितिले जनाएको छ।



कांग्रेसको १४औं महाधिवेशनमा आठ लाख ८२ हजार ८१६ क्रियाशील सदस्य थिए। तीमध्ये १५ महाधिवेशनका लागि गत पुससम्म नवीकरण, नयाँ सदस्य बनेका र अद्यावधिक गर्न योग्य संख्या सात लाख ८२ हजार २०९ रहेको कांग्रेसले जनाएको छ। क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्य एवं सहमहामन्त्री प्रकाश स्नेहीका अनुसार सदस्यता व्यवस्थापन केन्द्रीय समितिको शनिबार बसेको बैठकले अनलाइनमार्फत प्रविष्ट भएका फाराम वडा तहबाट ५ असारभित्र अनुमोदन गरिसक्न निर्देशन दिएको छ।

महामन्त्री एवं सदस्यता व्यवस्थापन समितिका संयोजक प्रदीप पौडेलको संयोजकत्वमा बसेको बैठकको निर्णयमा भनिएको छ, 'अनलाइनमार्फत प्रविष्ट भएका फाराम वडा तहबाट असार ५ गतेभित्र अनुमोदन गरिसक्न सदस्यता व्यवस्थापन केन्द्रीय समिति निर्देश गर्दछ। तोकिएको समयसीमाभित्र वडा तहबाट अनुमोदन नभएमा विधानबमोजिम क्रियाशील सदस्यता प्राप्त गर्न/नवीकरण गर्न योग्य सदस्यहरूलाई केन्द्रले स्वतः अनुमोदन गर्ने व्यवस्था मिलाइनेछ।' इन्टरनेटको पहुँच अति कम भएका उच्च हिमाली क्षेत्रका केही जिल्लाहरू, विकट पहाडी जिल्लाका केही पालिकाहरू तथा क्रियाशील सदस्यता अद्यावधिक ढिलाइ भएका बारा र खोटाङ जिल्लाका हकमा क्रियाशील सदस्यता अद्यावधिक गर्ने समय ७ असारसम्म कायम गरिएको छ।

विदेशस्थित नेपाली जनसम्पर्क समितिहरूका हकमा क्रियाशील सदस्यता अद्यावधिक गर्न १० असारसम्मको समय दिइएको छ। क्रियाशील फाराम तथा अनलाइनमार्फत नयाँ क्रियाशील सदस्यता वितरण २० असारसम्म कायम गरिएको छ।

क्रियाशील सदस्यता नवीकरण गरी अद्यावधिक गरिएका र नयाँ क्रियाशील सदस्यता वितरण गर्दा बुझाउनुपर्ने विधानबमोजिम तोकिएको शुल्क नबुझाई अद्यावधिक भएको वा नयाँ क्रियाशील सदस्यता प्रविष्टी गर्दा शुल्क नबुझाएको भए त्यस्ता क्रियाशील सदस्यहरूलाई यथाशीघ्र शुल्क बुझाउन लगाउन सम्बन्धित तहका सभापतिहरूलाई समितिले निर्देशन दिएको छ। तोकिएको शुल्क नबुझाउने क्रियाशील सदस्यले १५औं महाधिवेशन प्रक्रियामा भाग लिन नपाउने पनि समितिले स्पष्ट पारेको छ। क्रियाशील सदस्यता अद्यावधिक गर्न तोकिएको समयसीमाभित्र विविध कारणले वडाबाट नवीकरण र अद्यावधिक गर्न छुट हुन गएको भए सोको निरन्तरतासहित अद्यावधिक गर्न चाहने क्रियाशील सदस्यहरूले २० असारभित्र आफू क्रियाशील सदस्य रहेको प्रमाणसहित केन्द्रीय कार्यालयमा निवेदन दिन सक्ने निर्णय पनि बैठकले गरेको छ।

सुस्ता घटनाको सत्यतथ्य सार्वजनिक गर्न एमालेको माग

काठमाडौं/ एमालेले नेपाली भूमि सुस्तामा भारतीय सुरक्षाकर्मी प्रवेश गरेको घटनाको सत्यतथ्य सार्वजनिक गर्न माग गरेको छ। चुनावी समीक्षा र पुनर्गठनसम्बन्धी कार्यदलद्वारा शनिबार सम्पन्न एमाले बागमती प्रदेश कमिटीको बैठक र भेलाले त्यस्तो माग गरेको हो। शुक्रबार भारतीय सुरक्षाकर्मी नेपाली भूमि प्रवेश गरेपछि सुस्तावासीले प्रतिकार गरी भगाएको श्रव्यदृश्यसहितका समाचार सार्वजनिक भएको थियो।

'पश्चिम नवलपरासीको सुस्तामा भारतीय सीमासुरक्षा बल एसएसबी प्रवेश गरेको घटना सार्वजनिक भएको छ। सरकारको तर्फबाट सत्यतथ्य सार्वजनिक गर्न र यस्तो घटना रोक्न सरकारसमक्ष जोडदार माग गर्दछ,' भेलाले पारित गरेको प्रस्तावमा भनिएको छ।

त्यस्तै, महँगीका कारण दैनिक उपभोग्य वस्तु, कृषि उत्पादनका सामग्री, इन्धन, शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत सेवाहरूको मूल्य निरन्तर वृद्धि हुँदै जाँदा आमनागरिकको जीवनयापन कठिन बन्दै गएको अवस्थाप्रति ध्यानाकर्षण भएको जनाउँदै एमालेले महँगी नियन्त्रण गर्न सरकारसँग जोडदार माग गरेको छ। त्यस्तै, १७ जेठमा प्रधानमन्त्रीले संसद्मा दिएको अभिव्यक्तिप्रति भर्त्सना गर्दै एमालेले देशद्रोही अभिव्यक्ति सच्याउन र यस्तो किसिमको अभिव्यक्ति नदिन चेतावनी दिएको छ। शुक्रबारको बैठकमा बागमती प्रदेशका सबैजसो जिल्ला अध्यक्षहरूले अर्को महाधिवेशनसम्म पार्टीमा केपी ओलीको नेतृत्वको कुनै विकल्प नभएको भन्दै मूल नेतृत्व नफेरी पार्टीलाई पुनर्गठन गर्नुपर्ने धारणा राखेका थिए।

जिल्ला अस्पताल उदयपुरमा डाक्टर छन्, सेवा छैन

अक्सिजनदेखि ल्याब सेवासम्म ठप्प, महिनौंदेखि भत्ता नपाएपछि आन्दोलनमा चिकित्सक

५० शय्याको अस्पतालका वार्ड रित्तै

उदयपुरमा **विदुर कटुवाल**

एक वर्षअघि कोशी प्रदेशका जिल्ला अस्पतालहरूमध्ये उत्कृष्ट अस्पताल घोषित प्रादेशिक जिल्ला अस्पताल उदयपुर यतिबेला गम्भीर संकटमा फसेको छ। अस्पतालमा विशेषज्ञ चिकित्सकको अभाव छैन, भवन र संरचना पनि छन्, तर आधारभूत सामग्री, उपकरण र प्रशासनिक व्यवस्थापनको अभावले स्वास्थ्य सेवा नै प्रभावित बनेको हो।

शनिबार आयोजित पत्रकार सम्मेलनमा चिकित्सकहरूले 'अस्पतालमा डाक्टर छन्, तर सेवा छैन' भन्नुपर्ने अवस्था आएको गुनासो गरेका थिए। जिल्ला सदरमुकाम गाईघाटस्थित अस्पतालले हाल स्त्री तथा प्रसूति रोग, नवजात तथा बालरोग, हाडजोर्नी तथा नसा रोग, दन्तरोग लगायतका विशेषज्ञ सेवा, विभिन्न सर्जरी वा अप्रेसन सेवासमेत छ। तर, पछिल्ला केही महिनादेखि प्रशासनिक अव्यवस्था, आर्थिक संकट र आन्तरिक विवादका कारण अस्पतालको सेवाप्रवाह नै हाल बन्द हुने अवस्थामा छ।

शनिबार अस्पतालकै सभाहलमा पत्रकार सम्मेलनमार्फत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले अस्पतालको



वास्तविक अवस्था सार्वजनिक गर्दै आन्दोलनको चेतावनी दिएका छन्। उनीहरूले अस्पतालमा देखिएका समस्या समाधानका लागि पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि कुनै सुनुवाइ नभएकाले आन्दोलनको तयारी गरेका हुन्।

डा. कृष्णकुमार यादवले अत्यावश्यक सामग्रीसमेत अभाव भएको बताए। 'सामान्य रूपमा पनि अस्पतालमा फिल्टर, साबुन, सर्फ, गज, पन्जा, कुचोलगायतका दैनिक आवश्यक सामग्रीसमेत उपलब्ध छैनन्। अरू सेवाको कुरै नगरौं,' उनले भने।

सबैभन्दा चिन्ताजनक अवस्था अक्सिजन आपूर्तिको रहेको चिकित्सकहरूको भनाइ छ। अस्पतालमा केही सातादेखि अक्सिजन सकिएको र अक्सिजन आवश्यक पर्ने बिरामीको उपचारमा समेत कठिनाइ भइरहेको छ। 'अस्पतालमा अक्सिजनजस्तो आधारभूत सेवा नै उपलब्ध छैन भने बिरामीको उपचार कसरी गर्ने ?' यादवले भने।

विभिन्न रोगको परीक्षण गर्ने ल्यब (प्रयोगशाला) सेवा पनि बन्द छ। सामान्य दिसापिसाब परीक्षण तथा 'कम्प्लिट ब्लड काउन्ट' (सिबिसी)जस्ता आधारभूत परीक्षणसमेत नियमित रूपमा हुन नसक्दा बिरामीहरू निजी प्रयोगशालामा धाउन बाध्य भएको चिकित्सकहरूले जारी गरेको विज्ञप्तिमा भनिएको छ। एक्स-रे सेवा बन्द छ। अस्पतालमा दुईवटा एक्स-रे प्रिन्टर हुँदाहुँदै थप नयाँ प्रिन्टर खरिदले समस्या भएको चिकित्सकहरूको भनाइ छ।

कोशी प्रदेश सरकारमातहत रहेको उदयपुर जिल्ला अस्पतालमा हेमोडायलाइसिस सेवा पनि संकटमा परेको छ। उदयपुरसहित छिमेकी जिल्लाका सयौं मिर्गौला रोगीले लाभ लिइरहेको उक्त सेवा सञ्चालनका लागि आवश्यक व्यवस्थापन हुन नसक्दा सेवा प्रभावित भएको विज्ञप्तिमा जनाइएको छ।विशेषज्ञ चिकित्सकहरूले ६ महिनादेखि प्रोत्साहन भत्ता र अन्य भत्ता नपाएको बताएका छन्। मेडिकल अधिकृतहरूले चार महिनादेखि अतिरिक्त भत्ता प्राप्त गरेका छैनन् भने चालू आर्थिक वर्षको खाजा भत्तासमेत वितरण हुन सकेको छैन।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. मुकेश झाले स्वास्थ्यकर्मीहरूको माग जायज रहेको बताए। अस्पतालमा पर्याप्त चिकित्सक रहे पनि आवश्यक सामग्री र व्यवस्थापन अभावका कारण सेवा दिन नसकिएको उनले बताए। 'हामीसँग सेवा दिने जनशक्ति छ। विशेषज्ञ चिकित्सक छन्। तर, अस्पतालभित्रका समस्याले सेवा दिन सक्ने अवस्था छैन,' उनले भने, 'अहिले ५० शय्याभन्दा बढी क्षमताको अस्पतालका अधिकांश वार्ड खाली छन्। ल्याब सेवा लगभग बन्द छ।'

बजेटमा जनअपेक्षा पूर्ति गर्ने इच्छाशक्ति खोइ ?

बजेटले पराश्रित आर्थिक अवस्थालाई काबुमा ल्याएर व्यापार गतिविधिलाई नेपालको पक्षमा पार्ने भरपर्दो व्यावहारिक रणनीति र इच्छाशक्ति देखाउन सकेको छैन



● अर्जुननरसिंह केसी

अग्रलेख

विद्वान् र अनुभवी अर्थशास्त्री अर्थमन्त्रीले अर्थतन्त्रको संरचनागत सुधार र रूपान्तरणको लक्ष्यसाथ आर्थिक वर्ष ०८३/८४ को बजेट प्रस्तुत गर्नुभएको छ। बजेट कार्यान्वयनका लागि २१ पृष्ठ र ४० बुँदामा प्रस्तुत विनियोजन विधेयकले बजेटको भावना बोकेको छ। उत्पादन र रोजगारी बढाउने, थिति बसाल्ने, नीतिगत तथा संस्थागत सुदृढीकरण, पारदर्शिता, लगानी एक्सप्रेस, सार्वजनिक-निजी-साझेदारी, डिजिटल कार्यप्रणाली, छिटो-छरितो सार्वजनिक सेवा र सुशासनमा जोड दिइएको छ। भारी बहुमतसाथ बनेको वर्तमान सरकारसँग जनताका असीमित अपेक्षा छन्। तर, जनअपेक्षालाई परिपूर्ति गर्ने इच्छाशक्ति यो बजेटमा कतै पनि देखिन्न।

प्राञ्जल भाषाशैलीमा कलात्मक ढंगले प्रस्तुत बजेटको सार्थकतालाई कार्यान्वयनको कसीमा जाँच्नु जरुरी छ। तर, बजेटको सौम्य र स्तरीय भाषाविपरीत अर्थमन्त्रीले प्रश्नकर्ता सांसदलाई धम्कीको भाषा प्रयोग गर्नुमा अहंकार झल्किन्छ। करका दर योभन्दा अगाडि पनि बजेट प्रस्तुत गरेपछि संसद्बाट 'प्राविधिक त्रुटि'का नाममा हेरफेर भएकै हुन्। तर, यसपालिजस्तो सुटुक्क कार्यकारी आदेशबाट होइन। कुनै पनि विषय संसद्मा प्रस्तुत भएपछि त्यो संसद्को सम्पत्ति हुने भएकाले संसदीय प्रक्रियाद्वारा नै हेरफेर हुन सक्छ भन्ने ज्ञानको कमी, अहंकार वा बहुमतको दम्भ जेजसरी गरिको भए पनि सो हेरफेरको रक्षामा अर्थमन्त्रीबाट सुनिएको जवाफ दुःखपूर्ण छ। अन्तिम निर्णयकर्ता बहुमत हुँदाहुँदै वैधानिक प्रक्रिया र संसदीय परम्परालाई चुनौती दिन मिल्दैन।


नेपालले हरेक वर्ष ठुलो रकमको बजेट बनाउँछ, बिचमा घटाउँछ, अन्ततः स्थलगत र लक्षित शीर्षकमा न्यून खर्च गरेर सकिन्छ। कार्यान्वयन पक्ष कमजोर भयो भने बजेट र विनियोजन विधेयकले लिएको अर्थ-राजनीतिक संरचनागत सुधारका कुरा मिथ्या र प्रियतावादी (पपुलिस्ट) आदर्शका सपना बाँड्ने निबन्धमा सीमित हुनेछ। सत् विचारभन्दा सत्कर्म उत्तम भनिन्छ। परिवर्तित सामाजिक गतिशीलता, उच्च आकांक्षा र रूपान्तरणको आशा लिएको बजेटले जनभावनालाई आत्मसात् गरेको देखिन्न। साधारण बजेट शतप्रतिशत खर्च गरिसक्ने सरकारी संयन्त्रले चालू आव (०८२/८३) को वैशाख मसान्तसम्म २७.९१ प्रतिशत (एक खर्ब १३ अर्ब ८४ करोड रुपैयाँ) मात्र पुँजीगत खर्च गरेको छ। यस वर्ष पनि 'असारे विकास' विकृति दोहोरने निश्चित छ। ६६ खर्ब रुपैयाँको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) रहेको अर्थतन्त्र, यथास्थितिको संयन्त्रद्वारा सात प्रतिशतको आर्थिक वृद्धि सुखद कल्पना (विस्फुल थिंकिङ) मात्र हुन सक्छ।

यसको सार्थकतामा प्रश्न उठाइहाल्नुपर्ने मुख्य कारण, संस्थागत क्षमता अभिवृद्धि गर्ने, साधन र समयसीमाको खाका छैन। यो बजेट माथिल्लो र मध्यम वर्गलाई रिझाउने गरी आए पनि तल्लो वर्गप्रति भने उदासीन देखिन्छ। झन्डै ५० लाखको संख्याका निरपेक्ष गरिबीको रेखामुनि बाँचेका सीमान्तकृत, उपेक्षित, आदिवासी, दलित, जनजाति, महिला र मधेशीलाई न्यूनतम आयको सुनिश्चितता र सामाजिक सुरक्षाको प्रत्याभूति नै हाम्रो विकासको प्रथम आधार हुनुपर्छ। यतातिर यसको प्राथमिकता देखिन्न।

घरवास उठाइएका सुकुमवासीहरू डोजर आतंकबाट पीडित मात्र होइन, 'होल्डिङ सेन्टर'मै मृत्युवरण गर्न बाध्य भएका घटना पनि जगजाहेर छ। महिला, बालबालिका, बिरामी, अशक्त र वृद्धवृद्धालाई वर्षाको हिलाम्मे मौसममा कहाँ थन्क्याउने भन्ने विषयमा बजेट मौन छ। वैकल्पिक व्यवस्था नगरी चलाइएको डोजर आतंकको पीडा भोगिरहेका जनताका लागि पनि बजेटले आशाको सञ्चार गराउन सकेन। बासउठ्ठा गरेर त्यसै छाड्न कदापि हुँदैन। गरिबीको यस्तो महासागरमा समृद्धिका केही टापुजस्ता केही सहर, तिनमा बनेका केही भ्युटावर वा अनुत्पादक विमानस्थल, विकासको सही लगानी र प्रतिफलको अपेक्षा हुन सक्दैन। बजेट, दूरदराज, हिमालको खोंच वा पहाडका कन्दरा वा मधेशका उपेक्षित देहातसम्म नै आशाको सञ्चार गराउने र कार्यान्वयनको भरोसा बोकेको प्रतिबद्धता हुनुपर्छ।

शिक्षा, स्वास्थ्य, कृषि, ऊर्जा, पूर्वाधार विकास, डिजिटल सेवा, सम्पूर्ण सुधारको प्रतिबद्धता सुन्दर र निर्विवाद पक्ष हुन्। सुशासनको बाटोमा बजेटका प्रतिबद्धता भ्रामक सपना मात्र नहोस्। शिक्षा र स्वास्थ्यमा आमूल सुधार तथा उन्नति नै वास्तविक र दिगो विकासको पूर्वसर्त हो। शिक्षामा गुणस्तरीय विकास, अनुसन्धान र नवप्रवर्तन भनिएको छ, तर उच्च शिक्षामा एक प्रतिशतभन्दा बजेट बढेको छैन। स्वास्थ्य क्षेत्र अव्यवस्थित अवस्थामा छ। स्वास्थ्य बिमाको भुक्तानी सरकारले अझैसम्म दिन सकेको छैन। आर्थिक क्षेत्रमा अबको संरचनागत परिवर्तनले उर्लंदो जनआकांक्षालाई न्याय र समृद्धिको सम्भावना दिनुपर्छ।

पहिले जिडिपीमा कृषिको योगदान ४२ प्रतिशत थियो। त्यो योगदान निरन्तर खुम्चिँदै गएर पुग-नपुग २५ प्रतिशतमा आइसकेको तथ्यांक अर्थ मन्त्रालयको ताजा आर्थिक सर्वेक्षणमा उल्लेख छ। अर्कातिर वैदेशिक रोजगारी र विप्रेषणले जिडिपीमा कृषिलाई जितिसक्यो।



यो राम्रो होइन। खेतबारी बाँझो राखेर, कृषि उत्पादनमा निरन्तर ह्रास आउने गरी खाद्यान्न तथा खाद्य पदार्थको बढ्दो आयात बढाउनु सुखद परिसूचक हुन सक्दैन। विप्रेषणबाट विदेशी मुद्राको सञ्चितिलाई उत्पादनशील क्षेत्रमा पुँजीका रूपमा लगानी गर्ने व्यवस्था गरियोस्। हरेक दिन रोजगारीका लागि तीन-चार हजारको संख्यामा बिदेसिने हाम्रा होनहार युवाशक्ति, हरेक दिन तीनदेखि पाँचवटासम्म पार्थिव शरीरका रूपमा कफिनमा फर्किरहेका छन्। हृदय विदीर्ण गराउने यो दुःखद अवस्थालाई आगामी आवको बजेटले २०-२५ प्रतिशत मात्र कम गर्न सकेको अवस्थामा यसको मुक्तकण्ठले प्रशंसा पनि गरौँला। तर, यस्तो साहस र आँट बजेटमा देखिन्न। डिजिटल सुधार र रंगशाला निर्माणले मात्र प्रतिभा पलायन, जनशक्ति पलायनजस्ता समस्याको समाधान हुँदैन।

५० युनिटभन्दा बढी बिजुली खपत गर्ने ग्राहकलाई पाँच प्रतिशत अतिरिक्त कर लगाउने बजेटको घोषणा गलत छ। विद्युत् उपभोगलाई निरुत्साहित गर्ने र आयातित इन्धनमाथिको निर्भरतालाई प्रोत्साहन दिने नीति अर्थतन्त्रको हितमा देखिन्न। खाना पकाउन, गाडीको इन्धनलगायत सम्पूर्ण घरायसी कामका लागि आयातित पेट्रोलियम पदार्थमाथि निर्भरता घटाउन स्वदेशमा उत्पादित विद्युत्लाई प्राथमिकता दिनुपर्नेमा यो बजेट ठिक विपरीत दिशामा छ।

विदेशमा भएका नेपाली कूटनीतिक नियोगलाई इज्जत र आम्दानीको राम्रो भर्तीकेन्द्र हुनबाट बचाउन आर्थिक कूटनीतिका रूपमा विकसित गर्ने र विदेशीलाई नेपालतिर आकर्षित गर्ने बृहत् तयारी जरुरी छ। यसमा सिंगो राष्ट्रको प्रतिनिधित्व गर्नेमा लब्धप्रतिष्ठित, अनुभवी कूटनीतिज्ञ र विशेषज्ञलाई प्राथमिकता दिनु जरुरी छ। तर, दर्खास्त आह्वान गरेर यस्ता प्रतिष्ठित र अनुभवी बौद्धिक व्यक्तित्व फेला पर्दैनन्। बरु राष्ट्रियस्तरका निष्पक्ष व्यक्तित्व सम्मिलित तीनजनाको समूह वा 'कलेजियम' बनाएर 'रोस्टर' तयार पारी छनोट गर्दा उपयुक्त र व्यावहारिक होला।

> कार्यान्वयन पक्ष कमजोर भयो भने बजेट र विनियोजन विधेयकले लिएको अर्थ-राजनीतिक संरचनागत सुधारका कुरा मिथ्या र प्रियतावादी (पपुलिस्ट) आदर्शका सपना बाँड्ने निबन्धमा सीमित हुनेछ

'आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन' पुरानो नारा अबको राष्ट्रिय संकल्प हुनुपर्छ। विगतमा केही नभएको भन्ने होइन। नेपालबाट निर्यात भइरहेका उत्पादनमा नेपाल अलैंचीका लागि विश्वमै ठुलो उत्पादक र निर्यातकर्ता हो। इलामको अर्ग्यानिक चिया र पहाडी इलाकाको अर्ग्यानिक कफी युरोप, जापान, अमेरिकाजस्ता मुलुकमा लोकप्रिय र बजार विस्तारमा छ। यार्सागुम्बा, तेजपात, टिमुर, 'टर्पेन्टाइन'जस्ता जडीबुटी र आयुर्वेदिक तेल पनि प्रिय मानिन्छन्। हातले बुनेको गलैंचा अमेरिका, जर्मनी, बेलायतलगायत मुलुकमा प्रसिद्ध छ। नेपाली मौलिक उत्पादन कागजको जापानमा धेरै माग छ। पस्मिना सल, स्वेटर, टोपी, हस्तकलाका सामान (मूर्ति, थांका, चाँदीका गहना, कागजका डायरी), काष्ठकला, छालाका सामग्री (जुत्ता, वालेट, झोला, कम्मरपेटी), रेडिमेड लुगा, सिमेन्ट, क्लिंकर, स्याउको जुस, मह, प्रशोधित फल, छुर्पीको माग विश्वबजारमा बढ्दै गएको भए पनि यस्ता निर्यातमूलक उत्पादनलाई सरकारले भरपर्दो अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गरिदिन सकेको छैन। जेजति हुनसकेको छ, निजी क्षेत्रको पहल र प्रयासले मात्र भइरहेको छ।

निजी क्षेत्रलाई प्रोत्साहन र बजारमैत्री साझेदारी, सुदृढ अर्थतन्त्रको अनिवार्य विशेषता हो, तर बजारमैत्रीका नाममा बजार अराजकता भने पूर्ण नियन्त्रित हुनुपर्छ। निजी क्षेत्रलाई गरिबमैत्री बनाउने राष्ट्रिय दिशा निर्दिष्ट हुनुपर्छ। अराजक बजार अवस्थालाई हस्तक्षेप गरेर कल्याणकारी राज्यको अवधारणाअनुरूप नियमन गर्नु राज्यको कर्तव्य हुन्छ। यसमा सरकारी संस्थान र कम्पनीको भूमिका महत्त्वपूर्ण हुन्छ। सुशासन भनेको विधिको शासन हो, पारदर्शिता, निष्पक्षता र भ्रष्टाचारमुक्त समाज हो। सम्पत्ति शुद्धीकरण आयोग गठन र भ्रष्टाचार नियन्त्रण गर्ने कुरा स्वागतयोग्य छ। नीतिगत भ्रष्टाचारलाई परिभाषित गर्न र छानबिन गर्न सबल कानुनी व्यवस्था हुनुपर्छ। नीतिगत निर्णयलाई स्पष्ट रूपमा परिभाषित गर्ने कानुन बन्नु एकदमै जरुरी छ। नीतिगत भ्रष्टाचार अनियन्त्रित रूपमा दण्डहीनताको स्रोत बनिरहेको छ। यत्रो परिवर्तनको वाचा बोकेर आएको जनअपेक्षाको सरकारले विदेशमा थुपारिएको अवैध सम्पत्ति छानबिन गर्ने आँट देखाउन नसक्नु दुःखद पक्ष हो। कानुनको शासन (रुल अफ ल) भनेको आफ्नो स्वार्थअनुकूलको कानुन बनाएर शासन (रुल बाई ल) होइन। बजेटले बोकेको सुन्दर शब्दावली र प्राञ्जल शैली 'जो हो नबर्सिने मेघ उही गर्जन्छ घर्घर....' भनेजस्तो नहोस्।

'समानान्तर अर्थतन्त्र'का रूपमा सशक्त पहुँच र पकड बनाएको आर्थिक अराजकता, अपराध, विचौलिया प्रथामाथि कठोर नियन्त्रण गर्ने भरोसा बढाउने रणनीतिविपरीत उनीहरूको चलखेल बढ्दै गएको सुन्न थालिएको छ। विदेशी बैंकमा थुपारिएको अवैध सम्पत्ति फिर्ता गर्ने साहसिक कदम चलाउने कहिले ? आवश्यकता परे एक हजार र पाँच सयका नोट खारेज (डिमोनिटाइजेसन) गर्न सरकारसँग तत्परता र इच्छाशक्ति हुनुपर्छ। आर्थिक अराजकता, बेथिति र भ्रष्टाचार रोक्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत, राजस्व अनुसन्धान, नेपाल प्रहरीको सिआइबी, राष्ट्रिय सतर्कता केन्द्रलगायत निकायको दक्षता वृद्धि र परिचालनलाई अझ गतिशील बनाउनु जरुरी छ।

हाम्रो अर्थतन्त्रलाई आत्मनिर्भरता दिने प्रचुर सम्भाव्यताका चार आधारस्तम्भ हुन्- कृषि, जलस्रोत, पर्यटन र सेवा उद्योग (बैंकिङ, अस्पताल, शिक्षण संस्था आदि)। उद्योग, वैदेशिक रोजगारी विप्रेषण (रेमिट्यान्स) लाई लगानीयोग्य पुँजीका रूपमा परिचालन गर्ने ठोस नीति बजेट वक्तव्यले लिन सकेको देखिँदैन। आयात-निर्यात व्यापार घाटा हरेक वर्ष बढिरहेको र चेतावनीको तहमा पुगेको छ। पराश्रित आर्थिक अवस्थालाई काबुमा ल्याएर व्यापार गतिविधिलाई नेपालको पक्षमा पार्ने भरपर्दो व्यावहारिक रणनीति र इच्छाशक्ति बजेटले देखाउन सकेको छैन।

(कांग्रेस केन्द्रीय सदस्य केसी प्रतिनिधिसभा सदस्य हुन्)

---

३ प्रश्न

संसद्को पूर्वाधार विकास समितिका सभापति तथा यातायातविज्ञ **आशिष गजुरेल**लाई



डिजिटल मोबिलिटी सेवा सञ्चालनसम्बन्धी मापदण्डले 'राइड सेयरिङ'लाई कसरी व्यवस्थित गर्ला ?

'राइड सेयरिङ' प्रविधिको विकाससँगै आएको हो। कसैले चाहेर पनि प्रविधिलाई रोक्न सकिन्न। यो निकै लोकप्रिय पनि छ। राइड सेयरिङमा दुईपांग्रे सवारी साधन निकै सहज पनि छ। त्यसैले, यसलाई रोक्ने होइन, नियमन गर्नु जरुरी छ। राइड सेयरिङ गर्ने यात्रुलाई सुरक्षित राख्न र उनीहरूले तिरेको रकमलाई ट्याक्समा जोड्न पनि कानुन जरुरी छ। नागरिकको जिउधनको सुरक्षा गर्नु राज्यको दायित्व हो। अहिले राइड सेयरिङसम्बन्धी कानुन नल्याई नहुने अवस्था भएकाले त्यसको मस्यौदा तयार गरिएको हो।

यो मापदण्डका कारण धेरैको रोजगारी खोसिने सरोकारवालाको गुनासो छ नि ?

त्यस्तो केही हुँदैन। भइरहेको व्यवस्था छाडेर नयाँमा जाँदा केही अप्ठ्यारो महसुस हुनु स्वाभाविक हो। तर, नयाँ 'सिस्टम' आइसकेपछि त्यसमा सबै 'एडप्ट' गर्नैपर्छ। रातो 'नम्बर प्लेट'ले यात्रुलाई सेवा दिन नपाउने हो भने कालो प्लेटमा जानुपर्ने पनि हुन्छ। कानुन आइसकेपछि त्यसको दायराभित्र सबै आउनुपर्छ। परिवर्तनलाई आत्मसात् गरेर जान केही समय लाग्न त सक्छ, तर त्यसबाट धेरैलाई फाइदा पुग्ने, सेवा व्यवस्थित, मर्यादित र सुरक्षित हुने भएकाले कसैले पनि शंका गरिरहनुपर्दैन। कानुन आउँदैमा रोजगारी खोसिएला भनेर डराउनुपर्दैन। मापदण्डमा समस्या छन् भने सरकारलाई सुझाव दिनुस्, त्यसलाई पनि मापदण्डमा समेट्न सकिन्छ।

राइड सेयरिङलाई सुरक्षित, व्यवस्थित र भरपर्दो बनाउन थप के गर्नुपर्ला ?

राइड सेयरिङ आवश्यक छ भन्नेमा शंका छैन। र, त्यसलाई सुरक्षित, व्यवस्थित र भरपर्दो बनाउनु पनि जरुरी छ। त्यसैले, सरकारले त्यससम्बन्धी प्रस्ट मापदण्डसहितको कानुन ल्याउने तयारी गरिरहेको छ। कानुनसँगै त्यसको प्रभावकारी कार्यान्वयन र नियमनपछि राइड सेयरिङ सुरक्षित र व्यवस्थित हुनेछ।

प्रेरक प्रसंग

फूलको आक्रोश

एक मन्दिरमा स्थापित प्रस्तर मूर्तिमा चढाइएको एक फूलले आक्रोशित हुँदै पुजारीसित भन्यो- पुजारी महोदय, तपाईं जहिल्यै यस प्रस्तर मूर्तिमा मलाई चढाएर यसको पूजा गर्नुहुन्छ। यस्तो पारा मलाई कत्ति पनि मन पर्दैन। पूजा नै गर्ने हो भने त मेरो पो हुनुपर्ने हो त ! किनकि, म कोमल, सुन्दर र सुवासित छु। तपाईं जसको पूजा गरिरहनुभएको छ, त्यो त मात्र एउटा पत्थर हो, पत्थर !



फूलको आक्रोशयुक्त गुनासो सुनिसकेपछि पुजारीले मन्द मुस्कानसाथ भने- हे सुन्दर फूल ! हो, तिमीले भनेजस्तै तिमी सुन्दर छौ। कोमल छौ। सुवासित छौ। तर, तिमीलाई ईश्वरले नै यस्तो बनाएका हुन्। यी सब गुण तिमीले सहजतासाथ प्राप्त गरेका हौ। यसका लागि तिमीले कुनै श्रम गर्नुपरेन। कठोर प्रहार सहनुपरेन। किनकि, देवत्व प्राप्त गर्न निकै कठिन छ। यो देव प्रतिमा निकै कठिनतापूर्वक निर्माण गरिएको हुन्छ।

एक कठोर पत्थरले देव प्रतिमा बन्न हजारौं प्रहार सहनुपर्छ। चोट लाग्दैमा कमजोर भई फुटेको भए यो कहिल्यै देव प्रतिमा बनेर यसरी मन्दिरको शोभा बन्न सक्ने थिएन। कुनै कडा पत्थर मूर्तिकारको घन र छिनोको प्रहार सहँदासहँदा जब सुन्दर प्रतिमामा परिणत हुन्छ, तब मात्र उसले मन्दिरमा प्रवेश पाउँछ। मानिसहरू उसको पूजा-अर्चना गर्छन्। पत्थरको यही सहनशीलताले नै उसलाई देव प्रतिमाका रूपमा पूजनीय तथा वन्दनीय बनाएको हुन्छ।

पुजारीको कुरा सुनेपछि फूल मुसुक्क मुस्कुरायो। कठिन परीक्षा सफलतापूर्वक पार गर्न सक्नेले मात्र देवत्व प्राप्त गर्न सक्दो रहेछ भन्ने उसले बुझ्यो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बिजुलीमा सहुलियत देऊ

नेपाल जलस्रोतमा सम्पन्न देश हो। यहाँ उत्पादन हुने विद्युत्ले सर्वसाधारणलाई इन्धनको संकटबाट मुक्त गर्न सक्छ। त्यसैले, सरकारले स्वदेशकै जलविद्युत्लाई भान्सादेखि उद्योगसम्म खपत बढाउन जनतालाई सहुलियत मूल्यमा विद्युत् उपलब्ध गराउनुपर्छ। सरकारले अहिले बजेटमार्फत लगाएको भ्याट पनि हटाउनुपर्छ। घरायसी उपयोगमा २०० युनिटसम्मलाई कमभन्दा कम मूल्यमा र २०० युनिटभन्दा माथि खपत गर्नेलाई मात्र अहिलेको जस्तो भ्याट या अन्य कुनै कर लगाउँदा ठिकै होला। अन्यथा, स्वदेशमा उत्पादित बिजुलीको खपत घटाएर विदेशी ग्यासको खपत बढाउने नीति कुनै हालतमा जायज भन्न सकिन्न। स्वदेशका नदीनालाबाट उत्पादित बिजुली सकेसम्म सस्तो मूल्यमा उपभोग गर्न पाउनु हामी नेपालीको अधिकार पनि हो।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

दुर्गममा सरकार छैन हो ?

'बाजुरा बाढीको एक वर्ष, भत्किएकै घरमा अधिकांश बाढीपीडित' शीर्षकको समाचार पढियो। समाचार पढ्दा एउटै प्रश्न बारम्बार मनमा आइरह्यो- के दुर्गममा सरकार छैन हो ? भन्नलाई त अहिले देशमा तीन तहका सरकार छन् भनिन्छ। तर, के बाजुरामा ती तीनै तहका सरकार छैनन् हो ? छन् भने त तिनले बाजुराका बाढीपीडितका पीडा देख्नु, सुन्नु र अनुभूत गर्न सक्नुपर्ने होइन र ?

● **समुद्र पाठक**, वीरेन्द्रनगर- ४, सुर्खेत

अतिक्रमित जग्गा फिर्ता गर

सरकारले ३१ वर्षपछि रावल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको सुनियो। प्रतिवेदनअनुसार काठमाडौं महानगरभित्रको मात्र दुई हजार रोपनी जग्गा अतिक्रमणमा परेको थाहा भयो। यसरी सरकारी जग्गा अतिक्रमण गर्नु गम्भीर अपराध हो। यसबारे गम्भीरतापूर्वक छानबिन गरी दोषीमाथि कारबाही गरी अतिक्रमित जग्गा फिर्ता गर्नुपर्छ। अन्यथा, भविष्यमा थप जग्गा अतिक्रमणमा पर्न पनि सक्छ।

● **अम्बिका प्रधानांग**, टेकु, काठमाडौं

सरकारी अस्पतालमा सुधार कहिले ?

स्वास्थ्यमन्त्रीज्यू, सरकारी अस्पतालमा सुधार कहिले आउला ? जनताले तपाईंबाट धेरै आस गरेका थिए। तर, खोइ त ? परिणाम त शून्य नै आयो। अनि, हिजो र आजमा फरक के भयो त ? मन्त्री फेरिए अस्पतालको व्यवस्थापन जस्ताको त्यस्तै रह्यो। हरेक सरकारले भन्ने पहिलो शब्द यही हो, स्वास्थ्य र शिक्षा गुणस्तरीय र निःशुल्क हुनुपर्छ। तर, त्यो अहिलेसम्म हुन सकेको छैन। अहिले त झन् सरकारी अस्पतालको हालत दयनीय बन्दै गएको छ। सरकारले अर्बौंको बजेट स्वास्थ्य क्षेत्रका लागि छुट्याएको छ। तर, परिणाम भने शून्यबराबर छ। जिल्ला-जिल्लादेखि राम्रो उपचार पाइन्छ भनेर राजधानीका सरकारी अस्पतालमा बिरामी र तिनका आफन्तको भिड लाग्छ। सरकारी अस्पतालबाट आफूले चाहेजस्तो सेवा पाउन भने सोचेजस्तो सजिलो छैन।

यही जेठमा छातीमा असह्य दुखाइ भएर वीर अस्पताल गएका एक पुरुषको 'पिटिआइएनआर' परीक्षण 'रिएजेन्ट' अभावका कारण हुन सकेन। जसले गर्दा उनको मृत्यु भयो। यसको जिम्मा कसले लिने ? अहिले क्यान्सरजस्ता प्राणघातक रोगको औषधि सर्वसुलभ तरिकाले पाइँदैन, बिचौलियाको भर पर्नुपर्छ। कहिलेसम्म यसरी चल्छ ? अस्पतालमा पब्लिक भएर उपचारका लागि लाइन बस्नुपर्‍यो, भर्ना हुनुपर्‍यो भने मात्र थाहा हुन्छ, अस्पतालको प्रशासन कस्तो छ, अस्पताल कसरी चलेका छन् भन्ने। बाहिर हेरेर सबै देखिँदैन, भित्रै पस्नुपर्‍यो मन्त्रीज्यू !

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

गुजुल्टिएका सम्बन्धको परिणाम

सामाजिक सञ्जालमा सम्बन्ध बनाउनु, माया-प्रेम र 'केयर' खोज्नुभन्दा आफ्नो घरभित्रैका सम्बन्धमा इमानदार रहनु जरुरी छ



● देवकी विष्ट

सन् २०२६ मेसम्ममा फेसबुकमा नेपाली युजर जनसंख्याको ५४.७ प्रतिशत पुगेका छन्। जसमा ५५.९ प्रतिशत पुरुष प्रयोगकर्ता छन् भने महिला ४४.१ प्रतिशत छन्। त्यसैगरी, टिकटकमा नेपाली युजर ३५ लाखभन्दा बढी देखिएका छन्। यसमा पुरुष ८५.१ प्रतिशत र महिला १४.९ प्रतिशत देखिएका छन्। आमजनमानसमा भ्रम के छ भने महिलाहरू बढी सामाजिक सञ्जालमा छन्। टिकटक र फेसबुकमा संलग्न हुनेको तथ्यांक हेर्दा पुरुष नै बढी देखिएका छन्। नेपालमा समाजिक सञ्जालले केही मानिसको जीवनमा सकारात्मक र धेरैको जीवनमा नकारात्मक असर गरेको छ। अझै गहिरिएर हेर्ने हो भने हाम्रा सामाजिक सम्बन्ध काठमाडौंका बिजुलीका खम्बामा गुजुल्टिएका तारझैं अल्झिएर कहाँ जोडिएका छन्, पत्तै पाइन्न।

यी गुजुल्टिएका सम्बन्धको वाइफाईजस्तै कनेक्सन खोज्न सामाजिक सञ्जाल सहज माध्यम बनेको छ। सडकमा शरीरको मोलमोलाइ गरेर काठमाडौंका सस्ता होटेलमा जानेदेखि महँगा होटेल र अपार्टमेन्टमा बस्नेहरूसँग समेत पत्रकारिताकै क्रममा भेट भइरहन्छ। सडकमा पुगेकाहरू श्रीमान्ले अर्की ल्यायो, शरीर सडकमा पुगे। अपार्टमेन्ट र ठुला होटेलमा जानेहरू साथीको लहलहै, श्रीमान् वा प्रेमीले धोका दिएका भेटिन्छन्। अझ 'जिगलो' पुरुषहरू पनि आन्टीको 'हनी' बनेर जाने गरेकाहरू भेटिन्छन्। यी विषय हाम्रो समाजका 'ओपन सेक्रेट' भइसकेका छन्। अहिले समाजमा घटिरहेका घटना एकाएक देखिएका होइनन्। लामो समयदेखि भित्रभित्रै चल्दै आएको थियो र अहिले विस्फोट भएको मात्र हो।

समाजमा महिला र पुरुष तथा श्रीमान् र श्रीमतीबिच जेजस्ता सम्बन्ध विकसित भइरहेका छन्, यो सबै एक-अर्काप्रति इमानदार नहुनुको परिणाम हो। श्रीमान् श्रीमतीप्रति, श्रीमती श्रीमान्प्रति, प्रेमी प्रेमिकाप्रति, प्रेमिका प्रेमीप्रति इमानदार नभएपछि तुलसाजस्ता महिला र कुमार चिमोरियाजस्ता श्रीमान् भेटिन्छन्। कुमार थापाजस्ता हत्यारा श्रीमान् बन्छन्। थापा र स्व. ईश्वरी भुजेलबिचको सम्बन्ध र घटना यहाँसम्म पुग्नुमा सामाजिक सञ्जालको ठुलो भूमिका छ भने तुलसाको जीवनमा आँधी आउनुमा पनि सामाजिक सञ्जाल जिम्मेवार देखिन्छ। अहिले सामाजिक सञ्जालमा आफ्ना व्यक्तिगत जीवन छताछुल्ल पार्नेहरूको पछिल्लो उदाहरण हुन् यी नाम।

तुलसा अधिकारी नेपालको इतिहासकै पहिलो महिला हुन्, जसलाई इन्टरपोलको नोटिसद्वारा थाइल्यान्डबाट प्रहरीले नेपाल ल्यायो। तर, जीबी राईजस्ता सर्वसाधारणको करोडौं ठगी गर्नेलाई भने नेपाल ल्याउन खोजिएकै छैन भन्दा हुन्छ। स्व. भुजेलको रगताम्य भएको स्थानका विभिन्न एंगलका तस्बिर सामाजिक सञ्जालमा छ्याप्छ्याप्ती छन्। तुलसासँग सम्बन्धित भिडियो, फोटोको त कुरै गर्नुपरेन। तुलसा-चिमोरिया, थापा-भुजेलको व्यक्तिगत जीवनका सबै सामग्री सामाजिक सञ्जालमा छताछुल्ल छन्। महिलाका सन्दर्भमा हाम्रो समाज चाँडै निर्णायक बन्छ। महिलालाई सधैँ पीडित देख्ने बानी परेको छ, हाम्रो समाजलाई। महिला पीडक देखिएमा गालीको वर्षा नै हुन्छ।

पछिल्लो समयमा सामाजिक सञ्जालदेखि घर-घरमा तुलसा निकै चर्चित छिन्। उनका विषयमा बोल्ने र उनका नाममा राखिएका टिकटिक, भिडियोमा भ्युज र कमेन्टको बाढी देखिन्छ। तुलसाका प्रशंसक धेरै छन्। त्योभन्दा बढी अहिले उनलाई भित्रभित्रै 'सपोर्ट' गर्ने तर बोल्न नसक्ने पनि छन्। उनका भिडियोको कमेन्ट बक्समा सुन्न र हेर्न नमिल्ने गाली पनि देखिन्छन्।

सामाजिक सञ्जाललाई माध्यम बनाउँदै तुलसाले आफ्नो रूप, पहिरन र छुराझैं बोलीलाई विज्ञापनको माध्यम बनाइन्। प्रायः पुरुषले यस्ता विज्ञापनमा महिलालाई नै ती सामानको मोडल बनाउँछन्। उनले भने पितृसत्तात्मक दर्शनमा आधारित रहेर उल्टै पुँजीवादीको उत्पादन र उत्पादकको प्रचारक आफैं बनिन्। पहिलो श्रीमान्सँग डिभोर्सपछि अधिकारीलाई एकजना पुरुषको साथ र आँट चाहिएको थियो भने चिमोरियालाई घरबाहिर एउटी सुन्दर जवान युवती चाहिएको थियो। समाजमा प्रतिष्ठाको खोक्रो खोल ओडेर उनले तुलसालाई आफ्नी बनाए। एउटा अवस्थासम्म हरेक सम्बन्ध र माया सही हुन्छ। मन मिलुन्जेल माया र मन भाँचिएपछि बलात्कारका केस आउनुको कारण पनि त्यही हो। पुरुषहरू श्रीमती चरित्रवान् होस् भन्ने चाहन्छन्, तर आफू कति चरित्रवान् छन्, तिनैलाई थाहा हुँदैन।

तुलसाले आफू पीडित हुनुभन्दा पनि अरूलाई पीडित बनाइन्। उनले पीडित महिलाझैं रुँदै प्रहरीकहाँ जानुपरेन, कुनै पीडित महिलाझैं जलेर मर्नुपरेन। उनले पछि रुनुभन्दा पहिल्यै हरेक समयको मूल्य लिइन्। तुलसाको सामाजिक सञ्जालमा देखिएको चुरीफुरीले चिमोरियाको निदहराम भयो। यस घटनामा तुलसाको ५० प्रतिशत गल्ती छ भने चिमोरियाको पनि त्यति नै गल्ती छ।

व्यक्तिको चरित्रको मानक पनि दृष्टिकोणअनुसार फरक-फरक हुने रहेछ। तुलसाकी छोरीलाई आफ्नी आमा संघर्षशील र शक्तिशाली लाग्छिन् भने चिमोरियाका सन्तानले पीडित बाबुले न्यायका लागि संघर्ष गरिरहेको देख्छन्। चिमोरियाको जाहेरीका आधारमा नेपाल सरकार बादी रहेको यस मुद्दामा तुलसा अधिकारी र अशोककुमार अग्रवालसहित १० जना प्रतिवादी छन्। उनीहरूमाथि आपराधिक लाभ, संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी गम्भीर आरोप लगाइएको छ।

यस्ता घटना यसपछिका दिनमा रोकिन्छन् त ? यो प्रश्न पेचिलो छ। अहिले पनि गुजुल्टिएका सम्बन्धहरू आफ्नै घरभित्र भन्दा सामाजिक सञ्जालमा खुसी खोजिरहेका छन्। भुसमा लागेको आगो भित्रैभित्रै दन्किरहेको छ। धेरैले भोगिरहेको समस्या हो, तर सेयर गर्न कसैले सकिरहेका छैनन्। कतिपयले सामाजिक सञ्जालमा आफैँले के गरिरहेको छु भन्नेसमेत भेउ पाएका छैनन्। 'सुगर ड्याडी', 'हनी ट्र्याप', जिगलो, यौन हिंसालगायत शब्दहरू जति सहजै उच्चारण गर्न सकिन्छ, यी विषय त्यति नै अप्ठ्यारा छन्। त्यसैले, सामाजिक सञ्जालमा सम्बन्ध बनाउनु, मायाप्रेम र 'केयर' खोज्नुभन्दा आफ्नो घरभित्रैका सम्बन्धमा इमानदार रहनु जरुरी छ। यस्ता डिजिटल सम्बन्धका लागि डिजिटल कानुन ल्याउन सरकारले ढिलाइ गर्नुहुँदैन। प्रविधिलाई नियन्त्रण गर्न नसकिए पनि नागरिकमाथि नियमन भने गर्न सकिन्छ।

मोदीको इजरायल झुकाव र भारतले चुकाउनुपर्ने मूल्य

साउदी-पाकिस्तानी गठबन्धनलाई मनन गर्दै भारतले आगामी दिनमा रुस र चीनसँगको सम्बन्धलाई थप सुधार गर्नुपर्छ

तेल अभिभको कट्टर सरकारसँग हिन्दु दक्षिणपन्थीको हिमचिमले भारतको विदेश नीतिलाई कठिनाइमा पार्नेछ भनेर मैले दुई वर्षअघि नै चेतावनी दिएको थिएँ। त्यतिखेर मैले वर्तमान इजरायली सरकारको 'ग्रेटर इजरायल' परियोजना वा खाडी क्षेत्रमा शान्तिमध्ये भारतले एउटा छनोट गर्नुपर्ने अवस्था आउन सक्ने सुझाएको थिएँ। अन्तत त्यो समय आएको छ।

मध्यपूर्वमा भारत अहिले कुनै 'लाभविनाको एउटा दर्शक'का रूपमा सीमित छ। यो विशेषगरी भारत सरकारका लागि लज्जास्पद कुरा हो, किनकि भारतले कट्टर प्रतिद्वन्द्वी मान्ने पाकिस्तान अहिले विभिन्न माध्यमबाट युद्धमा मध्यस्थता प्रयास गरिरहेको छ। विशेषगरी 'अप्रेसन सिन्दूर'पछि पाकिस्तानलाई आतंकवादी राज्यको रूपमा एक्ल्याउने भारतको रणनीतिले उल्टो नतिजा दिएको देखिन्छ। यी घटनालाई 'खाडी सहयोग परिषद् (जिसिसी)'सँगको हाम्रो सम्बन्धको पृष्ठभूमिमा पनि हेर्नुपर्छ।



● जाबेद गया
(जाबेद बम्बई उच्च अदालतका वकिल तथा विभिन्न पुस्तकका लेखक हुन्)

'ठुलो दाइ' साउदी अरेबिया र युएईजस्ता साना जिसिसी राज्यबिच सधैँ असमझदारी रहँदै आएको छ। कुनै पनि क्षेत्रीय समूहमा सबैभन्दा ठुलो राज्यले बढी प्रभाव पार्ने चिन्ता अन्त पनि देखिन्छ। केही हदसम्म, साना अरब राज्यले आफ्नो अस्तित्वको सुनिश्चितता गर्न अमेरिकाप्रति आशाले हेरेका थिए। अमेरिकी नीति पश्चिम एसियामा इजरायलको स्थितिलाई बलियो बनाउनेतर्फ केन्द्रित। यसकै लागि आर्थिक अवसरको प्रलोभन देखाएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो कार्यकालमा 'अब्राहम सम्झौता' सुरु गरेका थिए। सम्झौताको उद्देश्य खाडीका राजतन्त्रात्मक राज्य र इजरायलबिच गठबन्धन बनाउनु थियो। यस गठबन्धनको सबैभन्दा उत्सुक सदस्य युएई थियो। अब्राहम सम्झौता अन्ततः अरब भावनालाई प्यालेस्टिनी उद्देश्यबाट टाढा र इजरायल र अमेरिकाबिच आर्थिक एकीकरणतर्फ लक्षित थियो।

यो राजनीतिक प्रक्षेपणप्रति साउदी युवराज मोहम्मद बिन सलमान (एमबिएस) र अबुधाबीका शासक मोहम्मद बिन जायद (एमबिजेड)जस्ता नयाँ पुस्ताका शासक सकारात्मक भए। साउदीका नागरिक पनि आफ्नो अर्थतन्त्रलाई विविधीकरण गर्न इच्छुक थिए (पेट्रोकेमिकलदेखि पर्यटन, वित्त र डेटा केन्द्रजस्ता नयाँ क्षेत्रमा)। तर, इजरायलसँग सम्झौता सहज थिएन।

अमेरिकी नेतृत्वको यस प्रक्रियाले नसोचेको परिणाम ल्यायो- रियाद र युएईबिचको नयाँ प्रतिद्वन्द्वि भावना उत्पन्न भयो। इजरायलले यस नयाँ व्यवस्थामा वित्तीय फाइदा देखेको थियो। अक्टोबर ७, २०२३ को हमास हमलापछि इजरायलले गाजालाई ध्वस्त पार्न अघि बढ्यो। इजरायलको नरसंहार नीतिको विरोध इरान र लेबननले मात्र गरे। प्रत्यक्ष आक्रमण इरानका प्रतिनिधि हिजबुल्लाह र यमनमा हुथीबाट भयो। तसर्थ, इरानविरुद्ध इजरायली युद्ध अपरिहार्यजस्तै बनेको थियो।

पश्चिमा सञ्चार माध्यम अमेरिका र इजरायलले इरानमा पुऱ्याएको क्षति र सैन्य सफलतामाथि बढि केन्द्रित छन्। निःसन्देह, इरानमा धेरै क्षति भएको छ। तर, दाबी गरिएजति होइन। अहिले बाहिर आएको तथ्य अनुसार इरानले खाडीमा रहेका एक दर्जनभन्दा बढी अमेरिकी अड्डा र उनीहरूका सैन्य सम्पत्तिमा मूर्त क्षति पुऱ्याएको छ। आक्रमणमा राडार, मिसाइल प्रणाली र केही अवस्थामा धेरै महँगा विमान पनि समावेश छन्।

त्यहाँ 'जस्तालाई त्यस्तै' नीति रहेको छ, जहाँ अमेरिका-इजरायली गठबन्धनले प्रशोधन संयन्त्रमा आक्रमण गर्दा इरानले पनि खाडीमा रहेका त्यस्तै संयन्त्रमा जवाफी आक्रमण गरिरहेको छ। यो नीति 'डिसेलिनाइजेसन' प्लान्ट (समुद्री पानीलाई शुद्ध पार्ने संयन्त्र)मा समेत विस्तार भएको छ। यो इजरायल र खाडी राज्यका लागि गम्भीर विषय हो, किनकि अधिकांश खाडी राष्ट्रले पिउने पानी 'डिसेलिनाइजेसन' प्लान्टबाट प्राप्त गर्छन्।

> युद्ध अन्त्यपछि भारतको इजरायलसँगको कुनै पनि सम्बन्धले अरब राज्यलाई सशंकित बनाउनेछ। खासमा भारतको वित्तीय स्वार्थ खाडी राज्यसँग बढी जोडिन्छ, किनकि दशकौँदेखि भारतीयलाई तिनले रोजगारी प्रदान गर्दै आएका छन्। त्यहाँबाट आउने रेमिट्यान्सले अर्थतन्त्रलाई बल प्रदान गरिरहेको छ।

यही कारणले गर्दा बढी समझदार खाडी राज्यले ट्रम्पलाई यो विपत्ति सुरु नगर्न धेरै मनाउन खोजेका थिए। उनीहरूलाई थाहा थियो कि इरानले उनीहरूलाई लक्षित गर्नेछ। यी देशमा अमेरिकी सैन्य अड्डा रहेको र अमेरिका-इजरायली युद्ध प्रयासका लागि महत्त्वपूर्ण रसद केन्द्र भएकाले इरान आक्रमणका लागि कानुनी रूपमा हकदार हुनेछ।

परिस्थिति धेरै बिग्रिसकेको छ, किनकि खाडी राज्यले इरानी आक्रमणको आलोचना गर्दा निजी रूपमा स्वीकार गर्न थालेका छन् कि अमेरिका र इजरायली कार्यले युद्धलाई अनावश्यक रुपमा उकासेका हुन्। कतार र साउदी अरब दुवैले इरानविरुद्ध आक्रमणका लागि आफ्नो देशमा रहेका अमेरिकी सैन्य अड्डालाई प्रयोग गर्ने अनुमति नदिने बताएका छन्। यी खाडी राज्यलाई प्रभावित गर्ने अर्को कारक भनेको 'इन्टरसेप्टर' नामक मिसाईलको प्रयोग गरेर अमेरिकाले इजरायलको रक्षालाई प्राथमिकता दिने विषयले पनि हो।

खाडी राज्यले तेल र ग्यासको राजस्वमा क्षति, मर्मत गर्न वर्षौं लाग्न सक्ने पेट्रोकेमिकल सुविधामा क्षतिदेखि दुबई र कतारको हकमा पर्यटनमा ठुलो क्षति व्यहोरोका छन्। बाह्य पुँजीमा आधारित अर्थतन्त्र चलाउन लागेका दुबईबाट पुँजी पलायन सुरु भईसकेको छ। क्षतिको यो आक्रोशले अमेरिकी अर्थतन्त्रमा छोटो र लामो दुवै अवधिमा असर गर्नेछ। छोटो अवधिमा खाडी राजतन्त्रलाई आफ्नो जनसंख्यालाई शान्त राख्न र वित्तीय दायित्व पूरा गर्न थप कोष आवश्यक पर्नेछ। यी देशको अमेरिकामा ठुलो लगानी छ, जुन प्रतिव्यक्ति आधारमा सबै विदेशी पुँजीको लगभग पाँच प्रतिशत हो। छोटो अवधिमा यी सरकारले अमेरिकी बजारबाट पैसा फिर्ता लिइरहेको देख्न सकिन्छ भने अमेरिकी सरकारको ऋण अहिलेसम्मकै उच्च छ।

स्पष्ट प्रश्न यो हो कि इरान युद्धपछि खाडीका राजतन्त्रहरूको सुरक्षा कसले गर्ला ? अमेरिकाले आफ्नो आधार नवीकरणका लागि कोष दिने सम्भावना छैन। सम्भवतः खाडी राज्य ती आधारलाई अनुमति दिन अनिच्छुक पनि हुनेछन्। युद्ध सकिएपछि निश्चित रूपमा खाडी राज्यले क्षतिपूर्ति पनि पाउनेछैनन्। यसले एक प्रकारको शून्यता निम्त्याउनेछ। इजरायल र युएईसँग भारतीय गठबन्धनको विचार (जुन भारतीय दक्षिणपन्थीले जोड दिने प्रयास गरेका छन्) भ्रमपूर्ण छ। इजरायलसँगको कुनै पनि सम्बन्धले अरब राज्यलाई सशंकित बनाउनेछ।

हामीले (भारतले) साउदी-पाकिस्तानी गठबन्धनलाई ख्याल गर्दै शान्तिको सुनिश्चिताको लागि रुस र चीनसँग भविष्यमा संलग्नता हुनसकिने सम्भावनामाथि पनि विचार गर्नुपर्छ। भारतको वित्तीय स्वार्थ खाडी राज्यसँग मिल्दोजुल्दो छ, किनकि उनीहरूले धेरै भारतीयलाई रोजगारी प्रदान गर्छन् र रेमिट्यान्स अर्थतन्त्रलाई बल प्रदान गर्छन्। तेल, ग्यास, मल, हेलियम र अन्य वस्तुको सुरक्षित मार्गलाई अनुमति दिन हर्मुज जलमार्गलाई स्वतन्त्र राख्नुमा हाम्रो निहित स्वार्थ पनि छ। तर, यो द्वन्द्वमा इजरायलको भूमिकालाई कम गर्न खोज्नु मुद्दाहरूको गलत रूपरेखा हो।

इजरायलले वर्षौंदेखि आफ्नो प्रभुत्व प्रवर्द्धन गर्न यस क्षेत्रलाई अस्थिर बनाउने अतृप्त इच्छा प्रदर्शन गर्दै आएको छ। यसले इराक, सिरिया, लिबिया र लेबननमा पनि त्यस्तै गरेको छ। इजरायलको कार्यले सम्पूर्ण विश्व अर्थतन्त्रलाई मन्दीमा धकेल्न सक्छ। साथै ठुलो मात्रामा खाद्यान्न अभाव निम्त्याउन सक्छ।

कतिपयले भारतको हित युएईसँगको घनिष्टतामा रहेको तर्क गर्न सक्छन्, तर हामीले बुझ्नुपर्छ कि जिसिसी अर्थपूर्ण एकताबद्ध संस्था रहेन। एकातिर साउदी र कतार अनि अर्कोतिर युएई र बहराइनबिच बढ्दो दरार छ। यदि परिस्थिति यस्तै रह्यो भने, युएई नै एकताबद्ध रहने हो कि होइन भन्ने नै स्पष्ट छैन, किनकि अबुधाबीका शासक स्थायी युद्धको यहुदीवादी एजेन्डाको धेरै नजिक देखिन्छन्। जुन दुबईका लागि अप्रिय साबित भइरहेको छ।

द वायरबाट

इतिहासमा आज

जुन १४



सन् १९४९ : अन्तरिक्षमा पहिलोपटक बाँदर पुगेको दिन। अल्बर्ट द्वितीय नाम गरेको बाँदर मानिसलाई अन्तरिक्षमा पठाउनुअघि परीक्षणका लागि प्रयोग गरिएका धेरै जनावरमध्ये एक थियो। पृथ्वीबाट १३४ किलोमिटरको उचाइमा सकुशल पुगेको अल्बर्ट द्वितीयको पृथ्वीमा फर्कने क्रममा मृत्यु भएको थियो।

● **सन् १७७५** : अमेरिकी स्वतन्त्रता संग्रामका क्रममा औपनिवेशिक बेलायती फौजविरुद्ध लड्न अमेरिकामा क्रान्तिकारीहरूको एउटा समूहले 'कन्टिनेन्टल आर्मी'को नाममा सेना गठन गरे। पछि यही सैन्य दस्ता अमेरिकाको राष्ट्रिय सेनामा बदलियो।

● **सन् १७७७** : बेलायतसँग युद्धमा रहेको अमेरिकी कन्टिनेन्टल शक्तिले फ्रान्सिस होपकिन्सनले डिजाइन गरेको हालको 'स्टार एन्ट स्ट्राई' झन्डालाई राष्ट्रिय झन्डाको रूपमा स्वीकार गऱ्यो।

● **सन् १८०७** : फ्राइडल्यान्डको युद्धमा नेपोलियनका सेनाको विजय। विजयपछि नेपोलियनले रुसका अलेक्जेन्डर प्रथमसँग सन्धि गरे।

● **सन् १९१३** : दक्षिण अफ्रिकाको सरकारले 'आप्रवासी ऐन' पारित गर्दै नयाँ आप्रवासीको प्रवेशमा बन्देज लगायो। पहिले दक्षिण अफ्रिका आइसकेका दक्षिण एसियालीको स्वतन्त्र विचारमा नियन्त्रण लगाएको सो कानुनको विरोधमा त्यहाँ रहेका ठुलो संख्याका भारतीयले आन्दोलन सुरु गरे, जसको नेतृत्व गरिरहेका थिए- महात्मा गान्धीले।

● **सन् १९४०** : जर्मन सेना पेरिस प्रवेश गऱ्यो। जर्मन सेनाले चार वर्षसम्म फ्रान्सेली सहर कब्जा गरेको थियो।

● **सन् १९४२** : नाजी नियन्त्रणमा मारिएकी किशोरी एन फ्र्यांकले उनको चर्चित डायरी आजकै दिनबाट लेख्न सुरु गरेकी थिइन्।

● **सन् १९८२** : अर्जेन्टिनाले बेलायतसामु आत्मसमर्पण गरेसँगै ७४ दिन लामो फकल्यान्ड टापुको युद्ध अन्त्य भयो।

● **सन् २००१** : चीन, रुस, कजाखस्तान, किर्गिजस्तान, ताजिकिस्तान र उज्बेकिस्तान मिलेर सांघाई को-अपरेसन अर्गनाइजेसन गठन गरे।

● **सन् २००२** : एउटा ठुलो क्षुद्रग्रह पृथ्वीको नजिक फेला परेको थियो। २००२ एमएन नामक उक्त क्षुद्रग्रह चन्द्रमाभन्दा पृथ्वीको तीन गुणा नजिक थियो।

'२४ घण्टाभित्र अमेरिका-इरान सम्झौता'

इस्लामाबाद / इरान र संयुक्त राज्य अमेरिकाबिचको वार्तामा मध्यस्थता गरेका पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफले आगामी २४ घण्टामा दुई पक्षबिचको सम्झौताले अन्तिम रूप पाउने बताएका छन्। अमेरिका र इरान दुवैले आफूहरू शान्ति सम्झौतातर्फ अगाडि बढिरहेको संकेत गरिरहेका वेला प्रधानमन्त्री सरिफको भनाइ सार्वजनिक भएको हो। सम्झौताले अन्तिम स्वरूप तय भएपछि 'शान्ति सम्झौतामा इलेक्ट्रोनिक हस्ताक्षर' हुने अपेक्षा गरिएको छ।

तर, इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले आइतबार दस्ताबेजमा हस्ताक्षर नहुने तर 'आगामी दिनमा हस्ताक्षर' हुन सक्ने कुरालाई अस्वीकार गर्न नसकिने बताए। विदेशमन्त्री बघाईले युद्ध अन्त्यका निम्ति अमेरिकासँग सहमतिनजिक पुगेको र त्यसमा स्ट्रेट अफ हर्मुज पुनः खोल्ने कुरा पनि समावेश रहेको बताएका छन्।


यसैबिच, अमेरिकी सेनाले स्ट्रेट अफ हर्मुजमा व्यापारिक जहाजलाई निसाना बनाउने इरानी ड्रोन खसालिदिएको बताएको छ। अमेरिकी सेन्टूल कमान्ड 'सेन्टकम'ले 'इरानले स्ट्रेट अफ हर्मुजमा व्यावसायिक जहाजलाई निसाना बनाउने प्रयास गरेका ड्रोनलाई नष्ट गरिदिएको बताएको हो। 'अमेरिकी सेनाले पछिल्ला केही घण्टामा ती सबै ड्रोन खसालिदिएको छ र स्ट्रेटमा जहाजबाट ढुवानी विनाअवरोध जारी छ।'

अमेरिका र इजरायलले २८ फेब्रुअरीमा इरानमा आक्रमण गरेपछि युद्ध सुरु भएको थियो। त्यसको जवाफमा इरानले खाडीमा रहेका अमेरिकाका सहयोगी राष्ट्र र इजरायलमा हमला गरेको थियो। युद्ध बढ्दै जाँदा विश्वका निम्ति तेल र ग्यासको मुख्य ढुवानी जलमार्ग स्ट्रेट अफ हर्मुज बन्द भएको थियो।

इरान-अमेरिका वार्तामा प्रगति भए पनि दक्षिणी लेबननमा इजरायली आक्रमणमा कम्तीमा पाँचजनाको मृत्यु भएको छ। इरानको राज्य सञ्चालित मिडियाले इरानका मारिएका सर्वोच्च नेता खामेनीको अन्त्येष्टि जुलाई ४ मा तेहरानमा सुरु हुने र जुलाई ९ मा मसहदमा अन्त्येष्टि हुने बताएको छ।

विश्वको पहिलो एआई-डिजाइन खोपबाट उत्साहित छन् वैज्ञानिक

एआईद्वारा डिजाइन गरिएको खोप पहिलोपटक मानिसमा सफलतापूर्वक परीक्षण गरिएको छ



> मानव जीवन जोगाउनका लागि पनि हामीलाई प्रत्येक वर्ष नयाँ खोप चाहिन्छ। त्यही भएर सन् २०२१ देखि खोपहरू बारम्बार अद्यावधिक गरिएका छन्। एआईले कोरोना भाईरस खोपलाई सहज तरिका प्रदान गर्छ।



● निल माबोट
माबोट एडिनबर्ग विश्वविद्यालयको इम्युनोप्याथोलोजीका अध्यक्ष हुन्।

क्याम्ब्रिज विश्वविद्यालयका अनुसन्धानकर्ताले कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग गरेर मौलिक रूपमा नयाँ प्रकारको खोपको विकास गरेका छन्। खोपको मुख्य तत्त्व वा घटक पूर्ण रूपमा एआईद्वारा डिजाइन गरिएको र यसलाई पहिलोपटक मानिसमा परीक्षणसमेत गरिएको छ। लक्ष्य निकै महत्त्वाकांक्षी छ, एकल खोप, जसले सबै मानव कोरोना भाइरस भेरियन्टविरुद्ध मात्र काम गर्दैन, बरु चमेरोसँग सम्बन्धित भाइरसविरुद्ध पनि प्रभावकारी ढंगले काम गर्छ, जुन जनावरबाट मानिसमा सर्न सक्छ र भविष्यमा ठुलो महामारी निम्त्याउन सक्छ।

परम्परागत खोपले हाम्रो प्रतिरक्षा प्रणालीलाई एउटा विशिष्ट भाइरस पहिचान गर्न तालिम दिन्छन्। समस्या यो हो कि समयको अन्तरालसँगै भाइरसहरू बारम्बार उत्परिवर्तन हुन्छन्। जब तिनीहरू पर्याप्त परिवर्तन हुन्छन्, खोपले काम गर्न छोड्छ र नयाँ विकल्प खोज्नुपर्छ। तसर्थ, मानव जीवन जोगाउनका लागि पनि हामीलाई प्रत्येक वर्ष नयाँ खोप चाहिन्छ। त्यही भएर सन् २०२१ देखि खोपहरू बारम्बार अद्यावधिक गरिएका छन्। एआईले यसैको सेरोफेरोमा एउटा सहज तरिका प्रदान गर्छ। हजारौँ सम्बन्धित भाइरसबाट आनुवंशिक डेटा विश्लेषण गरेर एआईले ती अंश पहिचान गर्न सक्छ, जुन विभिन्न प्रजातिमा समान रहन्छन् र समयसँगै परिवर्तन हुने सम्भावना हुँदैन। क्याम्ब्रिज टोलीले सार्बेकोभाइरस (कोरोना भाइरस परिवारको एक उपप्रजाति हो, जुन मुख्यतया संक्रमित चमेरोबाट मानिसमा रोग फैलन्छ) परिवारका भाइरस स्क्यान गर्न एआई प्रयोग गऱ्यो, जसमा सार्स र कोभिड दुवै निम्त्याउने भाइरसका साथै जनावरमा पाइने कोरोना भाइरसको दायरा पनि समावेश छ।

महामारीको समयमा प्रयोग गरिएका एमआरएनए खोपसँग धेरै मानिस परिचित भए। तापनि, यो नयाँ खोपले डिएनए प्रयोग गर्छ। डिएनए खोपहरू सामान्यतया एमआरएनए खोपभन्दा बढी स्थिर हुन्छन्। यी खोपलाई लामो समयसम्म भण्डारण र ढुवानी गर्न सजिलो हुन्छ। कम आय भएका देशमा यो एक महत्त्वपूर्ण फाइदा हो, जहाँ लामो समयसम्म चिस्याउने पूर्वाधार सीमित छ। प्रायः ती खोपलाई सुईविना पनि लगाउन सकिन्छ। तरल पदार्थको उच्च दबाबको धारले छालामार्फत खोप पुऱ्याउँछ, जसले गर्दा खोप लगाउने प्रक्रिया कम पीडादायी र प्रकोपको समयमा मापन गर्न सजिलो हुन्छ।

■ के यसले भविष्यमा आउने महामारीबाट बचाउन सक्छ ?

यदि खोप आफैँले कुनै पनि विद्यमान खोपले गर्न नसक्ने काम गर्न सक्छ भने यी व्यावहारिक फाइदा सबैभन्दा महत्त्वपूर्ण छन्, हामीले अहिलेसम्म सामना नगरेका भाइरसबाट बचाउने। प्रभावकारी र बृहत् खोपले उदीयमान संक्रामक रोगप्रति विश्वको प्रतिक्रिया परिवर्तन गर्न सक्छ। परम्परागत खोपभन्दा व्यापक सुरक्षा प्रदान गरेर तिनीहरूले नयाँ र उदीयमान भाइरलको जोखिमविरुद्ध पनि तीव्र ढंगले प्रतिरक्षा प्रदान गर्न सक्छन्। यसले विश्वव्यापी महामारीमा परिणत हुने मौका पाउनुअघि भविष्यमा हुने प्रकोप रोक्न सार्वजनिक स्वास्थ्य अधिकारीलाई आवश्यक उपकरण प्रदान गर्नेछ। तिनीहरूले हाम्रो दृष्टिकोणलाई अझ परिचित रोगमा पनि रूपान्तरण गर्न सक्छन्। इन्फ्लुएन्जा एक प्रमुख लक्ष्य हो, किनभने यो धेरै फरक प्रजातिको रूपमा अस्थित्वमा छ र तीव्र विकसित हुन्छ। वैज्ञानिकले प्रत्येक फ्लू मौसममा कुन प्रजाति हाबी हुनेछन् भनेर भविष्यवाणी गर्नुपर्छ, । तर, दुर्भाग्यवश भविष्यवाणी सधैँ सही साबित हुँदैन। कहिलेकाहीँ तिनीहरूले गलत अनुमान गर्छन्, जसका कारण खोपको प्रभावकारितामा गहिरो असर पर्न सक्छ। धेरै प्रजातिमा साझा गरिएका सुविधालाई लक्षित गर्ने विश्वव्यापी फ्लू खोपले अन्ततः भाइरससँग मिलेर बस्ने वार्षिक दौड समाप्त गर्न सक्छ।

र, इबोला भाइरसले यो अहिले किन महत्त्वपूर्ण छ भनेर देखाउँछ। कंगो र युगान्डाको लोकतान्त्रिक गणतन्त्रमा हालैको प्रकोप बुन्डिबुग्यो प्रजातिद्वारा प्रेरित छ। यो प्रजातिले विद्यमान खोपलाई बाइपास गर्छ। अनुसन्धानकर्ता यस प्रजातिका लागि विशेष रूपमा नयाँ खोप सिर्जना गर्न हतार गर्छन्, किनकि स्थानीय समुदाय उच्च जोखिममा छन्। सम्पूर्ण भाइरस परिवारलाई समेट्न डिजाइन गरिएको व्यापक परिदृश्यको खोपले त्यो चित्रणलाई रूपान्तरण गर्न सक्छ।

■ परीक्षणले के पत्ता लगायो ?

यो एआईद्वारा डिजाइन गरिएको खोपको पहिलो मानव परीक्षण हो। नतिजाले देखाए कि यो डिएनए खोपले विभिन्न प्रकारका सार्बेकोभाइरस पहिचान गर्न सक्ने एन्टिबडी उत्पादन गर्न र प्रतिरक्षा प्रणालीलाई उत्तेजित गर्न सक्षम थियो। प्रविधि सुरक्षित र राम्रोसँग सहन सकिने पाइयो। यो एक रोमाञ्चक प्रगति हो, किनभने यसले भविष्यमा महामारीको खतराविरुद्ध प्रभावकारी र उपयोगी खोप डिजाइन गर्ने क्षमता एआईसँग छ भनेर देखाउँछ। सुईमुक्त डेलिभरी प्रणालीले खोपलाई विश्वव्यापी रूपमा व्यवस्थापन र वितरण गर्न पनि सजिलो बनाउन सक्छ।

यद्यपि, अझै धेरै काम गर्न बाँकी छ। यस अध्ययनका नतिजा उत्साहजनक भए पनि खोप लगाइसकेपछिको प्रतिरक्षा प्रतिक्रिया सामान्य थियो। सुरक्षा कति समयसम्म रहन्छ र थप बुस्टर डोज आवश्यक पर्छ कि पर्दैन भन्ने कुरा पनि अनिश्चित थियो। खोपले वास्तविक संसारमा भाइरस संक्रमणलाई रोक्न वा कम गर्न सक्छ कि सक्दैन भनेर निर्धारण गर्न ठुला परीक्षण पनि आवश्यक छन्। विश्वव्यापी खोप आउन केही वर्ष बाँकी छ। र, कुनै पनि नयाँ खोप सुरक्षित, प्रभावकारी र दिगो सुरक्षा प्रदान गर्छ भनेर प्रमाणित गर्न अझै ठुला परीक्षण पास गर्नुपर्छ। तर, यो अध्ययनले लक्ष्य नजिकिँदै गएको देखाउँछ र एआईले हामीलाई त्यहाँ छिटो पुग्न मद्दत गर्न सक्छ।

द कन्भर्सेसनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ३१ जेठ ०८३

■ औद्योगिक क्षेत्रको भाडा विवाद

बक्यौता बुझाउने सरकारी ताकेताप्रति उद्योगीको विरोध

नयाँ पत्रिका

सरकारले औद्योगिक क्षेत्रको बक्यौता भाडा असुल्न ताकेता गरेपछि उद्योगीहरू विरोधमा उत्रिएका छन् । औद्योगिक क्षेत्रको भाडादर विवादसम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा सरकारले एकतर्फी रूपमा भाडा असुल्न खोजे उद्योग बन्द गर्ने चेतावनीसमेत उद्योगीले दिएका छन् ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले २५ जेठमा सात दिनको म्याद दिएर तोकिएको म्यादमा बक्यौता नदिए कानुनअनुसार कारबाही गर्ने चेतावनी दिएको छ ।

> अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा सरकारले विवादित भाडादर बक्यौता असुल्न खोजेको उद्योगीको आरोप, उद्योग बन्द गर्ने चेतावनी

नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघका अध्यक्ष एजाज अलामले व्यवस्थापनको उक्त कदम एकतर्फी र अव्यावहारिक भएको बताए । 'विगतमा औद्योगिक क्षेत्र व्यवस्थान लिमिटेडको भाडा, महसुल तथा शुल्क सुझाव उपसमितिले बहालदर पुनरवलोकन गर्ने सम्बन्धमा विस्तृत अध्ययन नगरी सात सय प्रतिशतसम्म भाडा वृद्धि गर्ने प्रतिवेदन पेस गरेको र सो प्रतिवेदनका आधारमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सञ्चालक समितिले बहालदर लागू गर्ने निर्णय गरेको थियो,' उनले भने । व्यवस्थापनको सञ्चालक समितिले मंसिर ०७५ मा सात सय प्रतिशतले भाडा वृद्धि गर्ने निर्णय गरेको थियो । साउन ०७६ देखि लागू हुने गरी गरिएको भाडा वृद्धिको निर्णय कार्यान्वयन नगर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्देशन दिएपछि तत्काल स्थगित गरियो । पछि असार ०७९ मा व्यवस्थापनले ०७५ देखि नै लागू हुने गरी पुनः भाडा वृद्धि गऱ्यो । त्यसका विरुद्ध उद्योगीहरू सर्वोच्च गए ।

भाडा विवादसम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट १२ चैत ०८१ मा अन्तिम फैसला गरेको थियो । सर्वोच्चले असार ०७९ सम्म पुरानै भाडादर कायम गर्न र त्यसपछि मात्रै नयाँ भाडादर लिनुपर्ने फैसला गरेको थियो । तर, व्यवस्थापन लिमिटेडको २५ पुस ०८२ को सञ्चालक समितिले सर्वोच्चको फैसला पुनरवलोकनका लागि निवेदन दिने निर्णय गरेको थियो ।

व्यवस्थापन पुनरवलोकनमा गएपछि महासंघ पनि पुनरवलोकनमा गएको अध्यक्ष अलामले बताए । 'सर्वोच्च अदालतको फैसलालाई उद्योगीहरूले सम्मान गर्दै स्वीकार गरेका नै थिए, तर व्यवस्थापन लिमिटेड फैसला नमानी पुनरवलोकनमा गएको हो,' विज्ञप्तिमा उल्लेख छ, 'आफैंले पुनरवलोकन मुद्दा दर्ता गर्ने र विवादित रकम सात दिनभित्र बुझाउन भनी उद्योगको नामसहित सार्वजनिक सूचना जारी हुनु अदालतको मानहानी र उद्योग प्रतिष्ठानको प्रतिष्ठामा आँच पुऱ्याउने काम भएकोमा महासंघ घोर भर्त्सना गर्दछ ।'

व्यवस्थापनको यो निर्णयले देशभरका औद्योगिक क्षेत्रका करिब सात सय उद्योग बन्द हुने तथा हजारौं मजदुर र कर्मचारीको रोजगारी गुम्ने जोखिम रहेको उनको भनाइ छ । विवादित बक्यौता भाडा करिब ९० करोडजति रहेको व्यवस्थापनले बताउँदै आएको छ । तर, उद्योगीले भने यस्ता बक्यौता भाडा ५० करोड हाराहारी मात्रै रहेको दाबी गर्दै आएका छन् ।

५०.६५ प्रतिशतले बढ्यो प्रसारणलाइन र सबस्टेसनको बजेट

७० अर्ब बजेट पाएको ऊर्जा क्षेत्रले पूर्वाधारलाई छुट्यायो ४६ अर्ब २४ करोड

कुन शीर्षकमा कति बजेट ?

- १३२ केभी तथा अन्य प्रसारणलाइन विस्तार : २१ अर्ब ६१ करोड ८८ लाख
- वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजना : ११ अर्ब २९ करोड
- ३३ केभी तथा सबस्टेसन परियोजना : ७ अर्ब २८ करोड ५४ लाख
- नेपाल भारत विद्युत् प्रसारण : १ अर्ब ६२ करोड
- राष्ट्रिय प्रसारण ग्रिड कम्पनी: २ अर्ब ३ करोड ५५ लाख
- सासेक विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण : २ अर्ब ३८ करोड

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि प्रसारण, सबस्टेसन र वितरणजस्ता विद्युतीय पूर्वाधारको बजेट ५०.६५ प्रतिशतले बढाएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युतीय पूर्वाधारसम्बन्धी विभिन्न शीर्षकमा ४६ अर्ब २४ करोड २४ लाख विनियोजन गरेको छ । यो चालू आवको भन्दा ५०.६५ प्रतिशत बढी हो । चालू आवमा यस्ता प्रयोजनमा ३० अर्ब ६९ करोड ३३ लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो । गत आव ०८०/८१ मा भने ३२ अर्ब ७० करोड पाँच लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो ।

ऊर्जाको कुल बजेटमा यसको हिस्सा ६६ प्रतिशत छ । आगामी आवमा ऊर्जा क्षेत्रका लागि ७० अर्ब १२ करोड ४६ लाख बजेट विनियोजन गरिएको छ । गत १५ जेठमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आवका लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट ल्याएका थिए । उनले बजेट भाषणमा प्रसारणलाइनतर्फ मात्रै ७० अर्ब बजेट विनियोजन गरेको उल्लेख गरेका थिए ।

'निर्माणाधीन प्रसारणलाइन तथा सबस्टेसन निर्माण सम्पन्न गर्न ७० अर्ब विनियोजन गरेको छु,' बजेट भाषणमा अर्थमन्त्री डा. वाग्लेले भनेका थिए । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेका रातो किताबमा भने यसमा सवा ४६ अर्ब मात्रै बजेट छ ।

मन्त्रालयअन्तर्गत ऊर्जातर्फ मात्रै कुल ७० अर्ब १२ करोड ४६ लाख रुपैयाँ बजेट छ । जलस्रोत तथा सिँचाइतर्फ ४३ अर्ब ९० करोड ३६ लाख बजेट छ । मन्त्रालयको कुल बजेट भने एक खर्ब १४ अर्ब दुई करोड ८२ लाख रुपैयाँ छ ।


ऊर्जाको बजेट ४५.२१ प्रतिशतले बढ्दा प्रसारणलाइन तथा सबस्टेसनतर्फको बजेट ५०.६५ प्रतिशतले बढेको हो । गत आवमा ऊर्जातर्फको बजेट ४८ अर्ब २९ करोड तीन लाख रुपैयाँ थियो । त्यसमा ३० अर्ब ६९ करोड ३३ लाख रुपैयाँ बजेट प्रसारणलाइनतर्फ थियो । गतमा यसको हिस्सा ६३.५६ प्रतिशत थियो ।

पूर्वाधार अभावकै कारण विद्युत् खेर जाने जोखिम बढेपछि प्रसारणलाइन, वितरण लाइनजस्ता पूर्वाधारलाई प्राथमिकतामा राखेर बजेट ल्याएको ऊर्जा मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले पनि विद्युत् आपूर्तिको मेरुदण्ड प्रसारणलाइन र सबस्टेसन पहिलोपटक सरकारको उच्च प्राथमिकतामा राखेको बताए । 'बजेटमार्फत ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको मुख्य आधारका रूपमा स्थापित गरेका छौं । यसपटक विद्युत् उत्पादन, व्यापार, पूर्वाधार र औद्योगिकीकरणलाई एकीकृत रूपमा अघि बढाउन पर्याप्त बजेट विनियोजन भएको छ,' उनले भने, 'विद्युत् आपूर्तिको मेरुदण्ड प्रसारणलाइन र सबस्टेसन पहिलोपटक सरकारको उच्च प्राथमिकतामा परेको छ । आगामी वर्षभित्रै रणनीतिक महत्त्वका एक दर्जनभन्दा बढी प्रसारणलाइनको निर्माण सम्पन्न गर्ने सरकारको लक्ष्य छ । यो पक्कै पनि 'गेम चेन्जर' हुन सक्छ भन्ने हामीले विश्वास लिएका छौं ।'

अहिले उत्पादन हुने विद्युत्कै लागि प्रचलित प्रसारणलाइनलगायतका संरचनाको क्षमताले पुग्ने अवस्था छैन । प्राधिकरणसँग पिपिए गरेकोबाट अबको केही वर्षमा तीन हजार मेगावाटभन्दा बढी विद्युत् थपिँदै छन् । त्यो अवस्थामा पूर्वाधार संरचनाको क्षमता बढाउन नसकेमा विद्युत् खेर जाने अवस्था आउने जोखिम बढेको छ । त्यसपछि प्रसारणलाइन तथा सबस्टेसनलाई प्राथमिकतामा राखेर बजेट ल्याएको मन्त्रालयको भनाइ छ ।

■ ४९ भन्दा बढी प्रसारणलाइन विस्तार परियोजनामा २१.६१ अर्ब बजेट



निर्माणाधीन तथा विस्तारका चरणमा रहेका एक सय ३२ केभी र त्यसभन्दा बढी क्षमताका ४९ भन्दा बढी प्रसारणलाइन परियोजनालाई २१ अर्ब ६१ करोड ८८ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । चालू आवमा यस शीर्षकमा १२ अर्ब ९८ करोड ९८ लाख रुपैयाँ बजेट थियो ।

रातो किताबअनुसार दुई सय २० केभीको लेखनाथ-दमौली प्रसारणलाइनलाई दुई अर्ब ३० करोड, चार केभीको नयाँ बुटवल-लमही प्रसारणलाइनलाई दुई अर्ब ३० करोड र दुई सय २० कै बोरङ-रातमाटे-नौबिसे प्रसारणलाइनलाई एक अर्ब ५० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

यसैगरी, दुई सय २० केभीको मर्स्याङ्दी करिडोरलाई एक अर्ब २० करोड र चार केभीको निजगढ-पोखरिया प्रसारणलाइनलाई एक अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको छ । यस्तै, दुई सय २० केभीको कोशी करिडोरलाई ६५ करोड, दुई सय २० केभीकै लुम्लिङटार-शीतलपाटी प्रसारणलाइनलाई ६२ करोड ७१ लाख रुपैयाँ र लप्सीफेदी तथा चाँगुनारायण सबस्टेसन निर्माणमा ६० करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । यस्तै, काठमाडौं उपत्यकाको प्रणाली सुदृढ गर्न एक अर्ब २० करोड १६ लाख रुपैयाँ बजेट विनियोजन गरेको देखिन्छ । यसैगरी, काठमाडौं उपत्यका प्रसारण क्षमता सुदृढीकरण आयोजनाको फेज १ मा ६० करोड २२ लाख र फेज २ मा ३८ करोड १४ लाख बजेट विनियोजन गरिएको छ । काठमाडौंको सबस्टेसन अटोमेसन गर्न १० करोड बजेट विनियोजन गरिएको छ ।

देशभर वितरण प्रणाली स्तरोन्नति गर्न सवा ११ अर्ब बजेट

वितरण प्रणाली स्तरोन्नति तथा विस्तारमा ११ अर्ब २९ करोड ६१ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । यो देशभरका वितरण प्रणालीका लागि विनियोजन गरिएको बजेट हो । चालू आवमा यस शीर्षकमा आठ अर्ब ३९ करोड २५ लाख र गत आवमा नौ अर्ब बजेट विनियोजन गरिएको थियो । आगामी आवमा यसमा बजेट थप गरेको देखिन्छ ।

सबस्टेसन विस्तार परियोजनामा सवा सात अर्ब बजेट

मन्त्रालयले ३३ केभी तथा त्योभन्दा बढी क्षमताका २० भन्दा बढी सबस्टेसन विस्तार परियोजनामा सात अर्ब २८ करोड ५४ लाख बजेट विनियोजन गरेको छ । चालू आवमा यस शीर्षकमा पाँच अर्ब २८ करोड सात रुपैयाँ बजेट विनियोजन गरिएको थियो । यसअन्तर्गत विद्युतीय आपूर्ति सुधार परियोजनामा दुई अर्ब ५० करोड १७ लाख बजेट विनियोजन गरिएको छ । यसैगरी, कर्णाली सौर्य ऊर्जा आयोजनामा ७० करोड ७८ लाख विनियोजन गरिएको छ । ललितपुर-भक्तपुर वितरण प्रणाली सुदृढीकरणमा ६४ करोड, पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरणमा ४२ करोड ४१ लाख र काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरणमा ३० करोड ७८ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

नेपाल-भारत विद्युत् प्रसारणमा एक अर्ब २० करोड बजेट

नेपाल-भारत विद्युत् प्रसारण परियोजनाका लागि एक अर्ब ६२ करोड बजेट विनियोजन गरिएको छ । यसअन्तर्गत रहेको चार सय केभीको हर्टौंडा-ढल्केबर-इनरुवा प्रसारणलाइनमा ७५ करोड, आम्दानी व्यवस्थापन प्रणली परियोजनामा ५४ करोड रुपैयाँ र संस्थागत सुदृढीकरण परियोजनामा ३३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

ग्रिड कम्पनीलाई दिने बजेटमा उच्च वृद्धि

सरकारले राष्ट्रिय प्रसारण ग्रिड कम्पनीलाई दिने बजेटमा उच्च वृद्धि गरेको देखिन्छ । प्रसारणलाइन निर्माण छुट्टै कम्पनीमार्फत गर्ने गरी सरकारले १० वर्षअघि यो संस्था स्थापना गरेको थियो । तर, विगतमा यस कम्पनीलाई बजेट भने नगण्य मात्रामा दिने गरिएको थियो । गत आवमा २० करोड र चालू आवमा १८ करोड ६५ लाख रुपैयाँ मात्रै बजेट पाएको यस कम्पनीलाई आगामी आवका लागि दुई अर्ब तीन करोड ५५ लाख बजेट विनियोजन गरिएको छ । यसअन्तर्गत कर्णाली करिडोरलाई एक अर्ब १० करोड ७१ लाख, दरौदी-नयाँ मर्स्याङ्दी प्रसारणलाइनलाई ३७ करोड ९९ लाख, मेवाहब-ढुंगेसाहु प्रसारणलाइनलाई ३१ करोड ९२ लाख, किमाथांका-अरुण हबलाई ११ करोड पाँच लाख र भेरी करिडोरलाई नौ करोड ९९ लाख रुपैयाँ बजेट दिइएको छ ।

नेपाल-भारत एआई सहकार्य बढाइने

काठमाडौं/ नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की)ले नेपालस्थित भारतीय राजदूतावाससँगको सहकार्यमा उदीयमान प्रविधिहरूमा भारत-नेपाल साझेदारी एआई सहकार्यका लागि द्विपक्षीय अवसर अन्वेषण विषयक कार्यक्रम गरेको छ । काठमाडौंमा भएको यस कार्यक्रमले दुई देशबिच कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स)को क्षेत्रमा सहकार्यका सम्भावनाबारे छलफल गर्न व्यवसाय, सरकार, प्राज्ञिक र प्रविधि क्षेत्रका नेतृत्वकर्तालाई एकै ठाउँमा ल्याएको थियो ।

कार्यक्रममा दक्षिण एसियामै फुल-स्ट्याक जेनेरेटिभ एआई र स्थानीय भाषाका एआई प्रणालीहरू निर्माण गर्ने अग्रणी कम्पनी सर्वम एआईका सहसंस्थापक तथा सिइओ डा. प्रत्यूष कुमारले प्रमुख वक्ताका रूपमा सम्बोधन गरे । डा. कुमारले फुल-स्ट्याक जेनेरेटिभ एआईको उदय र एआई प्रविधिका निर्माताभन्दा पनि उपभोक्ताका रूपमा रहेका देशहरूमा यसको प्रभावबारे चर्चा गरेका थिए । उनले दक्षिण एसियाको भाषिक र सांस्कृतिक यथार्थअनुकूल हुने प्रणालीहरू विकास गर्ने सर्वम एआईको दृष्टिकोणबारे प्रस्ट पार्दै, डिजिटल पहुँच र समावेशीकरण विस्तार गर्ने माध्यमका रूपमा स्थानीय भाषाका प्रविधिमा विशेष जोड दिए ।



डाँगीको नेतृत्वमा इप्पान



काठमाडौं/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)को २४औं वार्षिक साधारणसभा एवं आठौं अधिवेशनबाट मोहन डाँगीको नेतृत्वमा २५ नयाँ कार्यसमिति चयन भएको छ । विधानमा भएको व्यवस्थाअनुसार यसअघि वरिष्ठ उपाध्यक्ष रहेका डाँगी स्वतः अध्यक्ष बनेका हुन् । नयाँ कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा उत्तम ब्लोन लामा तथा उपाध्यक्षहरूमा उत्तरकुमार श्रेष्ठ, नरेन्द्रबल्लभ पन्त, विक्रम विष्ट, सुसन कर्माचार्य, हिमप्रसाद पाठक, बलराम खतिवडा र प्रकाशचन्द्र दुलाल निर्वाचित भएका छन् ।

यसैगरी, महासचिवमा टिएन आचार्य, उपमहासचिवमा कविता पोखरेल तथा सचिवहरूमा अभिज्ञा मल्ल, ईशा श्रेष्ठ, कुबेरमणि नेपाल, विजयमोहन भट्टराई र सुमनकुमारी जोशी निर्वाचित भएका छन् । नयाँ संशोधित विधानअनुसार सचिवमा कृष्ण घिमिरे र दीपक पौडेललाई थप गरी सात सचिव पुऱ्याइएको छ । यसैगरी, कोषाध्यक्षमा शंकर बस्याल निर्वाचित भएका छन् ।

हेटौंडामा पाँच वर्षमा २५० किमि सडक विस्तार

शिक्षा र स्वास्थ्यका पूर्वाधारमा पनि उल्लेख्य लगानी

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडा उपमहानगरपालिकाले पछिल्लो पाँच वर्षमा दुई सय ५० किमिभन्दा बढी सडक विस्तार गरेको छ । सडक तथा आधारभूत पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै उपमहानगरमा गाभिएका साबिकका गाउँ विकास समितिलाई सहज यातायात पहुँचसँग जोड्ने उद्देश्यले पाँच वर्षमा दुई सय ५० किमिभन्दा बढी सडक निर्माण तथा स्तरोन्नति गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

उपमहानगरको योजना कार्यान्वयन शाखाका अनुसार आर्थिक वर्ष ०७७/७८ देखि ०८१/८२ सम्मको अवधिमा २४८.५४ किमि सडकमा कंक्रिट (स्ल्याब) ढलान गरिएको छ भने ७.९७ किमि सडक कालोपत्रे गरिएको छ । यसबाहेक ५.८८ किमि नयाँ सडक ट्र्याक खोलिएको र ११.१० किमि सडक ग्राभेल गरिएको छ ।

हेटौंडा उपमहानगरपालिका गठनका क्रममा साबिकका हटिया, हर्नामाडी, चुरियामाई, पदमपोखरी र बसामाडी गाविस समेटिएका थिए । ती क्षेत्रका अधिकांश सडक कच्ची र वर्षायाममा आवतजावत गर्न कठिन हुने अवस्था रहेकाले उपमहानगरले सडक पूर्वाधारलाई प्राथमिकतामा राख्दै स्तरोन्नतिको अभियान अघि बढाएको योजना कार्यान्वयन शाखाका प्रमुख किरण थापाले जानकारी दिए ।



उनका अनुसार आव ०७७/७८ मा ४१.७१ किमि, ०७८/७९ मा ५२.७१ किमि, ०७९/८० मा ७३.१९ किमि, ०८०/८१ मा ५६.२८ किमि र ०८१/८२ मा २५ किमि सडकमा कंक्रिट ढलान गरिएको छ । यस्तै, कालोपत्रे सडकतर्फ आव ०७७/७८ र ०७८/७९ मा समान १.५-१.५ किमि, ०७९/८० र ०८०/८१ मा २.२५-२.२५ किमि तथा चालू आर्थिक वर्षमा ४७ मिटर सडक कालोपत्रे गरिएको प्रमुख थापाले जानकारी दिए ।

उपमहानगरले सडक निर्माणसँगै शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी तथा धार्मिक संरचनाको विकासमा समेत लगानी गरेको छ । पाँच वर्षको अवधिमा एक सय ४१ वटा शैक्षिक पूर्वाधार, एक सय १५ वटा सामुदायिक पूर्वाधार, २५ वटा स्वास्थ्य पूर्वाधार, ४४ वटा खानेपानी आयोजना तथा ४८ वटा पर्यटनसम्बन्धी संरचना निर्माण गरिएको योजना कार्यान्वयन शाखा प्रमुख थापाले बताए ।

उनका अनुसार ७९ वटा गुम्बा, दुई सय ७२ वटा मन्दिर, ६१ वटा तटबन्धन, १९ वटा सिँचाइ आयोजना, ४५ वटा सार्वजनिक शौचालय तथा ६३ वटा सामुदायिक भवन निर्माण सम्पन्न गरिएको छ । पानीको निकास व्यवस्थापनलाई सुधार गर्न पाँच वर्षको अवधिमा ४५ वटा ढल तथा नाला निर्माण गरिएको उपमहानगरले उपलब्ध गराएको तथ्यांकमा उल्लेख गरिएको छ । साथै, विभिन्न क्षेत्रमा १३ वटा कल्भर्ट निर्माण गरी यातायात तथा बर्सेनि हुने अवरोध न्यूनीकरण गर्ने प्रयास गरिएको पनि जनाइएको छ । उपमहानगर प्रमुख मीनाकुमारी लामाले नगरलाई व्यवस्थित, सुरक्षित र सुविधासम्पन्न बनाउन समग्र पूर्वाधार विकासमा केन्द्रित भएर काम भइरहेको बताइन् । उनका अनुसार स्वास्थ्य र शिक्षाका क्षेत्रमा पूर्वाधार अभावका कारण सेवा प्रवाह प्रभावित भइरहेको गुनासो हटाउन उपमहानगरले विशेष प्राथमिकताका साथ लगानी गरिरहेको छ ।

INTEREST RATES

Effective from 1st Ashad 2083

I. Deposits

S.N.	Saving Deposits	Interest Rates (% p.a)
1	Muktinath Aashirwad Bachat (Gold)*	3.00%
2	Muktinath Aashirwad Bachat (Platinum)*	3.00%
3	All other Savings	2.75%
4	Muktinath Sambriddhi Remit IPO Bachat Khata	4.00%
5	FCY Deposit ($, £, €, and AUD)	Up to 1.35%

*For existing customers only

S.N.	Current & Call Deposits	Interest Rates (% p.a)
1	Current Account	-
2	Call Deposit Account	Up to 1.35%

S.N.	Fixed Deposits	Interest Rates (% p.a)		
		Individual	Institutional	Remittance
1	3 Months	2.75%	-	3.75%
2	6 Months	2.75%	2.75%	3.75%
3	1 Year	2.75%	2.75%	3.75%
4	2 Years	3.00%	2.80%	4.00%
5	3 Years, 4 Years and 5 Years	3.75%	3.00%	-
6	Above 5 Years to 10 Years	4.66%	3.50%	-
7	Akshaya Kosh	-	Negotiable	-

II. Loans

a. Floating Interest Rates (Base Rate + Risk Premium)

S.N.	Products	Risk Premium	
		Minimum	Maximum
1	Agriculture Loan	-	2.00%
2	Auto Loan	-	2.00%
3	Bridge Gap Loan	-	2.00%
4	Business Loan	-	2.00%
5	Demand Loan	1.00%	3.00%
6	Education Loan	2.00%	4.00%
7	Flexi Business Loan	1.00%	3.00%
8	General Loan	3.00%	5.00%
9	Gold Loan	2.00%	4.00%
10	Hire Purchase Loan	2.00%	4.00%
11	Home Equity Loan	0.40%	2.40%
12	Housing Loan	0.40%	2.40%
13	Micro-Enterprise Loan	3.00%	5.00%
14	Personal Overdraft Loan	2.50%	4.50%
15	Personal Term Loan	2.00%	4.00%
16	Real Estate Loan	1.00%	3.00%
17	Real Estate Overdraft	1.50%	3.50%
18	Sambridhi Business Karja	2.00%	4.00%
19	Share Loan	0.50%	1.50%
20	Short Term Business Loan	2.00%	4.00%
21	Shulav Baywasaya Karja	2.00%	4.00%
22	Small Enterprise Loan	2.50%	4.50%
23	Subsidized Loan	2.00%	2.00%
24	Term Mortgage Loan	1.00%	3.00%
25	Wholesale Loan Cooperative	-	2.00%
26	Wholesale Loan MFIs	-	2.00%
27	All Other Small Banking Products	2.50%	4.50%
28	Professional Loan	5.00%	6.00%

b. Fixed Interest Rates

S.N.	Tenure of the Products	Interest Rate	
		Minimum	Maximum
1	Up to 5 Years	Up to 9.50%	Up to 11.50%
2	More than 5 Years up to 10 Years	Up to 9.75%	Up to 11.75%
3	More than 10 Years	Up to 10.00%	Up to 12.00%
3 Months Average Base Rate of Baisakh, 2083			**5.73%**
Interest Spread for the month of Baisakh, 2083			**4.24%**

III. Additional Information

1. Interest in saving and call deposits are paid on quarterly basis while interest in FD can be paid monthly or quarterly.
2. Interest rates on call accounts are negotiated and may vary subject to market conditions.
3. The remittance fixed deposit product is applicable to individuals only.
4. The interest rate applicable on forced loan shall be 7% on top of the base rate.
5. The interest rate in consortium financing shall be as decided by the consortium.
6. Penal interest of plus 2% per annum will be applied on overdue amount.
7. Fixed deposits can be opened for the specified published tenure only.
8. For details please visit our website: *www.muktinathbank.com.np/interest-rates.*

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कुमारी बैंकले सुरु गऱ्यो इआरपी-एकीकृत डिजिटल कर्जा प्लाटफर्म

काठमाडौं/ कुमारी बैंकले नेपालको पहिलो इआरपी (एकीकृत डिजिटल कर्जा प्लाटफर्म) सार्वजनिक गरेको छ। बैंकले डिजिटल बैंकिङलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यले आइएमएस सफ्टवेयर प्रालिसँगको सहकार्यमा यो सेवा सुरु गरेको हो। यसअनुसार बैंकले ग्राहकलाई यस नवीन पहलमार्फत आइएमएसको इआरपी सफ्टवेयरमार्फत विनाधितो कर्जा प्रदान गर्ने बताइएको छ। यसका लागि लामो कागजी प्रक्रिया तथा शाखा धाउने झन्झट हट्ने बैंकको भनाइ छ। यस प्लाटफर्मले कर्जा आवेदन, स्वीकृति, वितरण तथा भुक्तानीसम्मको सम्पूर्ण प्रक्रिया डिजिटल माध्यमबाट सम्पन्न गर्ने सुविधा प्रदान गर्नेछ।



इआरपी प्रणालीसँगको एकीकरणमार्फत बैंकले व्यवसायको बिक्री, कारोबार तथा मौज्दातजस्ता वास्तविक समय डेटाका आधारमा कर्जा योग्यता मूल्यांकन गर्न सक्नेछ। यस डेटामा आधारित प्रणालीले छिटो र सटीक निर्णय लिन सहयोग पुऱ्याउँदै परम्परागत धितो आवश्यकताविनै व्यवसायहरूलाई वित्तीय पहुँच उपलब्ध गराउँछ। इआरपी प्रयोग गर्ने व्यवसायले आफूनै कार्यसम्पादनका आधारमा पाँच लाखसम्मको चालू पुँजी कर्जा प्राप्त गर्न सक्नेछन्, जसलाई १२ महिनासम्मको समान मासिक किस्तामार्फत भुक्तानी गर्न सकिने व्यवस्था गरिएको बताइएको छ।

अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका नौ लाखभन्दा बढी साना तथा मझौला उद्यमलाई लक्षित गर्दै ल्याइएको यस पहलले वित्तीय समावेशीकरणलाई थप सुदृढ पार्ने अपेक्षा गरिएको छ। साथै, यसले उद्यमशीलता प्रवर्द्धन, व्यवसाय विस्तार तथा समग्र आर्थिक गतिविधिमा सकारात्मक योगदान पुऱ्याउने विश्वास गरिएको छ।

एनसेल डेटा सेन्टरले पायो एएनएसआई/टिआइए-९४२-सी प्रमाणीकरण

काठमाडौं/ एनसेल डेटा सेन्टरले विश्व प्रतिष्ठित 'एएनएसआई/टिआइए-९४२-सी रेटेड ३ डिजाइन एन्ड कन्स्ट्रक्टेड फेसिलिटी सर्टिफिकेसन'को प्रमाणीकरण पाएको छ। अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त टिएर श्री प्रमाणीकरणले एनसेल डेटा सेन्टरको विश्वसनीयता, सुरक्षा मापदण्डलाई थप उजागर गर्ने बताइएको छ। इन्टिग्रेटेड डेटा सेन्टरका रूपमा समेत चिनिएको यो डेटा सेन्टर सरकारद्वारा



सूचीकृत भएको नेपालकै पहिलो डेटा सेन्टर तथा क्लाउड सेवा हो।

कम्पनीका अनुसार, यो प्रमाणीकरणले एनसेल डेटा सेन्टरको डिजाइन रेटिङ श्रीको मापदण्डअनुसार रहेको पुष्टि गर्छ। यो मूल्यांकन तथा प्रमाणीकरण टेलिकम्युनिकेसन इन्डस्ट्री एसोसिएसन (टिआइए)बाट अधिकारप्राप्त अडिट र प्रमाणीकरण गर्ने संस्था डेटा सेन्टर मिडिया एलएलपीले गरेको हो। 'यो प्रमाणीकरण एनसेलका साथै नेपालकै लागि पनि एक कोसेढुंगा हो, किनकि नेपालबाट डिजाइन एन्ड कन्स्ट्रक्टेड फेसिलिटीमा यो टिआइएको प्रमाणीकरण प्राप्त गर्ने एनसेल डेटा सेन्टर पहिलो हो,' एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले भने।

सिद्धार्थ बैंकलाई गोल्ड अवार्ड

काठमाडौं/ सिद्धार्थ बैंकले अन्तर्राष्ट्रियस्तरको प्रतिष्ठित अवार्ड प्राप्त गरेको छ। बैंकले इन्फोसिस फिनाकल इनोभेसन अवार्ड-२०२६ अन्तर्गत 'म्याक्सिमाइजिङ कस्टमर इन्गेजमेन्ट डिजिटल फर्स्ट बैंकिङ' विधामा गोल्ड अवार्ड पाएको हो। विश्वभरका बैंक तथा वित्तीय संस्थाले प्रविधि, नवप्रवर्तन तथा ग्राहक अनुभव अभिवृद्धिका क्षेत्रमा गरेका उत्कृष्ट अभ्यासको मूल्यांकन गरी प्रदान गरिने उक्त अवार्डले बैंकको डिजिटल बैंकिङ क्षेत्रप्रतिको निरन्तर प्रतिबद्धता, ग्राहककेन्द्रित सेवा तथा उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्ने प्रयासलाई अन्तर्राष्ट्रियस्तरमा सम्मान गरेको बताइएको छ।



बैंकले ग्राहकलाई सहज, सुरक्षित तथा आधुनिक बैंकिङ अनुभव प्रदान गर्ने उद्देश्यले विभिन्न डिजिटल सेवाको विस्तार गर्दै आएको छ। मोबाइल बैंकिङ, क्युआर भुक्तानी, क्युआर कर्जा, भर्चुअल क्रेडिट कार्ड, डिजिटल खाता सञ्चालनलगायतका सेवामार्फत ग्राहकलाई छिटो, सरल र सुविधाजनक बैंकिङ सेवा उपलब्ध गराउने बैंकको प्रयासलाई उक्त अवार्डले थप साहस र ऊर्जा प्रदान गरेको जनाइएको छ।

ज्योति विकास बैंकद्वारा ११ स्वास्थ्य संस्थालाई बेबी वार्मर हस्तान्तरण



काठमाडौं/ ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत देशका विभिन्न ग्रामीण तथा दुर्गम क्षेत्रका ११ वटा स्वास्थ्य संस्थालाई बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको छ। बैंकले चालू आर्थिक वर्षमा नवजात शिशुको शारीरिक तापक्रम सन्तुलित राख्न तथा हाइपोथर्मिया (अल्पतापा)को जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने उद्देश्यले ११ स्वास्थ्य संस्थालाई जीवनरक्षक उपकरण उपलब्ध गराएको जनाएको छ।

बैंकका अनुसार आधारभूत स्वास्थ्य सेवा तथा आवश्यक चिकित्सा पूर्वाधारको अभाव रहेका क्षेत्रलाई प्राथमिकतामा राखेर बेबी वार्मर वितरण गरिएको हो। साथै, सुरक्षित प्रसूति सेवाको पहुँच दुर्गम क्षेत्रमा समेत विस्तार गर्ने लक्ष्यसहित शाखा कार्यालय नभएका स्थानमा पनि यस्ता अत्यावश्यक स्वास्थ्य उपकरण उपलब्ध गराएको बैंकले जनाएको छ।

चालू आवमा पाँचथरको एकतिन हेल्थपोस्ट, खोटाङको जनसेवा नगर अस्पताल, अछामको भाटाकाटिया हेल्थ पोस्ट, संखुवासभाको नुम प्राथमिक हेल्थ केयर सेन्टर तथा सिसुवाखोला हेल्थपोस्टलाई बेबी वार्मर दिइएको बैंकले जनाएको छ। यसबाहेक बझाङको कालुखेती तथा मस्टा हेल्थपोस्ट, बाजुराको पुर्भुता आधारभूत स्वास्थ्य सेवा केन्द्र, पाल्पाको ज्यामिरे हेल्थपोस्ट, रोल्पाको लिवाङ हेल्थपोस्ट तथा मकवानपुरको आमभञ्ज्याङ हेल्थपोस्टलाई पनि यस्ता उपकरण उपलब्ध गराइएको बैंकले बताएको छ। साथै, अस्पतालका चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीलाई विज्ञमार्फत बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिमसमेत प्रदान गरिएको छ।

वार्षिकोत्सवमा गुहेश्वरी मर्चेन्टले गऱ्यो खाद्यान्न सामग्री सहयोग



काठमाडौं/ गुहेश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स २४औं वर्ष पूरा गरी २५औं वर्षमा प्रवेश गरेको छ। फाइनान्सले वार्षिकोत्सवको अवसर पारी बुङमती, ललितपुरस्थित अपांग सेवा संघलाई खाद्यान्न सामग्री उपलब्ध गराएको छ। फाइनान्सले विगत आठ वर्षदेखि सो संस्थालाई खाद्यान्न सहयोग गर्दै आइरहेको छ।

सोही अवसरमा नेपाल रेडक्रस सोसाइटीको सहयोगमा रक्तदान कार्यक्रम पनि गरेको छ। साथै, गुहेश्वरी डेन्टल मल्टिस्पेसियालिटी एन्ड इम्प्लान्ट्स हबको प्राविधिक सहयोगमा निःशुल्क दन्त स्वास्थ्य शिविरसमेत गरेको संस्थाले जनाएको छ। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यस संस्थाले विगत वर्षदेखि नै वित्तीय साक्षरता तथा सामाजिक कार्यमा सहभागिता जनाउँदै आइरहेको छ। यो संस्थाले देशभरका २३ वटा शाखा कार्यालय, चार विस्तारित काउन्टरबाट सेवा प्रदान गर्दै आएको छ।

ग्लोबल आइएमईको सञ्चालक सदस्यमा भट्टराई



काठमाडौं/ ग्लोबल आइएमई बैंकको सञ्चालक समिति सदस्यमा बिन्द्रा हाडा भट्टराई नियुक्त भएकी छिन्। शुक्रबार बसेको बैंक सञ्चालक समितिको बैठकले भट्टराईलाई रिक्त रहेको स्वतन्त्र महिला सञ्चालक पदमा नियुक्त गर्ने निर्णय गरेको हो।

नवनियुक्त सञ्चालक भट्टराईलाई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले स्वागत गरे। नवनियुक्त सञ्चालक भट्टराईसँग सार्वजनिक प्रशासन, सुशासन र विकास व्यवस्थापनको क्षेत्रमा साढे तीन दशकभन्दा लामो अनुभव छ।

पूर्वसचिवसमेत रहेकी भट्टराईले सिँचाइ मन्त्रालय, नेपाल ट्रस्टको कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सूचना आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काम गरिसकेकी छिन्।

त्रिभुवन विश्वविद्यालयबाट रसायनशास्त्र र जनप्रशासनमा स्नातकोत्तर तथा कानुनमा स्नातक गरेकी भट्टराईले अमेरिकाको युनिभर्सिटी अफ नर्थ क्यारोलिनाबाट पब्लिक पोलिसी (ट्रेड एन्ड फाइनान्स) र ड्युक युनिभर्सिटीबाट ननप्रफिट म्यानेजमेन्टमा उच्च शिक्षा हासिल गरेकी छिन्।

नेपाल माइक्रोको सञ्चालक समिति अध्यक्षमा लुइटेल

काठमाडौं/ नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीको सञ्चालक समिति अध्यक्षमा नारदकुमार लुइटेल नियुक्त भएका छन्। कम्पनीको सञ्चालक समिति बैठकले यसअघिका अध्यक्षसहित चारजना सञ्चालकको राजीनामा स्वीकृत गर्दै नयाँ अध्यक्ष तथा सञ्चालकको नियुक्ति गर्ने निर्णय गरेको हो। संस्थापक समूहका अध्यक्ष आशिष श्रेष्ठले १५ चैतमा अध्यक्ष तथा सञ्चालक पदबाट राजीनामा दिएका थिए।

नयाँ सञ्चालकमा संस्थापक समूहका तर्फबाट सेन्ट्रम क्यापिटल प्रालिका प्रतिनिधि नारदकुमार लुइटेललाई सञ्चालक नियुक्त गर्दै सञ्चालक समितिको अध्यक्षको जिम्मेवारीसमेत दिइएको छ। यस्तै, अशोकप्रसाद साह, दीपककुमार मिश्र र स्वतन्त्र सञ्चालकमा दामोदर सत्याललाई नियुक्त गरिएको कम्पनीले जनाएको छ।

लेखामान बोर्ड अध्यक्षमा धिताल



काठमाडौं/ नेपाल लेखामान बोर्डको अध्यक्षमा वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट (सिए) रमेशकुमार धिताल नियुक्त भएका छन्। सरकारले लेखा व्यवसाय तथा वित्तीय प्रतिवेदन प्रणालीलाई अझ व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यका साथ धिताल―लाई उक्त पदमा नियुक्त गरेको हो।

धितालसँग लेखा परीक्षण, वित्तीय परामर्श, जोखिम व्यवस्थापन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन कार्यान्वयनको क्षेत्रमा दुई दशकभन्दा बढी अनुभव छ। उनले लेखामान कार्यान्वयन, बैंक तथा वित्तीय संस्थाहरूमा प्रणाली लागू गर्न उनले नेतृत्वदायी भूमिका निर्वाह गरेका छन्। सूचना प्रविधि (आइटी) लेखा परीक्षणलाई थप विशिष्टीकृत र प्रभावकारी बनाउन पनि उनको उल्लेखनीय योगदान रहेको बताइएको छ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८३/०२/३१

यस बैंकका निक्षेपकर्ता नेम चन्द बोथराको नाति, शोभा चन्द बोथराको छोरा, NO 494 4th Floor FRF4 Surya Park View 177 CROSS IDEAL HOMES RR NAGAR, BBMP, Bengal, Urban, Karnataka 560098 स्थाई ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उप-महानगरपालिका, वडा नं. ०१, मेनरोड नेपाल बस्ने वर्ष ६६ को **रतन लाल बोथरा** (आधार कार्ड रेजिष्ट्रेसन नवर ४९०१ ४५२९ ५२८७०, भारतीय नागरिक) को NO 494 4th Floor FRF4 Surya Park View 177 CROSS IDEAL HOMES RR NAGAR, BBMP, Bengal, Urban, Karnataka 560098 कर्नाटकामा ई.स. मिति १०/०२/२०२६ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको निज को पत्नी सुप्यार देवी बोथराले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको पत्नी सुप्यार देवी बोथराको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पिनाक बचत तथा ऋण सहकारी संस्था लि.
त्रिपुरेश्वर काठमाडौं
सम्पर्क नं.: ०१-४२४८६३८, ९८४१०४९५५३

विशेष साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/२/३१

यस संस्थाको विशेष साधारण सभा २०८३ साल आषाढ १३ गते शनिवारका दिन बिहान ९ बजे विनायक पार्टी प्यालेस नयाँ बजारमा हुने भएकोले सम्पूर्ण सेयर सदस्यहरू उपस्थितिको लागि यो पत्रचार गर्दछौं।

छलफलका विषयहरु

१ संस्थाको वर्तमान अवस्थाबारे छलफल गर्ने
२ गत वर्षसम्मको आयव्य विवरण प्रस्तुत गर्ने
३ अध्यक्षको प्रतिवेदन सम्बन्धमा छलफल पश्चात पारित गर्ने
४ आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्यक्रम सम्बन्धमा
५. संस्था सञ्चालनको लागि आवश्यक छलफल बजेट सम्बन्धमा
६. लगानी भएका कर्जाहरू असुलीको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने सम्बन्धमा
७. सञ्चालक समितिको निर्वाचन सम्बन्धमा
८. विविध

तुलसिराम न्यौपाने
अध्यक्ष

नेपाल राष्ट्र बैंकबाट "ज" वर्गको इजाजतपत्रप्राप्त वाणिज्य बैंकको तृतीय संस्था
Progressive Finance Limited
प्रोग्रेसिभ फाइनान्स लिमिटेड

Corporate Office
Tinkune, Kathmandu-32
Tel. No.: 01-5199664, 01-5199665
P.O.Box: 10390
Email : info@pfltd.com.np
www.pfltd.com.np

SCHEDULE OF INTEREST RATE
Interest rates effective from 2083/03/01 (15 June 2026)

Fixed Deposit	Interest Rate p.a. (Quarterly/Monthly Payment)	
Period	Individual	Institutional
3 Months	3.25%	-
6 Months	3.50%	3.00%
9 Months	3.75%	3.25%
12 Months to 23 Months	4.00%	3.60%
24 Months to 35 Months	4.25%	3.85%
36 Months and Above	4.85%	4.35%

Recurring Fixed Deposit	
Period	Interest Rate p.a. (Quarterly Payment)
6 months to 2 years	4.50 %*
Above 2 years-5 years	4.85% *

* An additional 1% will be provided on remittance F.D

Saving Deposit	2.90 % to 3.25%*	
Call Account	Upto 0.50 %	Rs.5000(Min.Bal)

Loan and Advances	Interest Rate p.a.
Auto/Hire Purchase, Real Estate, Personal, Share, Educational, Foreign Employment, Home, Loan Against Insurance Policy, Unified Agriculture - Personal, SME, Unified Agriculture - Business, and others	Base Rate + premium upto 3%
Deprived Sector (Wholesale, Retail*)	Base Rate + premium up to 2%
Subsidy Loan	As defined by NRB
FD Receipt Loan	Up to +2% on coupon rate or base rate
Consortium Loan	As per consortium decision
Fixed Rate to all Loans Products (For the first 5 years)	11.00%

* Conditions Apply
1. Average base rate: 7.56 % (Applicable for Jestha 2083)

INTEREST RATES
Following rates on lending and deposit products shall be applicable from
15th June 2026 (1st Ashadh 2083)

LCY DEPOSITS		Interest Rates (% p.a.)
A.	Savings Deposit:	
	Nabil General Savings Account	2.75
	Nabil Premium Nari Bachat Khata	2.75
	Nabil Corporate Staff Savings Account	2.75
	Nabil Jestha Bachat Khata	2.75
	Nabil Bal Bachat Khata	2.75
	Nabil Karmashil Bachat Khata	2.75
	Nabil Social Security Savings Account	2.75
	Nabil Gen N Account	2.75
	Nabil Sahuliyat Khata	2.75
	Corporate General Savings	2.75

LCY DEPOSITS		Interest Rates (% p.a.)
	Savings Deposit:	
	Nabil Gen Alpha Account	2.75
	Nabil Digo Bachat Khata	2.75
	Nabil Shareholders Savings Account	2.77
	Nabil Premium Payroll Savings Account	2.77
	Corporate Premium Savings	2.77
	Nabil Gold Savings Account	2.80
	Corporate Super Savings	2.80
	Nabil Gold Payroll Savings	2.80
	Nabil Dhukka Bachat Khata	2.80
	Nabil Premium Remittance Savings Account	3.80

B.	Fixed Deposit:		
	Individual	Normal	Remittance
	3 months to below 6 months	2.80	3.80
	6 months to 1 year	2.85	3.85
	Above 1 to 2 years	3.00	4.00
	Above 2 to 5 years	3.25	4.25
	Above 5 to 10 years	4.00	5.00
	Above 10 years	4.55	5.55
	- Cumulative Fixed Deposit (1 Year)	2.85	3.85
	Institutional		
	6 months to 1 year	2.75	
	Above 1 to 2 years	2.75	
	Above 2 to 5 years	2.85	
	Above 5 to 10 years	2.95	
	Above 10 years	3.01	
	Nabil Akshaya Kosh Muddati	Negotiable	

FCY Deposits

Currency	Saving Deposit			Interest Rate (% per annum)
	USD Saving	Nabil USD Special Savings A/c	Nabil USD Elite Savings A/c	
	1.5	1.75	2.25	
USD	Fixed Deposits**			
	3 to 6 months			3.25
	Above 6 to 12 months			3.00
	Above 12 months			2.75
	Call Deposits			Up to 0.75

Currency	Deposit	Interest Rate (% per annum)	Currency	Deposit	Interest Rate (% per annum)
GBP	Saving Deposit	1.5	JPY	Saving Deposit	0.10
	Fixed Deposits**	2		Fixed Deposits**	0.50
	Call Deposits	up to 0.75		Call Deposits	up to 0.05
EUR	Saving Deposit	0.25	AUD	Saving Deposit	0.10
	Fixed Deposits**	0.5		Fixed Deposits**	0.50
	Call Deposits	up to 0.12		Call Deposits	up to 0.05

** Minimum tenor for Individual Fixed Deposit is 3 months and Institutional Fixed Deposit is 6 months

NRN Fixed Deposit (Minimum Balance USD 1,000.00 or equivalent & minimum Tenor 1 year)			
Currency	USD	GBP	AUD
Interest Rate (% per annum)	3.50	2.25	2.25

LCY LOANS		Premium over base rate (% p.a.)	
A.	Business Loan		
	1. Directed Sector	Prime	Standard
	Energy	0.25-2.25	1.50-2.25
	Loans to the specified sector as per NRB Directive (up to NPR 20 million)	1.00-2.00	
	Agriculture (except specified sector as per NRB Directive)	0.25-2.25	1.00-2.25
	SME loan up to NPR 20 Million (except specified sector as per NRB Directives)	1.00-2.50	2.00-3.00
	2. Deprived Sector		
	Institutional Deprived Sector (MF-DSL)	0.00-2.00	
	Direct Deprived Sector Lending (DDSL)	1.00-2.00	
	Loan to Specified Sector as per NRB directives	1.00-2.00	
	DDSL Auto Loan	1.50-3.00	2.00-3.50
	Low Cost Housing	1.50-3.00	2.00-3.50
	Other DDSL Products	1.50-3.00	2.00-3.50
	3. Interest Subsidized Loan as per NRB	1.00-2.00	
	4. Export Finance		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.00-3.00	1.50-3.00
	5. Term Loan		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.00-3.00	1.50-3.00
	c. Contractor Business	1.50-3.50	2.00-3.50
	d. Hospitality Business	0.75-2.75	1.75-2.75
	e. Corporate Building Construction	0.75-2.75	1.75-2.75
	f. Hire Purchase Company	0.75-2.75	1.75-2.75
	6. Working Capital Loans		
	I. Cash Credit/Demand Loan/ Overdraft		
	a. Corporate	0.50-2.50	1.50-2.50
	b. SME	0.75-2.75	1.50-2.75
	c. Contractor Business	1.50-3.50	2.50-3.50
	II. TR/Import Loans		
	a. Corporate	0.50-2.50	1.75-2.50
	b. SME	1.00-3.00	1.50-3.00
	c. Contractor Business	1.50-3.50	2.50-3.50
B.	RETAIL LOAN		
	1. Sustainable Housing Loan		1.00-2.75
	2. Affordable Housing Loan		0.75
	3. Super Housing Loan		1.00-3.00
	4. Housing Loan		0.50-2.50
	5. Super Mortgage Loan		1.25-3.25
	6. Mortgage loan		
	Upto NPR 25 million		1.00-3.00
	Above NPR 25 million		1.25-3.25
	7. Auto		
	i. Private		1.00-3.00
	ii. Commercial		2.50-4.00
	iii. Tractor		3.00-4.00
	iv. Electric Vehicle		
	a. Private		1.00-3.00
	b. Commercial		2.50-4.00
	8. Education		3.00-5.00
	9. Personal Overdraft		1.50-3.50
	10. Corporate Employee Loan		0.00-2.00
	11. Nabil Professional Loan		3.50-4.00
	12. Gold Loan		3.00-5.00
	13. Nabil Fone Loan		5.00

LCY LOANS		Premium over base rate (% p.a.)	
A.	Business Loan		
	III. Working Capital Term Loan		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.25-3.25	1.50-3.25
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	IV. Short Term Loan (STL)		
	a. Corporate	0.50-2.50	1.75-2.50
	b. SME	1.00-3.00	1.50-3.00
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	V. Structured Short Term Loan/ Time Loan		
	a. Corporate	upto 2	1.00-2.00
	b. SME	0.75-2.75	1.00-2.75
	c. Contractor Business	1.50-3.50	2.25-3.50
	7. Bills Purchase/Documentary Negotiation	0.50-2.50	1.00-2.50
	8. Institutional Auto Loan	1.50-3.50	2.50-3.50
	9. Equity Mortgage Loan	1.50-3.50	2.50-3.50
	10. Channel Financing	1.00-3.00	1.50-3.00
	11. Nabil Sakchhyam Karja	1.00-3.00	1.50-3.00
	12. Nabil Nari Karja	1.00-3.00	1.50-3.00
	13. Nabil Sajilo Karja	1.00-3.00	1.50-3.00
	14. Nabil Sajilo Express Karja	1.00-3.00	1.50-3.00
	15. Nabil Kishan Karja	0.00-2.00	0.00-2.00
	16. Nabil Udhyamshil Karja	1.50-3.50	1.75-3.50
	17. Nabil Skill Migrant Entrepreneurship Loan		1.00-3.00
	18. # Fixed rate Business Term Loans other than Auto Loan		
	Up to 5 Years	11.00%	11.25%
	Above 5 to 10 Years	11.25%	11.50%
	Above 10 Years	11.50%	11.75%
	19. # Fixed rate Business Term Loans For Vehicle Financing		
	Up to 5 Years	9.99%	9.99%
	Above 5 to 7 Years	10.49%	10.49%
B.	RETAIL LOAN		
	14. # Fixed Rate Education loan		9.99%
	15. # Fixed rate Retail Loan Products		
	a) Up to 5 years		
	Mortgage Loan upto NPR 25 million		8.49%
	Mortgage Loan above NPR 25 million		10.99%
	Other Retail loans		11.99%
	Auto Loans		9.99%
	Auto Loans Commercial		12.00%
	b) Above 5 years to 7 years		
	Auto Loans		10.49%
	c) Above 5 years to 10 years		
	Mortgage Loan upto NPR 25 million		9.99%
	Mortgage Loan above NPR 25 million		11.49%
	d) Above 10 years to 15 years		
	Mortgage Loan upto NPR 25 million		10.49%
	Mortgage Loan above NPR 25 million		11.99%
	e) Nabil Dhukka Ghar Karja		
	i. Fixed for 7 years		8.99%
	ii. Fixed for 10 years		9.49%
C.	Loan Against		
	1. Fixed Deposit (Nabil Bank)*		0.50-2.00
	2. Fixed Deposit (Other banks)*		0.50-2.00
	3. 1st Class Bank Guarantee		2.00-4.00
	4. Other Bank's Guarantee		2.00-4.00
	5. Govt. Securities		2.00-4.00
	6. LCY Loan Against FCY Deposit		2.00-4.00
	7. Loan Against Shares		1.00-3.00
	* Coupon rate plus premium upto 2.00% or Base Rate whichever is higher.		
	# Rates are all-in-rates (Base rate plus premium)		
	Average Base Rate applicable for Jestha 2083 (Last 3 months' average)		4.58%
	LCY Interest Spread rate for the month of Baisakh 2083		3.38%

Notes:
1. The effective applicable loan interest rate shall be automatically revised with effect from the 1st day of every month based on the change in the immediate last three months (Bikram Sambat Calendar) average base rate as published by the Bank periodically.
2. Interest rates on consortium loans shall be as decided by consortium meetings.
3. Penal interest shall be charged at 2% above the agreed/applied premium over base rate on all overdue/expired loans.
4. Interest rate on foreign currency loans shall be determined on deal to deal basis as per market movements subject to applicable NRB guidelines.
5. Interest rates on loans against NRB refinance shall be as per applicable NRB guidelines.
6. Call deposit interest rate shall be as per agreement subject to applicable NRB guidelines.
7. Interest rate concession shall be provided to the specified sector under normal Deprived Sector Loan in line with NRB Directive.
8. Bank shall comply applicable NRB circular/regulation while determining interest rate on Loan Products.
9. For Loan against Institutional deposit to their staffs/associates, premium will be up to 2% on prevailing base rate.
10. In case Bank provides discount on Base Rate for the month; Applicable Base Rate can be lower than that of published Base Rate.
11. For organizations having co-service agreement, institutional FD rate of Above 10 years shall be applied.

NABIL BANK®
Head Office, Durbarmarg, Kathmandu | Phone No.01-5971871

फिफा वर्ल्ड कप विशेष

का.जि.द.नं.१२८ / ०६३ ६४, म.के.हु.नि.द.नं. १७ / ०६१ / ०७०

नयाँ पत्रिका

आइतबार ३१ जेठ ०८३

www.nayapatrikadaily.com

गोल्डेन बुटका सात दाबेदार

एजेन्सी / विश्व खेलकुदको लोकप्रिय खेल फिफा विश्वकपको २३औँ संस्करण सुरु भइसकेको छ। आइतबार बिहान कतार र स्विट्जरल्यान्डबिचको खेलसँगै पाँच खेल सम्पन्न भए। अब ९९ खेल बाँकी छन्। प्रतियोगिता उत्तर अमेरिकाका अमेरिका, मेक्सिको र क्यानडाले आयोजना गरेका हुन्। झन्डै ६ साता विश्वभरका फुटबल समर्थकको ध्यान यही विश्वकपले केन्द्रित गर्नेछ। उपाधिसँगै यसपटक गोल्डेन बल कसले जित्छ भन्ने मुख्य प्रश्न रहेको छ। त्यसका लागि आयोजक फिफाले नै गोल्डेन बुटको सम्भावित दाबेदार सार्वजनिक गरेको छ।



■ **केलियन एम्बाप्पे (फ्रान्स)** : केलिएन एम्बाप्पे लगातार तेस्रोपटक विश्वकप खेल्दै छन्। २७ वर्षीय यी स्ट्राइकरले सन् २०१८ मा फ्रान्सलाई पहिलो अवसरमै उपाधि जिताएका हुन्। त्यतिवेला उनी मात्र १९ वर्षका थिए। त्यसपछि उनले अहिलेसम्म ९८ खेलमा ५३ गोल गरिसकेका छन्। पेरिस सेन्ट जर्मेन (पिएसजी) पछि रियल मड्रिड पुगेसँगै उनी निकै परिपक्व पनि बनेका छन्। फ्रान्सका लागि थिएरी हेनरी ३० तथा ओलिभर जिरौड ३६ वर्षको उमेरमा पुग्दा उच्च गोलकर्ताको कीर्तिमान बनाउन सफल भएका थिए। तर एमबाप्पेले २७ वर्षको उमेरमै आफूलाई फ्रान्सका लागि इतिहासमै सबभन्दा धेरै अन्तर्राष्ट्रिय गोल गर्ने खेलाडीको रूपमा उभ्याइसकेका छन्। चार वर्षअघि नै कतारमा आठ गोल गर्दै उनले गोल्डेन बुट जितेका थिए। यसपटक उनी टिमलाई लगातार तेस्रो पटक फाइनलमा पुऱ्याउने र उपाधि जिताउने लक्ष्यमा छन्।

■ **ह्यारी केन (इंग्ल्यान्ड)** : बढ्दो उमेरसँगै इंग्ल्यान्डका कप्तान ह्यारी केनमा झनै परिवक्वता बढेको छ। उनी पछिल्लो वर्षहरूमा झनै खारिएको देखिन्छन्। पछिल्लो दुई वर्ष लगातार उत्कृष्ट प्रदर्शन गर्न सफल भए। टोटनह्यामबाट बायर्न म्युनिख आएपछि झनै आत्मविश्वास बढेको छ। जसले केनलाई यो विश्वकपमा उच्च गोलकर्ताको ताज पहिऱ्याउन सक्छ। कप्तान केनले इङ्ल्यान्डका लागि ११३ अन्तर्राष्ट्रिय खेलमा ७९ गोल गरिसकेका छन्। त्यसमा विश्वकपका ८ गोल पनि समावेश छन्। विश्वकपमा ८ गोल गर्नका लागि उनले ११ खेल खेलेका थिए। ३२ वर्षे स्ट्राइकर इंग्ल्यान्डका लागि पछिल्ला नौ वर्षमध्ये लगातार पाँच वर्षदेखि प्रतिखेल एक गोलका दरले स्कोर गर्न सफल भएका छन्।

■ **लियोनल मेसी (अर्जेन्टिना)** : लियोनल मेसी विश्व फुटबलले पछिल्लो दुई दशकमा पाएको सर्वोत्कृष्ट खेलाडीमध्ये एक हुन्। साबिक विजेता अर्जेन्टिनाका लागि मेसीले कुल १९८ अन्तर्राष्ट्रिय खेलमा ११६ गोल गरिसकेका छन्। त्यसमा विश्वकपमा भएका १३ गोल पनि समावेश छन्। विश्वकपमा १३ गोल गर्नका लागि उनले २६ खेलेका छन्। ३८ वर्षीय मेसी यसपटक उपाधि रक्षा अभियानमा छन्। पछिल्लो दशक विश्वकप उपाधि भोगका कारण दबाबमा रहेका मेसी यसपटक भने उपाधि जितिसकेकाले पनि दबाबमुक्त हुनेछन्। जसका कारण यसपटक उनलाई गोल्डेन बलको उपाधि दाबेदारको रूपमा पनि हेरिएको छ। मेसी पछिल्लो दुईपटक ६ गोल गरेर पनि गोल्डेन बल प्राप्त गरेनन्। जुन सफलता यसपाली उनको भागमा पर्न सक्छ।

■ **क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)** : लियोनल मेसीसँगै क्रिस्टियानो रोनाल्डो विश्व फुटबलले पाएको इतिहासकै सर्वकालीन महान् खेलाडीमध्ये एक हुन्। रोनाल्डोले पोर्चुगलका लागि २२६ खेलमा १४३ अन्तर्राष्ट्रिय गोल गरिसकेका छन्। विश्वकपमा २२ खेलमा सहभागिता भएका रोनाल्डोले ८ गोल गरेको छन्। विश्व फुटबल इतिहासमै सर्वाधिक अन्तर्राष्ट्रिय गोलको कीर्तिमान बनाएका रोनाल्डो ४० वर्षको उमेरमा पुगिसकेका छन्। तर मैदानमा उनको गति, ड्रिब्लिङ, फ्रिकिक र गोल गर्ने लय उस्तै छ। साउदी प्रो लिगको क्लब अलनासरबाट व्यावसायिक फुटबल खेलिरहेका रोनाल्डोले पोर्चुगलका लागि पछिल्ला ३० खेलमा २५ गोल गरेका छन्। जसले उनको उमेर ढल्कँदै गएको नभई थप परिपक्व भएको प्रमाण दिन्छ।

■ **औसमान डेम्बेले (फ्रान्स)** : पछिल्ला दुई वर्ष पेरिस सेन्ड जर्मन (पिएसजी)मा गरेको प्रदर्शनलाई आधार मान्दा यसपटक विश्वकपको गोल्डेन बुट दाबेदार औसमान डेम्बेले हुन्। उनले लगातार दुई पटक पिएसजीलाई युरोपियन च्याम्पियन्स लिगको उपाधि जिताएका छन्। त्यसै फ्रेन्च लिगको पनि उपाधि जिताएका हुन्। त्यसैले पनि डेम्बेलेलाई यसपालिको गोल्डेन बुट दाबेदारका रूपमा लिन सकिन्छ। उनले फ्रान्सका लागि ५९ अन्तर्राष्ट्रिय खेल खेलिसकेका छन्। तर, पछिल्ला दुई विश्वकपमा ११ खेल खेल्दा उनले गोल गरेका छैनन्। डेम्बेलेले सहकर्मी एमबाप्पेभन्दा पछाडि वा वाइड आक्रामक भूमिका पाउने सम्भावना बलियो छ। त्यसो हुँदा विपक्षी रक्षापंक्तिको ध्यान एमबाप्पेमा केन्द्रित हुनेछ र डेम्बेलेले धेरै मौका पाउने सम्भावना रहन्छ।

■ **एर्लिङ हालान्ड (नर्वे)** : म्यानचेस्टर सिटीका एर्लिङ हालान्ड पनि यसपटक गोल्डेन बुटको दाबेदार हुन्। पछिल्ला वर्षमा उनले सिटीको लागि सानदार प्रदर्शन गर्दै आएका छन्। त्यसैले पनि उनलाई यसपटक दाबेदारको रूपमा हेरिएको छ। अन्तर्राष्ट्रिय फुटबलमा उनले नर्वेका लागि ५० खेलमा ५५ गोल गरेका छन्। गत अक्टोबरमा उनी विश्व फुटबल इतिहासकै छैटौं तथा पछिल्लो ५३ वर्षमा ५० भन्दा कम खेलमा ५० अन्तर्राष्ट्रिय गोल गर्ने खेलाडीको कीर्तिमान राख्न सफल भए। विपक्षी डिफेन्डरका लागि ठूलो चुनौतीका रूपमा हाल्यान्डले आफूलाई प्रस्तुत गर्दै आएका छन्।

■ **भिनिसियस जुनियर (ब्राजिल)** : कार्लो एन्सोलोटी ब्राजिलको टिममा भिनिसियस जुनियरलाई समावेश गरेसँगै यी दुईको जोडी रियाल मड्रिडमाझैं जम्ने अनुमान गरिएको छ। विश्वकपमा ४ खेल खेलेका उनको नाममा एक गोल छ। यसपटक यो संख्या बढ्ने अनुमान गर्न सकिन्छ। एन्सोलोटीले ब्राजिलको टिममा भिनिसियसलाई नै विश्वास गर्ने हुँदा पनि उनी गोल्डेन बुटको दाबेदार हुन्।

म्याच प्रिभ्यु

विनादबाबको कुराकाओसँग जर्मनी सचेत

विश्वकपको नयाँ टोली कुराकाओले आइतबार चारपटकको च्याम्पियन जर्मनीसँग खेल्दै विश्वकप २०२६ को आभियान सुरु गर्दै छ। अमेरिकाको एनआरएस मैदानमा कुराकाओ विश्वकपकै पहिलो जित निकाल्न चाहन्छ। यदि जर्मनीविरुद्ध जित निकाले यो विश्वकपकै एउटा जित निकाल्नेछ। यता, पछिल्ला संस्करण कमजोर प्रदर्शन गर्दै आएको जर्मनी पनि ठुलो 'अपसेट'बाट बच्ने कोसिसमा हुनेछ।

पछिल्ला दुई संस्करण जर्मनी समूह चरणबाटै बाहिरिएको थियो। यद्यपि, जर्मनी बलियो लयका साथ अमेरिका आइपुगेको छ। पछिल्ला नौ खेलमा जर्मनीले विपक्षीलाई हराएको छ। यसै वर्ष भएका चार मैत्रीपूर्ण खेलमा जर्मनीले स्विट् जरल्यान्ड, घाना, फिनल्यान्ड र सहआयोजक अमेरिकालाई हराएको थियो। जर्मनीले कुराकाओपछि आइभोरिकोस्ट र इक्वेडरसँग खेल्नेछ। कुराकाओसँग जर्मनीलाई जितबाहेक अन्य विकल्प छैन। बराबरीको नतिजाले पनि टोली आलोचनाको सिकार बन्नेछ।

यता, समूह 'इ'को प्रतिस्पर्धामा पहिलो विश्वकप अनुभव लिइरहेको कुराकाओ ऐतिहासिक नतिजाको लक्ष्यमा हुनेछ। कुराकाओ भने विनादबाब मैदानमा प्रस्तुत हुनेछ। गत नोभेम्बरमा कुराकाओले कन्काकाफ छनोट प्रतियोगिताअन्तर्गत पहिलो र दोस्रो चरण दुवैमा शीर्ष स्थानमा रहँदै पहिलोपटक विश्वकपमा स्थान बनाएको थियो। डिक एडभोकाटको नेतृत्वमा रहेको कुराकाओले यो यात्रामा एक खेल पनि हारेन। त्यसैले कुराकाओ जर्मनीसँग डराइहाल्नुपर्ने टोली होइन।

विश्वकपअघिको वार्मअप खेलमा कुराकाओले स्कटल्यान्डसँग ४-१ को हार व्यहोऱ्यो। तर, अन्तिम मैत्रीपूर्ण खेलमा टोलीले अरुबालाई ४-० ले हरायो। फिफा वरीयतामा ८२औँ स्थानमा रहेको कुराकाओका लागि जर्मनीविरुद्ध एक अंक खोस्नु पनि जिलुसरह नै हो।

खेल तालिका

समूह 'एफ' | १ असार | ०१:४५
नेदरल्यान्ड्स vs जापान

समूह 'ई' | १ असार | ४:४५
आइभोरी कोस्ट vs इक्वेडर

समूह 'एफ' | १ असार | ७:४५
स्विडेन vs ट्युनिसिया

समूह 'एच' | १ असार | २१:४५
स्पेन vs केप भार्डे

यस्तो पनि

ब्राजिलमा सुआरेजको त्यो टोकाइ

सन् २०१४ को विश्वकप ब्राजिलमा भयो। यो विश्वकममा धेरै घटना घटे। तर, सबैभन्दा रोचक र रमाइलो घटना भने उरुग्वे र इटालीको खेलमा भयो। समूह 'डी'को खेलमा उरुग्वेका स्ट्राइकर लुइस सुआरेजले इटालीका डिफेन्डर जर्जियो चिलिनीको बायाँ काधमा टोके। इटालीका खेलाडीले रेफ्री मार्को रोड्रिगुजलाई उजुरी गरेपछि आफूले कुनै घटना नदेखेको भन्दै कारबाही गरेनन्। जुन खेलमा उरुग्वेले इटालीलाई १-० ले हराउँदै नकआउट चरणमा प्रवेश गरेको थियो।

एउटै रंगशालामा तीनपटक उद्घाटन

२३औँ सस्करण उत्तर अमेरिकामा आयोजना हुँदा मेक्सिकोले एकै मैदानमा तीनपटक विश्वकप उद्घाटन गरेको छ। एष्टाडियो अज्टेका मैदानमा सन् २०२६ अघि सन् १९८६ मा दोस्रोपटक प्रतियोगिता आयोजना भएको थियो। पहिलो पटक सन् १९७० मा प्रतियोगिता यसै मैदानमा भएको हो।

दोस्रो युद्धले रोकियो विश्वकप

अहिले २३औँ संस्करण सुरु हुँदा प्रतियोगिता दुई पटक मात्रै रोकिएको छ। त्यो पनि दोस्रो विश्वयुद्धले रोकिएको हो। सन् १९४२ र १९४६ विश्वकप आयोजना हुन सकेन। युद्धपछि लामो अन्तरालमा सन् १९५० मा ब्राजिलमा विश्वकप फेरि सुरु भयो। यसपल्ट फेरि उपाधि जित्दै उरुग्वे दोस्रोपटक च्याम्पियन बनेको थियो।

१७ फरक आयोजक

विश्वकपको २३औँपटक भइरहँदा अहिलेसम्म १७ राष्ट्रले मात्रै प्रतियोगिता आयोजना गरेका छन्। अघिल्लोपटक कतारले पहिलोपटक आयोजना गर्दा यसपटक क्यानाडा र अमेरिकाले पहिलोपटक आयोजना गरेको थियो। मेक्सिको भने तेस्रोपटक विश्वकप आयोजना गर्दैछ। त्यस्तै, ब्राजिल, फ्रान्स, इटाली र जर्मनीले दुई पटक प्रतियोगिता आयोजना गरेका छन्।

पहिलोपटक फिफा सदस्य ४१ देश मात्रै

ओलम्पिक खेलकुद प्रतियोगिता सहभागी भएपछि फिफाले पहिलोपटक विश्वकप आयोजना गर्ने निर्णय गऱ्यो। सन् १९२८ मा फिफाले पहिलोपटक विश्वकप आयोजना गर्ने र त्यसको जिम्मेवारी उरुग्वेलाई दिएको थियो। पहिलो विश्वकप उरुग्वेको मोन्टेभिडियोमा भयो। पहिलोपटक विश्वकप हुँदा ४१ राष्ट्र फिफाको सदस्य थिए। छनोट चरणसमेत नहुँदा यो विश्वकपमा मात्र १३ टिम सहभागी भए।


■ हाइटीको तयारी



आइतबार बिहान हुने स्कटल्यान्डसँगको खेलअघि अभ्यास गर्दै हाइटीका खेलाडी। समूह 'सी'मा दुवै टोली पहिलो जितको खोजीमा छन्। तस्बिर : एजेन्सी


प्लेयर्स टु वाच

■ काई हाभार्ट (जर्मनी)



च्याम्पियन्स लिग फाइनलमा गोल गरेका आर्सनलका फरवार्ड काई हाभार्टले जर्मनको अग्रपंक्ति सम्हाल्नेछन्। २७ वर्षीय ह्याभर्ट्जले राष्ट्रिय टोलीमा कुल २२ गोल गरेका छन्। हाभार्टकै महत्त्वपूर्ण प्रदर्शनमा आर्सनलले दुई महत्त्वपूर्ण फाइनल खेल्यो। दुई दशकपछि इंग्लिस प्रिमियर लिगको उपाधि जितेको थियो। यद्यपि, च्याम्पियन्स लिगको फाइनलमा भने पेरिस सेन्ट जर्मेनसँग चुक्नुपुग्यो। हाभार्टले सन् २०१८ देखि जर्मनीको टिमबाट खेल्दै ५० भन्दा माथि खेल खेलिसकेका छन्।

■ लियान्ड्रो बाकुना (कुराकाओ)



एस्टन भिल्लाका पूर्वमिडफिल्डर लियान्ड्रो बाकुनाले टोलीको कप्तानी जिम्मेवारी सम्हाल्दै छन्। ३४ वर्षीय लियान्ड्रोलाई उनका भाइ जुनिन्हो बाकुनाले मिडफिल्डमा साथ दिनेछन्। बाकुनासँग राइट ब्याकमा खेल्न सक्ने क्षमतासमेत छ। उनले प्रिमियर लिगमा एस्टन भिल्लासँगै कार्डिफ सिटी र वाट्फोर्डबाट खेल्दै राम्रो अनुभव बटुलेका छन्। सन् २०१६ देखि कुराकाओका लागि खेल्दै आएका बाकुनाले ७२ खेलमा १६ गोल गरेका छन्। जर्मनीसँग पनि टिमले उनीबाट धेरै ठुलो आशा गरेको छ।

इंग्ल्यान्ड टिमको सामान चोरी

कन्सास पुलिसले घटनासँग जोडिएका दुईजनालाई नियन्त्रणमा लिएको छ

एजेन्सी

फिफा विश्वकप २०२६ खेल्न तयार भएको इंग्ल्यान्ड टिमको सामान चोरी भएको छ। घटना शुक्रबारको हो। विश्वकपअघि टिमले फ्लोरिडामा तयारी गरेको थियो। टिम कन्सास सहरको स्वोप सकर भिलेजमा जाने तयारीमा थियो। टिम कन्सास सहरमा पुग्नेबित्तिकै सामान चोरी भएको हो।

ब्रिटिस मिडियाका अनुसार खेलाडीको सामानमा बुट र फुटबल रहेको पाइएको छ। सामान बसबाटै चोरी भएको आशंका गरिएको छ। कन्सास पुलिसले यस घटनासँग जोडिएका दुईजनालाई नियन्त्रणमा लिएको छ। उनीहरूसँग सोधपुछ चलिरहेको बताएको छ। कन्सास पुलिसले पनि सामान गाडीबाटै चोरी भएको सुरुवाती आशंका गरेको छ।

स्वोप सकर भिलेज कन्सास सिटीको एक चर्चित र अत्याधुनिक फुटबल ट्रेनिङ सेन्टर हो। इंग्ल्यान्डले आफ्नो क्याम्प यही पाएको छ र टोलीको प्रशिक्षणसमेत यहीं हुनेछ।

विश्वकपमा इंग्ल्यान्ड समूह एलमा रहेको छ। इंग्ल्यान्डले यस समूहमा क्रोएसिया, घाना र पानामासँग खेल्नेछ। इंग्ल्यान्डको पहिलो खेल १८ जुनमा क्रोएसियासँग खेल्दै सुरु गर्नेछ।



अभ्यास स्थलनजिकै गोलीकाण्ड

इंग्ल्यान्ड टोली अमेरिकामा रहँदा टिमसँग यो दोस्रो घटना घटेको हो। यसअघि टिम बसेको स्वोप सकर भिलेजनजिकै गोलीकाण्ड भएको थियो। तर, त्यो ४ माइल टाढा रहेको बताइएको थियो। जसका कारण टिममा कुनै त्यस्तो समस्या भने भएन। तर, घटनास्थलमा नौजना घाइते भएका थिए।

■ ९ खेलाडी डेब्यु गर्दै

प्रशिक्षक थोमस टुचेलले इंग्ल्यान्डको टिममा चर्चित खेलाडी बाहिर राख्दै यसपटक नौजना खेलाडीलाई डेब्यु गराउने योजना बनाएका छन्। उनले २६ सदस्यीय टिममा अधिकांश युवा खेलाडी समावेश गरेका छन्। उनले कोल पाल्मर, ह्यारी म्गवायर, फिल फोडेनजस्ता खेलाडी बाहिर राखेका छन्। ह्यारी केनको कप्तानीमा इलिएट एन्डरसन र मोर्गन रोजर्सजस्ता खेलाडी समेत सामेल रहेका छन्।

■ ट्रफी नै हराएको त्यो घटना

फिफा विश्वकप इतिहासमा ट्रफी नै हराएको घटनासमेत छन्। दुईपटक विश्वकपको ट्रफी हराएको थियो। पहिलो पटक सन् १९६६ मा इंग्ल्यान्डमै ट्रफी हराएको थियो। २० मार्चको घटना हो, वेस्ट मिन्स्टरस्थित मेथोडिस्ट सेन्ट्रल हलबाट ट्रफी हरायो। जुन ट्रफी पछि फोनबुथमा भेटिएको थियो।

दोस्रोपटक १९७० मा ब्राजिलले तेस्रोपटक उपाधि जित्यो। तेस्रोपटक विश्वकप जितेपछि ब्राजिललाई त्यो ट्रफी सधैंलाई दिइयो। ट्रफी ब्राजिलको सहर रियो डि जेनेरियोको मुख्यालयमा राखिएको थियो। तर, सन् १९८३ मा मुख्यालयभित्रैबाट ट्रफी हरायो। यसपछि विश्वकपको मुख्य ट्रफी कहिल्यै भेटिएन।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com